# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

शुक्रबार, माघ १९, २०७४ | Friday, February 2, 2018 | www.newsofnepal.com | नेसं ११३८ शिल्लागा २ | वर्ष २४, अंक २३ | पृष्ठ १२ | मूल्य रू १०/–


# संघीय नेपालको पहिलो बैठक शुरू



रोशन पराजुली, हेटौंडा

लामो प्रतीक्षापछि संघीय नेपालमा पहिलो पटक प्रदेश नम्बर ३ को बैठक बिहीबारबाट शुरू भएको छ। नेपाली जनताको लामो समयदेखिको चाहना पूरा हुने संकेतहरू देखापरेका छन्।

स्थायित्व र सुशासनका लागि सबै एक हुनुपर्ने आवश्यकता औंल्याउँदै संघीय संरचनाको पहिलो प्रदेशसभा बैठकमा सहभागी सांसदहरू उत्साहित देखिएका थिए।

देशकै ध्यान खिचेको प्रदेश नम्बर ३ को पहिलो बैठक ऐतिहासिक दिनका रूपमा रह्यो। संघीयता कार्यान्वयनसँगै पहिलो संसद् बैठकमा सहभागी प्रदेश सांसद्हरूले आ-आफ्ना धारणा राखेका थिए।

प्रदेश नम्बर-३ को दोस्रो बैठक माघ २७ गते शनिबार दिउँसो ३ बजे बस्ने गरी स्थगित भएको छ। बैठकका ज्येष्ठ सदस्य डोरमणि पौडेलको अध्यक्षतामा बसेको बैठकले प्रदेशसभाको कार्यसञ्चालन कार्यविधि, २०७४ बमोजिम सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न ४ जना सांसदको चयनसहित २७ गते सभामुख चयनको मिति तय गरेको छ।

उक्त दिन बिहान १० बजेदेखि ११:३० सम्म सभामुखको प्रस्ताव दर्ता, १ बजे नामावली प्रकाशन र ३ बजे प्रस्ताव प्रस्तुत, समर्थन र दर्ता भएका प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिने प्रदेशसभा सचिव डा. रोजनाथ पाण्डेले बताउनुभयो। सभामुख निर्वाचनको भोलिपल्ट उपसभामुख चयन हुने ज्येष्ठ सदस्यका हैसियतले सभामुखको भूमिका निर्वाह गरिरहनुभएका पौडेलले जानकारी दिनुभयो।

### ३ नं प्रदेशसभा बैठक

**१ सय १० जना सांसद बस्न रातो रंगको स्टिल सिटिङ कुर्सी भाडामा ल्याइएको छ। नयाँ कुर्सी बनाउन समय अभाव भएपछि पार्टी प्यालेसबाट भाडामा ल्याइएको हो। आगामी बैठकमा तयार हुने गरी काठमाडौंमा काठको कुर्सी बनाउन अर्डर गरिएको छ।**

प्रदेशसभा कार्य सञ्चालन गर्न, बैठकको सुव्यवस्था कायम राख्न र अन्य कार्य नियमित गर्न तत्सम्बन्धी नियमावली निर्माण नभएसम्मका लागि नेपालको संविधानको धारा १९४ बमोजिम दलहरूका प्रतिनिधिको सहभागितामा अन्तरिम कार्यविधि पारित भएको छ।

प्रदेश नम्बर-३ को प्रदेशसभा कार्य सञ्चालन अन्तरिम कार्यविधि, २०७४ बमोजिम सभामुखको अनुपस्थितिमा बैठक सञ्चालनका लागि रामेश्वर फुँयाल, धनश्याम दाहाल, गीता वाग्ले र शोभा शाक्य रहेको समिति बनेको छ।

बैठकको पहिलो लाइनमा भएका प्रदेशसभा सांसद्हरूले मात्र कार्यविधि पारित हुँदा बेन्चमा ढ्यापढ्याप गर्न पाए। किनकि, अन्य सांसद्का कुर्सीअगाडि बेन्चको व्यवस्था गरिएको थिएन।

सभामुख पौडेलले प्रदेश प्रमुख अनुराधा कोइरालाबाट प्राप्त अधिवेशन आह्वानसम्बन्धी माघ ११ गतेको पत्र पढेर सुनाएपछि ऐतिहासिक पहिलो अधिवेशन प्रारम्भ भएको थियो।

बैठकमा नेकपा एमालेकी अष्टलक्ष्मी शाक्यले आफूहरूले गौरवबोध गरेको भन्दै संघीयताले निर्दिष्ट गरेअनुसार दिगो विकास, सामाजिक न्यायसहितको समाज निर्माण तथा सामाजिक रूपान्तरणमा अगाडि बढ्नुपर्ने बताउनुभयो।

नेकपा माओवादी केन्द्रका शालिकराम जमरकट्टेलले नेपाली समाजको अभिव्यक्तिअनुसार राज्यसत्ता नभएकाले देशमा सुशासन नभएको बताउनुभयो।

नेपाली कांग्रेसका इन्द्रबहादुर बानियाँले प्रदेशको राजधानी हेटौंडाबाट अन्यत्र लैजानेबारे नसोच्न आग्रह गर्नुभयो।

विवेकशील साझा पार्टीका रमेश पौडेलले करिब ७० वर्षदखिको राजनीतिक एजेन्डा पूरा भएको भन्दै नेपालमा जुनढंगले विकास र समृद्धि हुनुपर्ने हो, त्यो नभएको गुनासो गर्नुभयो। उहाँले अब देखाउने 'साझा शत्रु' नभएकाले लोकतन्त्रको यो अभ्यासलाई सफल बनाउनुपर्नेमा जोड दिनुभयो।

नेपाल मजदुर किसान पार्टीका सुरेन्द्रराज गोसाईंले विकेन्द्रीकरणको वास्तविक अभ्यास र सन्तुलनको खाँचो औंल्याउनुभयो। 'कसैको अहंकारका कारण समग्र प्रगति अवरुद्ध हुनुहुँदैन।' -उहाँले संविधान बारम्बार संशोधन हुनु लाजमर्दो कुरा भएको टिप्पणी गर्नुभयो।

नयाँ शक्ति नेपालका प्रेमबहादुर तामाङले प्रदेशका जनताले ठूलो समस्या भोगिरहेको बताउनुभयो। उहाँले भूकम्पपीडितको समस्या समाधान नभएको र उनीहरू हालसम्म टहरामै बसिरहेकोमा दु:ख व्यक्त गर्नुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# सम्बन्ध सुधार्न स्वराज काठमाडौंमा

नेपाल समाचारपत्र

काठमाडौं



विगतमा चिसिएको सम्बन्ध सुधार्न र अब गठन हुने सरकारसँग नयाँ ढंगले सम्बन्ध अघि बढाउने उद्देश्यका साथ भारतीय विदेश मन्त्री सुष्मा स्वराज काठमाडौं आइपुग्नुभएको छ।

एमाले-माओवादी नेतृत्वमा नयाँ सरकार गर्ने निधो भएपछिको अवस्थालाई भारतले सकारात्मक रूपमा लिएको सन्देश दिने मुख्य उद्देश्यका उहाँ नेपाल आउनुभएको हो। बिहीबार अपराह्न काठमाडौं आएलगत्तै स्वराज राजनीतिक भेटवार्तामा व्यस्त बन्नुभएको छ। भावी प्रधानमन्त्रीका रूपमा चर्चामा रहनुभएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र स्वराजबीच 'वान टु वान' वार्ता भएको छ।

त्यसैगरी भारतीय टोलीसँग अध्यक्ष ओलीसहित एमाले नेताहरू ईश्वर पोखरेल, विष्णु पौडेल, राजन भट्टराई, प्रदीप ज्ञवाली, विष्णु रिमाललगायतका नेताले सामूहिक भेटवार्ता गरेको छ। ओलीसँगको भेटवार्ताका क्रममा स्वराजले हालै सम्पन्न प्रदेश र केन्द्रको निर्वाचनमा एमालले पाएको सफलताको प्रसंग जोड्दै भावी प्रधानमन्त्रीका रूपमा बधाई दिनुभएको छ। सो बधाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फको समेत भएको स्वराजले प्रस्टयाउनुभएको थियो।

यसअघि पनि मोदीले ओलीलाई टेलिफोन गरेर बधाई दिँदै नयाँ सरकारसँग आफू सहकार्य गर्न तयार रहेको बताइसक्नुभएको छ।

(क्रमश: पृष्ठ ९ मा)

### एकता संयोजन समितिको बैठक

# पार्टी एकतामा कसरत नपुगेको ठहर

पुष्कर बुढाथोकी, भक्तपुर

नेकपा एमाले र माओवादी केन्द्रका अध्यक्षसहितको एकता संयोजन समितिको बैठकले कार्यदलले तयार पारेको प्रतिवेदन अनुमोदन गरेको छ। बैठकपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै एमाले उपाध्यक्ष वामदेव गौतमले कार्यदलले पेस गरेको प्रतिवेदनलाई बैठकले पारित गरेको जानकारी दिनुभयो।

एमाले अध्यक्ष केपी शर्मा ओली निवास बालकोटमा बसेको बैठकमा भारतीय विदेशमन्त्री सुष्मा स्वराजको दुईदिने नेपाल भ्रमणबारे पनि संक्षिप्तमा छलफल भएको बैठकमा सहभागी एमाले उपाध्यक्ष गौतमले बताउनुभयो।

दुई पार्टीले प्रदेशसभाका लागि ७०/३० को आधारमा शक्ति बाँडफाँड गर्ने र जसमा ४ वटा प्रदशेमा एमालेका मुख्यमन्त्री र सभामुख तथा दुईवटा प्रदेशमा माओवादीका मुख्यमन्त्री र सभामुख रहने गरी कार्यदलले गरेको निर्णयलाई बैठकले अनुमोदन गरेको हो।

उपाध्यक्ष गौतमले भारतीय विदेशमन्त्री सुष्मा स्वराजको भ्रमणले दुई देशका सरकार र जनताबीचको सम्बन्धमा सुधार आउने र नयाँ सन्दर्भ शुरू हुने बताउनुभयो। बैठकमा दुई पार्टीका अध्यक्षले एकताबारे भएका प्रगतिको ब्रिफिङ गर्नुभएको छ।

बैठकले राष्ट्रियसभा निर्वाचन सन्दर्भमा र प्रदेश सरकार गठनबारे बनेको कार्यदलले दिएको सुझावलाई अनुमोदन गरेको माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठले बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# 'डी' ग्रेड ल्याउनेले कक्षा ९ पढ्न नपाउने

ईश्वरराज ढकाल, काठमाडौं

कक्षा ८ को परीक्षामा 'डी' ल्याएका विद्यार्थीले कक्षा ९ मा भर्ना हुन नपाउने भएका छन्। शिक्षा मन्त्रालयमा बुधबार बसेको बैठकले यस्तो निर्णय गरेको हो।

यो वर्षदेखि कक्षा ८ को परीक्षाफल लेटर ग्रेडिङ प्रणालीअनुसार गर्ने तयारी स्थानीय तहले गरेको छ। स्थानीय तहले पहिलोपटक कक्षा ८ वार्षिक परीक्षा सञ्चालन गर्ने निर्णय गरेसँगै शिक्षा मन्त्रालयले यस्तो निर्णय गरेको हो।

ग्रेडिङ परीक्षा प्रणालीअनुसार आफूलाई चित्त नबुझेको विषयमा पुन: परीक्षा दिन पाउने व्यवस्था भएको अवस्थामा मन्त्रालयले भने 'डी' ल्याउने विद्यार्थीलाई कक्षा ९ मा जाने ढोका बन्द हुने भएको छ।

पाठ्यक्रम विकास केन्द्रले ग्रेडिङसम्बन्धी प्रस्ताव मन्त्रालयमा पेस गरेको थियो। लगत्तै मन्त्रालयमा बसेको बैठकले ८ कक्षामा आठवटै विषयमा अनिवार्यरूपमा 'डी प्लस' ल्याएपछि मात्रै ९ कक्षा पढ्न पाउने व्यवस्था गरेको हो। मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले 'डी प्लस'सम्म ल्याउने विद्यार्थीले मात्रै कक्षा ९ मा अध्ययन गर्न पाउने व्यवस्था भएको जानकारी दिनुभयो।

'डी प्लस' भनेको ३० देखि ४० प्रतिशत अंक भार हो। यो वर्ष कक्षा ८ को लागि निर्णय भएको छ। पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक कृष्णप्रसाद काप्रीले कक्षा ९ मा अध्ययन गर्न चाहने विद्यार्थीले कक्षा ८ को अन्तिम परीक्षामा 'डी प्लस' ल्याउनै पर्ने जानकारी दिनुभयो।

सबै अनिवार्य विषयमा 'डी प्लस' ल्याउने निर्णय भएको जानकारी दिनुभयो। उहाँले 'डी प्लस' नल्याएका विषयमा ग्रेड वृद्धि परीक्षा दिन पाउने व्यवस्था गर्न लागिएको जानकारी दिँदै भन्नुयो- 'निर्णय भइसकेको छ, शिक्षा मन्त्रालयले अब स्थानीय निकायलाई निर्देशन दिनेछ।'

स्थानीय निकायले कार्यविधि बनाएर कार्यान्वयन गर्ने भएको छ। स्थानीय तह काठमाडौं महानगरपालिका शिक्षा विभाग प्रमुख प्रल्हाद अर्यालले अब कार्यविधि बनाएर निर्णय गरिने जानकारी दिनुभयो।

उहाँले मन्त्रालयले निर्णय गरेको सुनको र निर्देशन आएपछि कार्यान्वयन गर्ने बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# संसद् भवनको तयारी पूरा

गंगा बराल, काठमाडौं



संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा)को बैठक सञ्चालनका लागि तयारी पूरा भएको छ। भौतिक पूर्वाधार, आन्तरिक व्यवस्थापनसहित समग्र पक्षको तयारी सकिएको संसद् सचिवालयले जनाएको छ।

सचिवालयका प्रशासन महाशाखा प्रमुख एवम् सह-सचिव सुरजकुमार दुराले बैठकका लागि माइक व्यवस्थापनबाहेक सबै पक्षको तयारी सकिएको जानकारी दिनुभयो। संसद् सचिवालयको आन्तरिक सेवा तथा योजना शाखाका उपसचिव हरिहर पोखेलका अनुसार बैठक भवन व्यवस्थापनका लागि पाँचवटा टेन्डर भएका थिए।

माइक जडान र अडियो भिडियो रेकर्डिङ, राष्ट्रियसभाको मञ्च निर्माण र व्यवस्थापन, दुवै सभाका लागि कार्पेट बिछ्याउने, पोलिसिङ गर्ने र कुर्सी मिलाउने तथा राष्ट्रिय सभाका लागि शौचालय निर्माणका लागि टेन्डर खुलाइएको थियो। कुर्सीसँगै पर्दा र कार्पेटको रङ पनि एकै खालको रहेको छ।

प्रतिनिधिसभाभित्र सबै सांसदलाई टेबल सुविधा भने दिइएको छैन। कुनै विधेयक पास गर्नुपरे केही सांसदले टेबल ठोक्नेछन् भने बाँकीले थपडी बजाउनुपर्ने अवस्था देखिएको छ।

दुराले प्रतिनिधिसभाका सदस्यका लागि आकाशे निलो र राष्ट्रियसभाका सदस्यका लागि रातो कभर भएका कुर्सी रहने जानकारी दिनुभयो। प्रतिनिधिसभाको बैठक पहिलेकै सगरमाथा हलमा र राष्ट्रियसभाको बैठक नुत्से हलमा बस्नेछ। दुवै बैठक सँगै बस्नुपरेमा प्रतिनिधिसभाकै हलमा बस्ने व्यवस्था मिलाइएको छ।

**वार्षिक १५ करोड रूपियाँ तिर्ने गरी संसद् भवन भाडामा लिइएको छ।**

प्रतिनिधिसभाभित्र रहेका पहेंलो कुर्सीमा भने संवैधानिक आयोगका प्रमुखलाई छुट्याइएको छ। दुवै संसद् हलभित्र सांसदहरू एउटै गेटबाट प्रवेश गर्नेछन् भने उनीहरू बीचबाट अलग-अलगतिर लाग्नेछन्। गत संविधानसभाको जस्तै प्रतिनिधिसभाका सांसदहरूले संसद् हलभित्र दुईवटा गेटबाट प्रवेश गर्न पाउनेछन्। राष्ट्रियसभाका लागि दर्शक जाने र पत्रकार प्रवेश गर्ने एउटै बाटो तय गरिएको छ। प्रतिनिधिसभाका लागि पत्रकार कक्ष पुरानै रहने भएको छ।

राष्ट्रियसभामा पछाडि सिसाले छेकेर सांसद र पत्रकारलाई छुट्याइएको छ। प्रतिनिधिसभाभित्रै पनि पत्रकारका लागि एउटा कुनामा प्रवेश दिने तयारी संसद् सचिवालयको छ तर के गर्ने भन्ने टुंगो नलागेको सचिवालयले जनाएको छ। 'पत्रकारलाई नै भित्र प्रवेश गर्न दिने कि नदिने भन्ने बारेमा छलफल चल्दै छ तर सभामुखले के भन्नुहुन्छ त्यसपछि मात्र निर्णय हुन्छ।' -दुराले भन्नुभयो।

बीचमा अस्थायी प्रकृतिले छुट्याइन्छ, राष्ट्रियसभाको पनि बैठक हुँदा खोलिन्छ नभए छेकबार हुन्छ। यसअघिका संविधानसभाका दुईओटा बैठकमा ४ सयवटा मात्र कुर्सी अट्ने क्षमता भएको हलमा साँघुरो हुने गरी ६ सय १ भन्दा केही बढी कुर्सी राखिएको थियो। विगतमा पत्रकारलाई बेग्लै सूचना कक्ष छुट्याइएको थियो। संसद् बैठक कक्ष माथि पनि पत्रकारलाई समाचार संकलन गर्नका लागि ठाउँ उपलब्ध गराइएको थियो।

(क्रमश: पृष्ठ ९ मा)

# महानगर

२०१६ मा बंगलादेशमा भएको यु-१९ विश्वकपमा सन्दीपले कुल १४ विकेट लिएर प्रतियोगितामा सर्वाधिक विकेट लिनेमा दोस्रो बलर बनेका थिए। उनले समूह चरणमा आयरल्यान्डविरुद्ध ह्याट्रिकसहित ५ विकेट लिन २७ रन मात्रै खर्चेका थिए।



## आईपीएल पुगेका सन्दीपमाथि थप चुनौती

फिरोज राजोपाध्याय

गएको एक साता नेपाली खेलकुदका लागि सुखद क्षण बन्यो। तीन-तीन जना खेलाडीले नेपालबाहिर खेल्ने मौका पाएका छन्। तीनै जना संजोगवश छिमेकी राष्ट्र भारतमा गएर खेल्ने अवसर जुटेको हो। ती हुन् फुटबलका किरण चेम्जोङ र विमल घर्तीमगर तथा क्रिकेटका सन्दीप लामिछाने। यसमध्ये नेपालका नम्बर एक गोलकिपर किरण र स्ट्राइकर विमलका लागि विदेशी क्लबबाट खेल्ने नौलो होइन। तर, सन्दीपका लागि भने विदेशी क्लबबाट खेल्ने पहिलो अनुभव हुनेछ।

सन्दीपको सन्दर्भमा भन्ने हो भने उनले क्रिकेटमा कसैले नपाएको अवसर पाएका छन्। उनी विश्वमै चर्चित र लोकप्रिय बनेको इन्डियन प्रिमियर लिग (आईपीएल) मा खेल्ने सुनौला अवसर पाएका पहिलो नेपाली खेलाडी हुन्। यस हिसाबमा क्रिकेटका सबैभन्दा भाग्यमानी खेलाडी भने पनि हुन्छ। अप्रिल ७ देखि शुरु हुने आईपीएलमा नेपाली लेग स्पिनरले दिल्ली डेयरडेभिल्सबाट खेल्नेछन्।

आईपीएलको ११औं संस्करणअन्तर्गत खेलाडी अक्सनमा सन्दीपलाई नेपाली ३२ लाखमा (२० लाख भारु) दिल्ली डेयरडेभिल्सले किनेको छ। १७ वर्षीय सन्दीप टोलीको २५ खेलाडीमध्ये एक सदस्य बनेका छन्। उनले त्यहाँ अस्ट्रेलियाका ब्याटस्म्यान ग्लेन म्याक्सवेल, भारतीय ओपनर गौतम गम्भीर र न्युजिल्यान्डका बलर ट्रेन्ट बउल्टसँग खेल्ने अवसर जुटेको छ। तर, आईपीएल शुरु भएपछि उनका लागि चुनौती भने थपिनेछ।

यो त आईपीएलमा पुग्ने बाटो सन्दीपले तय मात्रै गरेका छन्। यदि उनले आईपीएलमा राम्रो प्रदर्शन गरेमा अन्य नेपाली खेलाडीका लागि पनि आईपीएलमा ढोका खुल्नेछ। यसैले सन्दीप आईपीएलमा पुगेको भन्दा पनि त्यहाँ उनले गर्ने प्रदर्शनमै उनको र नेपाली खेलाडीको भविष्य निर्भर गर्नेछ। यसमा कुनै शंका छैन कि सन्दीपको बलिङ निखारिइरहेको स्थिति छ। अहिले उनी विश्व क्रिकेट लिग डिभिजन-२ को तयारीमा छन् र संयुक्त अरब इमिरेटस्मा व्यस्त छन्।

सन्दीपलाई दिल्ली डेयरडेभिल्समा लिने पहिल्यै तय भइसकेको थियो। टोलीले सन्दीपको ट्रायल गरेको भिडियो कोच रिकी पोन्टिङलाई पठाएको थियो। त्यो पनि आईपीएल अक्सन हुन केही दिन अगाडि पठाएको थियो। पोन्टिङ सन्दीपको बलिङबाट प्रभावित भएपछि उनलाई बेस प्राइसमै अनुबन्धन गरिएको हो। दिल्ली डेयरडेभिल्सका सीईओ हेमन्त दुआले भारतीय सञ्चारमाध्यमलाई यस्तो भन्नु पनि यो कुराको पुष्टि हुन्छ। उनले भनेका थिए- 'हामीले आईसीसी एसोसिएट टिमलाई हेरिरहेका छौं। हामीले यु-१९ विश्वकप २०१६ मा उनलाई देख्यौं। त्यसपछि उनी अस्ट्रेलिया गए। हामीले अझै उनलाई पछ्याइरहेका थियौं। उनलाई अक्सन हुनुअघि ट्रायलका लागि बोलायौं।'

दुआले थपे- 'उनी १७ वर्षका हुन्। उनले साँच्चिकै राम्रो बलिङ गर्छन्। त्यसैले हामीले उनलाई ट्रायलको व्यवस्था गर्‍यौं। उनले नेटमा बलिङ गरेको भिडियो टिमसँग शेयर पनि गर्‍यौं। पोन्टिङले उनको बलिङ हेरेपछि लिन स्वीकार गरेका थिए।'

त्यसो त माइकल क्लार्कले २०१६ मा अस्ट्रेलियामा लगेपछि नै सन्दीप लाइमलाइटमा आएका हुन्। सन्दीपले त्यहाँ माइकल क्लार्क एकेडेमीमा प्रशिक्षण लिने र खेल्ने मौका पाएका थिए। क्लार्कपछि अब उनले अर्का अस्ट्रेलियन खेलाडी पोन्टिङबाट प्रशिक्षण लिनेछन्। अर्को सेन वार्नको प्रशंसक पनि भएकाले उनको बलिङ शैली केही हदसम्म वार्नकै जस्तो पनि छ। उनले प्रुफ गरेर देखाइसकेका छन्। यसैले पनि उनी छिटै सिनियर टोलीमा सहभागी भएका हुन्। उनले लिस्ट ए मा विश्व क्रिकेट लिग च्याम्पियनसिपअन्तर्गत नामिबियाविरुद्ध २०१६ अप्रिलमा त्रिवि मैदानमा डेब्यु गरेका थिए। उनले पहिलो खेलमा २ विकेट मात्रै लिएका थिए।

सिनियर टोलीबाट खेलेर सन्दीपले लिस्ट ए मा कुल १२ विकेट लिएका छन्। गत अक्टोबरमा विश्व क्रिकेट लिग च्याम्पियनसिपअन्तर्गत हङकङविरुद्ध ४८ रन दिएर ३ विकेट लिएका थिए। यो लिस्ट ए मा उनको सबैभन्दा सर्वश्रेष्ठ प्रदर्शन पनि हो। यस्तै २०१६ मा बंगलादेशमा भएको यु-१९ विश्वकपमा सन्दीपले कुल १४ विकेट लिएर प्रतियोगितामा सर्वाधिक विकेट लिनेमा दोस्रो बलर बनेका थिए। उनले समूह चरणमा आयरल्यान्डविरुद्ध ह्याट्रिकसहित ५ विकेट लिन २७ रन मात्रै खर्चेका थिए। यो खेल नेपालले जितेर क्वार्टरफाइनलमा पुगेको थियो। उनी सो उमेर समूहको विश्वकपमा ह्याट्रिक गर्ने पाँचौं खेलाडी पनि थिए। यो प्रदर्शनमा अस्ट्रेलियन लेग स्पिनर वार्नले उनलाई प्रशंसा पनि गरेका थिए। सायद यसपछि नै उनी वार्नको प्रशंसक बनेका होलान्।

### सन्दीपलाई दबाब

सन्दीप आईपीएलमा पुग्नु खुसीको कुरा पक्का हो। यो नेपाली खेलाडीलाई अवसर पनि हो। गत संस्करणमा अफगानिस्तानका रसिद खान र मोहम्मद नाबीलाई पनि आईपीएलमा मौका दिइएको थियो। उनीहरूले राम्रो खेलेपछि यसपटक उनीहरू अक्सनमा करोडौं रुपियाँमा बिक्री भए। रसिदलाई ९ करोड र नाबीलाई १ करोड भारुमा सनराइजर्स हैदरावादले किन्यो। यसका साथै १६ वर्षीय अफगान स्पिनर मुजिब जरदानलाई किंग्स इलेभेन पन्जाबले ४ करोड भारुमा किन्यो। यस हिसाबमा यूएईका चिराग सुरी भने भाग्यशाली बनेनन्। गत आईपीएलमा गुजरात लायन्सले उनलाई किन्न त किन्यो तर खेलाएन र यस पटकको अक्सनमा यी २१ वर्षीय युवा खेलाडीको कतै नामै रहेन।

यसैले पनि सन्दीपका लागि चुनौती धेरै छ। उनलाई लाखबाट करोडौंमा पुर्‍याउनुपर्ने ठूलो दबाब पनि छ। उनले मौका कति पाउँछ त्यो पनि आईपीएल शुरु भएपछि मात्रै थाहा हुनेछ। टोलीमा धुरन्धर बलरहरू मोहम्मद सामी, कागिगो रबाडा जस्ता खेलाडी छन्। यदि उनको जादु त्यहाँ पनि चलेमा भविष्यमा नेपाली खेलाडीले आईपीएलमा मौका पाउनेमा कुनै शंका छैन। किनभने नेपाली खेलाडीमा दीपेन्द्रसिंह ऐरी, दिलीप नाथ जस्ता नयाँ खेलाडीदेखि लिएर पारस खड्का, ज्ञानेन्द्र मल्ल जस्ता पुराना खेलाडीको प्रदर्शनमा कुनै कमी आएको छैन। उनीहरू आईपीएलका लागि डिजर्ब गर्छन्। एसोसिएट क्रिकेट राष्ट्रका खेलाडीमा हेर्ने हो भने पनि मल्ल र खड्का सबैभन्दा उत्कृष्ट खेलाडी हुन्। सन्दीपले राम्रो गरेमा जरदान जस्तै उनीमाथि अर्को वर्ष हुने आईपीएल अक्सनमा करोड नाघ्ने पक्का छ।

## एघारौं आईपीएल

# अक्सनका रोचक कुरा

कविरस शर्मा
kabirash2006@gmail.com

इन्डियन प्रिमियर लिग (आईपीएल) को ११औं सिजनका लागि भएको दुईदिने अक्सन आइतबार सकियो। जसमा कुल १ सय ६९ खेलाडी खरिद भएको थियो। जहाँ एकातिर नाम चलेका र क्रिकेटका चिरपरिचित अनुहारको मोलमोलाइमा अनपेक्षित गिरावट आउँदा अर्कोतिर लाखौंको हाराहारीमा मात्र सीमित रहेर बिक्ने अनुमान गरिएका खेलाडीमाथि एकैपटक करोडौं खर्चियो। यसपटकको अक्सनमा इंग्ल्यान्डका क्रिकेटर बेन स्टोक्सलाई सबैभन्दा बढी मूल्य खर्चिएको छ। उनलाई राजस्थान रोयल्सले १२ करोड ५ लाख भारतीय रुपियाँमा अनुबन्ध गरेको हो।

भर्खरै सम्पन्न आईपीएलको अक्सनमा परेका खेलाडीमध्ये इंग्लिस अलराउन्डर २६ वर्षीय बेन स्टोक्स सबैभन्दा महँगा खेलाडी बने पनि अघिल्लो सिजनमा भन्दा यसपटक उनको भाउ घटेको हो। अघिल्लो सिजन उनलाई राइजिङ पुणे सुपर जाएन्टले १४.५ करोड रुपियाँमा किनेको थियो। आईपीएल-१० मा उनले ३ सय १६ रन बनाउँदै १२ विकेट पनि लिएका थिए। यसपटक भने उनको न्यूनतम मूल्य २ करोड रुपियाँ तोकिएको थियो।

स्टोक्सलाई इंग्ल्यान्ड र वेल्स क्रिकेट बोर्ड (ईसीबी) को तर्फबाट आईपीएलको ११औं सिजनमा खेल्ने अनुमति मिलेको थियो। अघिल्लो वर्षको सेप्टेम्बरमा भएको ब्रिस्टल विवादमा मुछिएका कारण उनी गिरफ्तार भएका थिए।

स्टोक्सले यसबारेमा अझै पनि प्रहरीको अन्तिम प्रतिवेदनको प्रतीक्षा गर्नुपरेको छ। स्टोक्स अहिले इंग्ल्यान्डको टिममा छैनन्। यस्तै अन्य दुई भारतीय ब्याटस्म्यान केएल राहुल र मनीष पाण्डे स्टोकपछि महँगो मूल्यमा बिकेका छन्। राहुललाई किंग्स-११ पन्जाबले ११ करोड रुपियाँमा तथा मनीष पाण्डेलाई पनि सनराइजर्स हैदरावादले ११ करोडमै खरिद गरेको हो।



आईपीएल अक्सन २०१८ मा सबैभन्दा महँगो मूल्यमा खरिद भएका भारतीय क्रिकेटर भने जयदेव उनादकट हुन्। गत सिजन राइजिङ पुणे सुपर जाएन्टबाट खेलेका जयदेवलाई यसपटक राजस्थान रोयल्सले ११.५ करोड भारतीय रुपियाँमा आफ्नो टिममा अनुबन्ध गरेको छ। आईपीएलको इतिहासमा कुनै पनि बलरलाई यति ठूलो रकममा खरिद गरिएको यो नै पहिलो घटनासमेत हो। बायाँहाते यी बलरले सन् २०१७ को आईपीएलमा २५ विकेट झारेका थिए।

तुलनात्मकरूपमा यसपटकको अक्सनमा पुराना तथा नाम चलेका खेलाडीको मूल्यमा अचम्मित तरिकाले गिरावट आयो। तर, अर्कोतर्फ अनुमानै नगरिएका खेलाडीमाथि भने मनग्गे रकम खर्चियो। जसको प्रारम्भिक मूल्य (बेस प्राइस) नै २० देखि ५० लाख रहेको थियो। उनीहरूमध्ये थुप्रै करोडभन्दा माथिको मूल्यमा बिक्री भएका छन्। तीमध्ये अग्रपंक्तिमा आएका एक भारतीय खेलाडीको नाम हो कृष्णप्पा गौतम।

सन् २०१७ को आईपीएल अक्सनमा मुम्बई इन्डियन्सले उनलाई २ करोड भारतीय रुपियाँमा अनुबन्धित गरेको थियो। तर, उनले उक्त सिजनभरि एउटा पनि म्याच खेल्ने अवसर पाएनन्। यसै कारणले पनि यसपटक उनलाई अक्सनको प्रारम्भिक तथा सबैभन्दा न्यूनतम मूल्य २० लाख भारु मात्र तोकिएको थियो। तर, राजस्थान रोयल्सले भने उनलाई ६.२ करोड भारतीय रुपियाँमा खरिद गर्‍यो। २९ वर्षीय गौतम कर्नाटकका खेलाडी हुन्। उनी स्पिन बलर र लोअर अर्डरका राम्रा खेलाडी हुन्। उनले अहिलेसम्म भारतको २२ वटा पहिलो श्रेणीको म्याचमा ७९ र लिस्ट ए म्याचमा १० विकेट लिएका छन्। उनले टी-२० को २७ म्याचमा समेत २० विकेट झारेका छन्। गौतमले सन् २०१२ को नोभेम्बरमा पहिलो श्रेणीको क्रिकेट म्याचमा डेब्यु गरेका हुन्। लिस्ट ए को म्याचमा भने उनले सन् २०१७ देखि मात्र खेल्न थालेका हुन्। यद्यपि टी-२० क्रिकेट भने उनले सन् २०११ देखि नै खेल्दै आएका छन्।

यसै गरी वेस्ट इन्डिजका जोफरा आर्चर भने तोकिएको न्यूनतम मूल्यभन्दा धेरै गुणा बढी रकममा बिक्री हुने गैरभारतीय खेलाडी बनेका छन्। आर्चरको प्रारम्भिक मूल्य ४० लाख भए पनि उनलाई राजस्थानले रोयल्सले ७.२ करोडमा खरिद गरेको हो। यो वर्ष आईपीएलमा २० देखि ४० लाख न्यूनतम मूल्य तोके पनि एकैपटक १ करोड रुपियाँ भारुभन्दा माथि फड्को मार्नेमा कोलकाता नाइट राईडर्समा आबद्ध कमलेश नागरकोटी, शिवम् मावी, शुभमन गिल रहेका छन्। यीबाहेक पन्जाब किंग्स इलेभेनका करुण नायर, मयन्क अग्रवाल, मुम्बई इन्डियन्सका ईशान किशन र राजस्थान रोयल्सका राहुल त्रिपाठी पनि २० लाखको न्यूनतम मूल्य रहेर पनि सोझै करोडभन्दा माथि बिक्ने अन्य नाम हुन्।

एकातिर अप्रत्याशितरूपले लाखबाट करोडमा बिक्नेको संख्या वृद्धि हुँदा अर्कोतिर खरिद मूल्यमा अनपेक्षितरूपले घटेको भाउमा बिक्री हुने क्रिकेटका चर्चित नामको सूची पनि लामो नै छ। जसमध्ये गत सिजनभन्दा अहिलेको अक्सनमा ९.७ देखि कम्तीमा ५ करोड भारु कम हुने गरी बिक्नेमा दिल्ली डेयर डेभिल्सका गौतम गम्भीर अग्रपंक्तिमा रहेका छन्। गत सिजन कोलकाता नाइट राइडर्सले १२.५ करोड भारु तिरेको गौतमलाई यसपटक दिल्ली डेयर डेभिल्सले मात्र २.८ करोडमा खरिद गरेको हो। उक्त रकम गत वर्षभन्दा ९.७ करोड कम हो। गत वर्षभन्दा यो वर्ष खरिद मूल्य घट्ने अन्य खेलाडीमा किंग्स इलेभेन पन्जाबका डेभिड मिलर, युवराज सिंह र क्रिस गेल रहेका छन्। यसै गरी सनराइजर्स हैदरावादका शिखर धवन, राजस्थान रोयल्सलका आन्जिक्य रहाणे र चेन्नई सुपर किंग्सका सेन वाट्सन पनि उक्त सूचीमा अटाएका छन्।


ISSN 1990-6781
www.newsofnepal.com
लाखौं पाठकको प्रिय पत्रिका
कामना
मूल्य रु. १००/-
CG ENTERTAINMENT
LUX KAMANA FILM AWARDS
2074
जि.का.का.द.नं. ७।०४१।०४२ म.क्षे.हु.नि.द.नं. ०५/२०६२/०६३
वर्ष ३४ २०७४ पूर्णाङ्क ३०३
कसले चुम्ला
कामना अवार्ड !
कलाकर्मीको
नजरमा
कामना अवार्ड
कलातर्फ कीर्तिमय दीर्घ योगदान
सम्मान हरिहर - शकुन्तलालाई
प्राविधिक क्षेत्रतर्फ मञ्जुकुमारलाई
ISSN 1990 - 6781

# विचार

{ कसैको गुणहरुको प्रशंसा गर्नमा आफ्नो समय नष्ट नगर, उसका गुणहरुलाई अपनाउने प्रयत्न गर।
-कार्ल मार्क्स

{ चन्द्रमामाथि कैयौं मान्छे ओर्ले, तर हामी अझै ढुक्क भएर घरको भऱ्याङ ओर्लन सक्दैनौं।
- भूपि शेरचन

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

### राजधानीमा ढल प्रशोधन सराहनीय कार्य

राजधानी उपत्यकाका घर–घरबाट निस्कने ढल प्रशोधनका लागि आधुनिक प्रशोधन केन्द्रको निर्माण कार्य अगाडि बढाइएको छ। ढल प्रशोधनका क्रममा बिजुलीसमेत निकालिने आयोजना कार्यान्वयन निर्देशनालयका प्रवक्ता लीला ढकालले बताउनुभएको छ। यो योजना सम्पन्न भइसकेपछि उपत्यकावासीको घर–घरबाट निस्केको ढल सीधै खोलामा मिसाइनेछैन। विभिन्न केन्द्रमा प्रशोधन भएपछि मात्रै शुद्ध पानी नदीमा पठाइनेछ। यस कार्यले उपत्यकाको नदीमा बहने पानी शुद्ध हुने देखिन्छ। साथै प्रशोधनका क्रममा बिजुलीसमेत उत्पादन हुने हुँदा दोहोरो फाइदा हुने देखिन्छ। त्यसैले यस कार्यको सराहना गर्नै पर्छ।

निर्देशनालयले गुह्येश्वरीस्थित प्रशोधन केन्द्रको क्षमतालाई अभिवृद्धि गरिरहेको छ। गुह्येश्वरीको हाल १ करोड ६० लाख लिटर फोहोर पानी प्रशोधन गर्न सक्ने क्षमता रहेकाले पहिलेको क्षमतालाई दोब्बर बनाएर बिजुली निकाल्न निर्देशनालय तम्सिएको समाचारमा उल्लेख छ। निर्माण सम्पन्न भइसकेपछि सो केन्द्रले ३ करोड २० लाख लिटर फोहोर पानी प्रशोधन गर्नेछ। यसै गरी भक्तपुरस्थित सल्लाघारी, ललितपुर बालकुमारीस्थित कोड्कु र धोबीघाटमा गरी नयाँ कुल ६ करोड ८० लाख लिटर फोहोर पानी प्रशोधन गर्न सक्ने क्षमताको केन्द्र निर्माण गर्ने योजना रहेको छ। गुहेश्वरी केन्द्रको पुनर्निर्माणको जिम्मा पाएको एक भारतीय कम्पनीले दुई वर्षभित्र काम सम्पन्न गर्ने र १० वर्षसम्म कम्पनीले सञ्चालन गरेर हस्तान्तरण गर्ने गरी सम्झौता भएको निर्देशनालयले जनाएको छ। गुह्येश्वरी ढल प्रशोधन केन्द्र निर्माणको काम अहिले ४० प्रतिशत सकिएको छ। गुह्येश्वरीबाट करिब २ सय ४० किलोवाट र धोबीघाटको केन्द्रबाट २ सय ४ किलोवाट बिजुली निकाल्ने जनाइएको छ। यो बिजुली प्रशोधन केन्द्रमै खर्च गरिने निर्देशनालयको योजना रहेको छ।

निर्देशनालय र समितिले हाल विभिन्न खोला र नदीका कोरिडोरमा ठूला ह्युमपाइप बिछ्याउने काम गरिरहेको छ। यो काम सकिएपछि काठमाडौंका सबैजसो ढल प्रशोधन केन्द्रसम्म पुग्ने गरी जोडिनेछ। प्रशोधन केन्द्रमा ढल पुगेपछि त्यसलाई विभिन्न चरणमा प्रशोधन गरिनेछ। यसपछि भने नागरिकहरू ढलको गन्धबाट मुक्त हुने, स्वच्छ वातावरणको प्रत्याभूति हुने, फोहोरबाट हुने रोगको दर कम हुनेलगायतका फाइदा लिन सकिने निर्देशनालयको दाबी छ। आधुनिक प्रविधिबाट प्रशोधन केन्द्रको निर्माण हुने भएकाले यसवरपर निर्धक्करूपमा गन्धरहित तवरले स्वच्छ वातावरणमा मर्निङ वाक गर्न सकिने जनाइएको छ। यस्ता कार्यबाट दोहोरो फाइदा लिन सकिने भएकाले यसको सराहना गर्नै पर्छ। आगामी दिनमा काठमाडौंमा मात्र नभएर उपत्यकाबाहिरका अन्य शहरहरूमा पनि ढल प्रशोधन कार्यको थालनी गर्नुपर्ने देखिन्छ।

## राजनीतिक व्यङ्ग्य

# मनमोहक फूलबारीमा भैंसी



मुक्तिबन्धु

> जतिसुकै इच्छा, अपेक्षा र विश्वास गरे पनि भैंसीहरु कानुनी राजको कुशल नेतृत्व गर्न जान्दैनन्। यस्तो पुर्ख्यौली इतिहास नै छैन भैंसीको। भैंसीहरु फूलबारीमा चर्न सक्छन्, फूलहरुले बारी भर्न सक्दैनन्। यो पटक-पटक प्रमाणित भएको यथार्थ हो। हामी आज फूलबारीका कुर्सीहरुमा आसीन हुन पुगेका भोका, थारा, जङ्गली भैंसीहरुबाट पीडित छौं।

यो हप्ता अन्धेरनगरीमा चौपट राजाका लीला-समाचारहरू पढे, हेरे, सुनेरै बित्यो। आइतबार बिहान घरमा आइपुगेका कतिपय पत्रिकाको मुखपृष्ठमा प्रकाशित प्रमुख समाचारमध्ये एक थियो, मुलुकका कामचलाउ प्रधानमन्त्रीका नेतृत्वमा अँध्यारोमा तमाम मर्यादा नाघेर गरिएका मनपरि निर्णय र त्यस्ता निर्णयलाई यो मेरो प्रतिबद्धता हो भनी प्रधानमन्त्रीले गरेको उद्घोष। अर्को समाचार थियो, हत्या-बलात्कारका जघन्य अपराधीहरूलाई आवश्यक छानबिन टुंगिन नभ्याउँदै अदालतले सामान्य तारेखमा छाडिदिएको घटना-कथा। त्यसपछि हप्ताभरिजस्तै यस्तै-यस्तै समाचार पढिए, सुनिए। गुहार सुन्नुपर्ने न्यायनिधानले नै ज्यान लिने धम्की दिए भन्ने समाचार पनि पढियो। कानुनको शासन छ भनिएका मुलुकमा जिम्मेवार तहबाट गरिने गैरजिम्मेवार व्यवहारहरू सुपाच्य थिएनन्, छैनन्। जनचेतना उकास्सिएका मुलुकमा भए बौद्धिक वृत्तमा र सडकमै समेत भयङ्कर प्रतिक्रिया पोखिन सक्थ्यो। गल्ती गर्नेहरू गल्ती सच्याउन बाध्य हुन्थे, दण्डित पनि हुन सक्थे। हामी नेपाली जनता मुलुकका राजनेता र शासक-प्रशासकहरूप्रति बढी नै क्षमाशील छौं। हामी विनाशकारी धमिराहरूप्रति पनि त्यत्तिकै क्षमाशील छौं। धमिरा सल्केपछि वृक्षहरू मात्र ढल्दैनन् संस्कार संस्कृतिका स्थापत्यहरू पनि ढल्छन्, ढलेका छन्। मलाई हिजोआज अन्याय अपराधका समाचारहरूको शीर्षक पढेपछि त्यसका तपसिल विवरण पढ्ने रुचि हराएको छ। संवेदनशीलता हराउँदै गएको अनुभूति हुन थालेको छ। भ्रष्टाचार, अन्याय, अत्याचार र अपराधका समाचार अब हामीकहाँ सामान्य भइसकेका छन्।

जिम्मेवार तहमा न्यायबोध, नैतिकता, मर्यादा सबै गायब रहेको आजको हाम्रो लोकतन्त्रमा अन्यायमा परेका जनसामान्यलाई अरण्यरोदनको सुविधा छ, जीवन विसर्जनको सुविधा छ। बस्तीमा वसेर रुँदा, छट्पटाउँदा थप दण्डित बन्न सकिने सम्भावनाका कारण अहिले बस्तीहरू सुनसान छन्। सडकमा आवाज छैन।

वरिष्ठ पत्रकार पुष्करलाल श्रेष्ठ युरोपको लामो भ्रमणबाट फर्कनुभएपछिको एक भेटमा उहाँले युरोपका विभिन्न मुलुकमा भए-देखिएका प्राकृतिक सौन्दर्य र त्यहाँका जनताका सोचसमझ तथा श्रमबाट प्रतिपादित विकास र मर्यादा व्यवस्थाका मनोरम सौन्दर्यको जीवन्त बखान गर्नुभएको थियो। बखानका क्रममा उहाँले त्यहाँका सुन्दर पुष्पमय बाटिकाबहुल पार्कहरूको पनि बखान गर्नुभएको थियो।

त्यति बेला मेरो मनमा बडामहाराजा पृथ्वीनारायणले आफ्नो दिव्योपदेशमा व्यक्त गर्नुभएको 'नेपाल चार वर्ण छत्तीस जातको फूलबारी हो, सबैलाई चेतना भया' भन्ने वाक्य खेल्न आइपुग्यो र सोचेँ- नेपाल प्रकृतिको पनि सुन्दर मनोरम फूलबारी हो। युरोपका ती श्रमसिर्जित फूलबारीहरूमा पनि अहिले हामीकहाँ जस्तै बथानका बथान भोका भैंसीहरू पसे र बसौँ चरिबसे भने के हुन्छ ? त्यो सौन्दर्य कायम रहन्छ ? मनमनै म आफैं प्रश्नमय बनेँ।

भैंसी र फूल यी दुईबीच सपना, कल्पना र सौन्दर्यको कुनै सम्बन्ध छैन। भैंसीले कुनै मनोरम सृजन सौन्दर्यको सपना देख्दैन। भैंसीका आँखामा फूल प्रकृतिको मृदुमुस्कानमय संक्षणीय सिर्जना होइन। 'गुलाफलाई देखेर राम्रो हे भाइ, नछुनू, लोभले हेर्‍यो मोहनी गर्‍यो जङ्गली नहुनू।' भैंसीले महाकवि देवकोटाको मुनामदन पढेको छैन। भैंसीका लागि फूल कुनै कविता काव्य होइन। सौन्दर्यबोध हुँदैन भैंसीमा, न कर्तव्यबोध नै हुन्छ। भैंसीका लागि फूल पनि घाँस हो। हाम्रा सत्तासीनहरूका लागि लोकतन्त्रजस्तै। भैंसीले घाँस देखेपछि चर्छ। घाँस ठानर सुन्दर फूलहरू चरेबापत भैंसीले पश्चात्ताप पनि गर्दैन। यो हामी सबैले जानेबुझेकै कुरा हो। हिन्दीमा एउटा उखान सुनिन्थ्यो, 'भैंस के आगे बीन बजाना'। नेपालीमा 'भैंसीलाई फूलबारी' उखान अद्यावधि चलनचल्तीमा आएको सुनिएको छैन। आधुनिक, अत्याधुनिक कविहरूले आफ्ना भाइरल कविताहरूमा फूलबारीमा भैंसी विम्ब प्रयोग गर्नुभएको पनि अद्यावधि पढ्न/सुन्न पाइएको छैन। लाग्छ, हाम्रा नवनवोन्मेषशालिनी प्रज्ञाका नयाँ हिमालयहरूले समय लिएर सिंहदरबारका अद्यतन नाट्य प्रस्तुतिहरूको अन्तर्य केलाउन र मिडियामा देखिन आइपुगेका 'मुलुकमा दावानलकृत विनाशलीला'का सूचकहरूमा घोत्लिन र भुट्भुटिन चाहनुभएको छैन। अथवा भ्याउनुभएको छैन। 'कविता संयोग र वियोगमा लेखिन्छन्/प्रेम र घृणामा लेखिन्छन्/अहङ्कार र तिरष्कारमा लेखिन्छन्/नाक् वाक् र धाकमा पनि लेखिन्छन् कविता/न्यायनिधानबाट पनि न्याय नपाएकी बलात्कृत महिलाको पीडा वेदनाले भन्छ/कविजी, हाम्रो पनि कविता हुन्छ/अनिर्वचनीय पीडा, वेदनाको पनि कविता हुन्छ/ज्यूधन स्वाहा पारेर ल्याएको लोकतन्त्रले पनि राणाकालका शमशेरसाहूले जस्तै घरबास र करङ खुस्काएर लातका लात भकुरेपछिका शोषित पीडत नेपाली जनताले भन्छन् कविजी हाम्रो पनि कविता हुन्छ/'लोकतन्त्र'का लात र आघातको पनि कविता हुन्छ/मुलुकभरिका बालबालिका मार्न उद्यत विषस्तनी पूतनाको त पुराना व्यासले पनि कविता लेखे/नयाँ व्यासले लेख्न सक्छन् भने लोकतान्त्रिक सरकार नामधारी नयाँ पूतनाका विनाशलीलाले भन्छ, कविजी, हाम्रो पनि कविता हुन्छ। भैंसी पसेर बिमाख आजको उराठ फूलबारीले भन्छ, कविजी, हाम्रो पनि कविता हुन्छ/आजका सत्तासीन बडाकाजीहरूका मनपरि निर्णय र चौतर्फी लुटमुखी क्रियाकलापबाट निरन्तर लुटिएकाहरू भन्छन्, कविजी, हाम्रो पनि कविता हुन्छ/किनभने साहित्यको पनि समकालीन कार्यभार हुन्छ/हुनुपर्छ'।

वरिष्ठ पत्रकार पुष्करलाल श्रेष्ठले युरोप यात्रामा जहाँ-जहाँ जे-जे देख्नुभयो त्यो धारावाहिकरुपमा लेखिरहनुभएको पढ्न पाइएको छ। यसबाट हामी पाठकहरूले रोचक शैलीमा महत्वपूर्ण जानकारी पाइरहेका छौं। यी जानकारीहरू नेपाली जनमनका लागि उत्पादक र उपयोगी हुन सक्छन्। म पुष्करजीलाई उहाँका ती मूल्यवान् नियात्रा लेखनका लागि सधन्यवाद बधाई भन्छु।

यहाँनिर पनि मेरा मनमा एउटा जिज्ञासा जागेको छ- पञ्चायत सकिएर बहुदलीय प्रजातन्त्र थालिएका विगत तीस वर्षदेखि नेपालका प्रधानमन्त्री, मन्त्री, सांसद, सचिवलगायत ठूलाबडाहरू 'को भन्दा को कम' शैलीमा करोडौं करोड सरकारी ढुकुटी मासेर पटक-पटक विदेश भ्रमण गरिआएका छन्। यी असङ्ख्य महँगा भ्रमणबाट नेपालले आजसम्म के पायो ? सपना, कल्पना, योजना, उत्साहन, उत्पादन के पायो ? राष्ट्रिय ढुकुटीबाट अर्बौं गुमाएर मुलुक र जनताले के पाए ? यात्राको जानकारीमूलक बयानसम्म पनि सुन्न, पढ्न पाइएका छैनन्। विभिन्न किसिमका कर असुलीद्वारा राष्ट्रिय ढुकुटीमा सङ्कलित नेपाली जनताको रगत-पसिना खर्चेर विभिन्न देशको भ्रमण विलास गरेबापत सत्तासीन नेता, उपनेता र हाकिमहरूबाट करदाता जनताले कृतज्ञताको एकाध शब्दसम्म पनि सुन्न, पढ्न पाएका छैनन्।

सत्तासीन नेता र हाकिमहरू नेपाल र नेपालीको भाग्य-भविष्य चपाउन पल्केका रंगरंगका धमिरा मात्रै हुन बनिरहेका देखिन्छन् भन्नुपर्दा हामी नेपाली जनतालाई दुःख लाग्छ ! जनताले आफ्ना शासक-प्रशासकहरूलाई संवेदनशील र दायित्वबोधयुक्त व्यक्तित्वका रुपमा देख्न, बेहोर्न चाहन्छन्।

विम्ब र प्रतिकका भाषामा भन्नुपर्दा, भैंसीहरू सत्तासीन छन् भने तिनले मुलुकका एक-एक वनबाटिका चर्छन्, उजाड पार्छन्। भैंसीले जिम्मेवारी र मर्यादा जान्दैन। नयाँ-नयाँ वनबाटिका निर्माण गर्दैन भैंसीले। भैंसीले फूलबारी चर्न सक्छ तर नयाँ-नयाँ फूल सारेर, उमारेर ढकमक्क पार्न सक्दैन। यो अनुभवसिद्ध सत्य हो। सल्किन पाए धमिराले विशाल-विशाल वृक्षहरू ढाल्न सक्छन्। नयाँ वृक्षहरू उमार्न र हुर्काउन सक्दैनन्। कतै कहीं धमिराहरूले वृक्षरोपण गरेको सुनिएको छैन। विश्वभ्रमण नै गरे पनि भैंसीहरू संवेदनशील तथा विवेकशील सृजेतामा परिणत हुन सक्दैनन्। भैंसीले भ्याए/पाएसम्म चरिदिन सक्छ तर अनुभव आदानप्रदान गर्न सक्दैन। देश र जनताका हित-भलोका लागि नयाँ/नयाँ योजना तर्जुमा गर्न सक्दैन भैंसीले। भैसीले राष्ट्रिय प्रगतिको सपना देख्दैन। भैंसीले कसैका खुट्टामा कुल्च्यो अथवा कुनै बालकलाई नै कुल्च्यो भने पनि खुट्टा हटाउन जान्दैन। टेकी नै रहन्छ।

जतिसुकै इच्छा, अपेक्षा र विश्वास गरे पनि भैंसीहरू कानुनी राजको कुशल नेतृत्व गर्न जान्दैनन्। यस्तो पुर्ख्यौली इतिहास नै छैन भैंसीको। भैंसीहरू फूलबारीमा चर्न सक्छन्, फूलहरूले बारी भर्न सक्दैनन्। यो पटक-पटक प्रमाणित भएको यथार्थ हो। हामी आज फूलबारीका कुर्सीहरूमा आसीन हुन पुगेका भोका, थारा, जङ्गली भैंसीहरूबाट पीडित छौं।

## पाठक पत्र

### मानवता हराएपछि के गर्ने ?

साँच्ची कलियुग लागेजस्तै भएको छ। यहाँ दानवहरूकै राज चलेको छ। नेपाली समाजमा सामूहिक बलात्कारजस्तो निकृष्ट घटनाको सिलसिला अझै पनि चलिरहेको छ। हरेक दिनजसो बालिकादेखि किशोरीहरू बलात्कारको चपेटामा पर्दै आएका छन्। बोली फुटेर सुखद बाल्यकाल नभोग्दै दानवको सिकार बन्नुपरेका बालिकाको विदारक घटना होस्, चाहे दरबारमार्गस्थित ल्यान्डमार्क होटलमा चारजना युवाले एक युवतीमाथि 'सामूहिक बलात्कार' गरेको घटना होस्, यस्ता घटनाले मानवीय संवेदनाको पराकाष्ठा नाघेको छ। बलात्कारमा परेकी युवतीले आफू 'बलात्कृत' भएको घटनामा प्रहरीले उजुरीसमेत लिन नमानेको प्रसंगले पीडितमाथि कति अन्याय हुँदोरहेछ भन्ने छर्लंग हुन्छ।

बिहीबार भएको घटनामा महानगरीय प्रहरी परिसर, काठमाडौंले उक्त घटनाको अनुसन्धान गर्न एसपी रामदत्त जोशीको नेतृत्वमा छानबिन समिति गठन गरेपछि उक्त घटना सार्वजनिक भयो। दिनहुँजसो बलात्कारका घटना राष्ट्रिय मूलधारका अखबारहरूमा प्रकाशित भइरहन्छन्। यस्तो आपराधिक घटना बढ्दै गएपछि सिंगो समाज नै चिन्तित र असुरक्षित हुन थालेको छ। दिनहुँजसो यस्ता घटना घट्दा कति बेला, कहाँ र को अपराधीको चपेटामा पर्ने हो, त्यसको अनुमान नै गर्न सकिँदैन। यस विषयमा महिला अधिकारकर्मी, प्रहरी, राजनीतिकर्मी सबै चिन्तित छन्। न्याय, मानवअधिकार र मानवीय संवेदनाजस्ता कुराहरू संकटमा पर्दै गएपछि अपराधले नै प्रश्रय पाइरहेको छ। सञ्चारमाध्यममा खबर बनेर आइरहेका घटनाहरू विश्लेषण गर्दा बलात्कारका घटनामा न्यूनीकरण आउन नसकेको प्रस्ट देखिन्छ। पछिल्लो समय अपराधका स्वरुपहरू झनै भयावह देखिन थालेका छन्। सामूहिक बलात्कार, बालिका बलात्कार, बलात्कारपछि हत्या, घरका अभिभावक, गुरु र आफन्तजनबाटै बलात्कारजस्ता मानव सभ्यतामाथि नै खिल्ली उडाउने खालका घटना एकपछि अर्को गरी शृङ्खलाबद्धरुपमा अखबारमा आइरहेका छन्। यस्ता खबर सुन्दा र पढ्दा जोसुकैको आङ सिरिङ्ग हुन्छ। पछिल्लो समय आपराधिक गतिविधिले सीमा नाघेको आभास हुन थालेको छ।

बलात्कारको घटना बालहिंसाको निकृष्ट नमुना बनिरहँदा यो गम्भीर सामाजिक मुद्दाका रुपमा उठनुपर्छ। बोली नफुटेकी बालिका बलात्कार भएका धेरै घटना छन्। घरभित्रै बाबु र हजुरबाबाट भएका किशोरी बलात्कारको घटना पनि चर्चामा आए। तर, घटना घट्नु र सेलाउनुको सिलसिला चलिरह्यो। संवेदनहीन समाजमा अपांग र अशक्त व्यक्तिहरू पनि बलात्कार हुनबाट जोगिएनन्। आफ्नै अभिभावकबाट समेत बलात्कार हुन थालेपछि हाम्रो समाज कतिसम्म असुरक्षित रहेछ भन्ने बुझ्न गाह्रो पर्दैन। कुनै पनि मानिसमा मानवीयता हराएपछि, संवेदनशीलता मरेपछि, पाप र धर्मको चेष्टा नै नरहेपछि यस्ता निकृष्ट कार्य हुने गर्दछन्। नारीलाई सम्मानपूर्वक व्यवहार नगरेसम्म कुनै पनि समाज सभ्य र सुरक्षित रहन सक्दैन। नेपालकै प्रमुख समस्याका रुपमा देखिएको बलात्कार तथा महिला हिंसाका घटना न्यूनीकरण गर्न प्रत्येक घरबाटै अभियान सञ्चालन गर्नु आवश्यक देखिएको छ।

*– सीता सुनार, डोटी*

### यो कस्तो छिमेकी ?

भारतले नेपाललाई कहिले लालमोहन त कहिले रसवरी खान दिएर माया गर्छ। कहिले भने नाकाबन्दीको झटारो हानेर दुःख दिन्छ। कहिले नेपालको नदी, खोलामा पुल बनाएर सहयोग गर्छ त कहिले सिमानाका पिल्लर ढालेर चार हात सिमाना मिच्छ। कहिले नेपालका गाउँहरूमा स्कुल, पुस्तकालय भवन निर्माण गरिदिएर सहयोग गर्छ त कहिले नेपालको संविधान यसरी बनाऊ भन्ने आदेश दिएर सार्वभौम नेपालको राष्ट्रियतामाथि मौखिक धावा बोल्छ।

यसरी भारतले नेपाललाई कहिले माया गर्ने, कहिले हेप्ने, कहिले तर्साउने त कहिले घुर्क्याउने नीति अख्तियार गरिरहेको छ। उसले यस्तो गर्नुमा अरू कारण होइन, हो भने मनोवैज्ञानिक कारण के मात्रै हो भने भारतीयहरूले नेपालीलाई पूरै चिन्छन् र नेपालीहरूले भारतीयहरूलाई पूराका पूरा चिन्छन्। माया गरेको बुझिन्छ, हेपेको पनि बुझिन्छ, सहयोग गरेको पनि बुझिन्छ। यो बुझाइ नै प्रमुख कारण हो, जसका कारण भारतले नेपाललाई कहिले के खालको त कहिले के रुप र आकारको व्यवहार देखाउँछ।

अब यही प्रक्रिया चीनसँग लागू हुन सक्दैन, किनकि ऊसँग भाषा नै मिल्दैन। माया गरेको हो कि, हेपेको हो कि, साँच्चै सहयोग गर्न चाहेको हो कि, केही कुरा बुझिँदैन। त्यस कारण, चाइना आजसम्म नेपालसँग सिमाना जोडिए पनि उति साह्रो नजिक छैन। त्यो खालको हार्दिक सम्बन्ध नेपाली र चिनियाँबीच छैन।

यस्तो खालको उतारचढावपूर्ण सम्बन्ध नेपाल र भारतबीच निकै लामो समयअघिदेखि रहिआएको छ। भारत चाहन्छ- नेपाल र भारतबीचको सम्बन्ध सधैंभरि सुमधुर रहिरहोस्। तर, उसले भनेजस्तो सुमधुर सम्बन्धचाहिँ कस्तो हो भने नेपालले कसैसँग सहयोग नमागोस्। भारतसँग मात्रै सहयोग मागोस्, अर्थात् नेपाल अनन्तकालसम्म भारतनिर्भर भइरहोस्। हरकोणबाट भारत आश्रित भइरहोस्। कुनै पनि हालतमा आफ्नो खुट्टामा उभिएर आर्थिक समृद्धि हासिल नगरोस्। नेपालले उद्योगधन्दा नखोलोस्, सञ्चालन नगरोस्। भारतीय उद्योग कलकारखानाबाट उत्पादित वस्तुहरू मात्रै प्रयोग गरिरहोस्। नेपालमा उद्योग कलकारखाना चल्दा यहाँका युवाशक्तिले रोजगारी प्राप्त गर्ने र स्वदेशी धन स्वदेशमै रहने हुँदा नेपाली युवाशक्ति विदेशमा गइरहून्, रेमिट्यान्स नेपाल आइरहोस् र त्यही रकम भारतबाट सामान किन्न प्रयोग भइरहोस् अनि नेपालले विदेशबाट कमाएको सम्पूर्ण रकम भारत गइरहोस् भन्ने चाहना भारतले राखेको अनुमान गर्न सकिन्छ।

एउटा मत्वपूर्ण कारण यो हो भने अर्को कारण नेपाल कुनै पनि हालतमा चीनतिर नलस्कियोस् भन्ने भारतले चाहेको देखिन्छ। मान्छेको स्वभाव हो, जसले सहयोग गर्छ उतातिर ढल्किन्छ र उसैलाई स्नेह गर्छ, प्रेम गर्छ। भारतले नेपाललाई माया मात्रै गरेको छैन, बेलाबखत ङ्याक्ने काम पनि गरेको छ। खासगरी २०७२ सालमा भूकम्पले थिलोथिलो पारेर आकुलव्याकुल भएका नेपाली जनतामाथि नाकाबन्दीको झटारो हान्ने भारतसँग नेपाली जनताले औधी चित्त दुखाएका छन्। यो कुरा भारतले राम्रैसँग बुझेको पनि छ। नेपाली जनताले भारतसँग चित्त दुखाएको कुरा चीनले पनि बुझ्न ढिला गरेन। यही मौकामा चीनले नेपाललाई जे चाहिन्छ हामी दिन्छौं भन्यो।

मानव स्वभाव नै यही हो, आपतमा परेका नेपाली जनता चीनतिर फर्किएर हेरे। केपी ओली प्रधानमन्त्री भएका बखत ओलीले पनि जे होला एकबारको जुनीमा कति भारतको मात्रै भर परिरहने भन्ने सोचे र चीनसँग नयाँ नाका खोल्ने, नेपालसम्म रेल ल्याउन चीनले मद्दत गर्ने विषयमा सहमति जनाउनेजस्ता कामहरू भए। यो चीन र केपी ओलीमार्फतको नेपालबीचको नयाँ मितेरी साइनोबाट भारत नराम्ररी झस्कियो। फेरि नयाँ तरिकाले केपी ओलीसँग सम्बन्ध बढाउने खेलका साथ टुनामुना लगाउने काम भएको छ। यो विषयमा नेपाली राजनीतिक दल सचेत होऊन्।

*– माधव शर्मा, कास्की*

## सामाजिक सञ्जाल



भारतीय विदेशमन्त्री नेपाल आएको बेला नेपाली बैंकिङ प्रणाली र कानुनबमोजिम नेपाली नागरिकसँग रहेका नोटबन्दीअघिका नोट किन स्वीकार नगरेको, अदुवा र अमलिसोको बजार किन रोकेको, प्रस्ट गरिदिए हुने। सद्भावनाका भाषण त धेरै सुनिए।

**Rameshore Khanal**
**@rameshore**



जब अल्छी लाग्छ उठेर हिंड्न थाल्छु।
जब विचारको प्रवाह रोकिन्छ हिंड्न थाल्छु।
जब पढेको बुझ्न बोझिलो हुन्छ हिंड्न थाल्छु।
हिंडाइमा गति हुन्छ, दिशा हुन्छ, ऊर्जा हुन्छ।
असहजता हट्छ, सहज लाग्न थाल्छन् कुराहरू।

**Nilamber Acharya**
**@nilacharya**

सडक सुधारको काम थालेको ४ वर्ष बढी भइसकेको छ। काम थालेको त्यत्रो वर्ष बित्दा बल्ल आधा काम मात्रै सक्नुले पनि चक्रपत्र सुधार कार्यमा कति सुस्तता भयो भनेर जो-कोहीले पनि सहजै अनुमान लाउन सक्छन्।

# पाटन अस्पतालको ल्याबमा इन्चार्जको दादागिरी

**नेपाल समाचारपत्र**

ललितपुर

पाटन अस्पतालका विभागीय प्रमुख डा. ऋतु बराल र ल्याब इन्चार्ज चतुरनारायण चौधरीको मनोमानीका कारण ल्याबको अवस्था अस्तव्यस्त बनेको पाइएको छ।

स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रूपान्तरण भइसक्दा पनि कार्यप्रकृतिको आधारमा ल्याबमा विभिन्न शाखा खोलिएका छैनन्। यसप्रति कर्मचारीहरूले लामो समयदेखि असन्तुष्टि प्रकट गर्दै आएका छन्। स्वास्थ्य निर्देशिका अनुसार ल्याबभित्र विभिन्न सेक्सन छुट्याएर इन्चार्ज नियुक्ति गर्नुपर्ने प्रावधान रहेको छ। ल्याब विभागका प्रमुख बरालले सो निर्देशिकामा रहेको प्रावधानलाई लत्याउँदै आएको पनि एक कर्मचारीले बताए।

दिनानुदिन अस्तव्यस्त बन्दै गएको ल्याबको अवस्थामा बारे ध्यानाकर्षण गराउँदा पनि समस्या समाधान गर्नुको साटो अस्पताल प्रशासनले उल्टै धम्क्याउने गरेको कर्मचारीहरू बताउँछन्। केही दिनअघि मात्रै इन्जार्ज चौधरीले एक कर्मचारीमाथि कुटपिटसमेत गरेका थिए।

ल्याबमा कार्यरत दुई जना ल्याब असिस्टेन्टलाई लिखितमा पास गर्दा पनि अन्तर्वार्तामा फालिएको कर्मचारीहरूको आरोप रहेको छ। वरिष्ठ टेक्निसियन पवन श्रेष्ठको नियमानुसार बढुवा हुनुपर्नेमा अर्कै कनिष्ठ कर्मचारीको बढुवा गरेका थिए। यसले श्रेष्ठलाई अन्याय र अरू कर्मचारीलाई काम गर्न हतोत्साहित पारेको ल्याबका एक कर्मचारीले नाम उल्लेख नगर्ने सर्तमा बताए।

ल्याब जस्तो संवेदनशील ठाउँमा पनि मानसिक तनावमा काम गर्नुपरिरहेको कर्मचारीको भनाइ रहेको छ। 'प्रशासनको मनोमानीविरुद्ध आवाज उठाएमा विरोध गर्ने कर्मचारीलाई विभिन्न स्पष्टीकरण सोधेर हैरान पार्ने गर्छन्।' -एक कर्मचारीले भने।

अस्पताल प्रशासन र विभागीय प्रमुख डा. बरालको गैरजिम्मेवारीका कारण २ वर्षअघि रगत जाँच गर्ने भिट्रस मेसिन एक महिना शिलबन्दी गर्दा हजारौं बिरामी प्रभावित भएका थिए। ल्याबका कर्मचारीलाई समेत कुनै जानकारी नदिई मेसिन बन्द गरिएको कर्मचारीहरूको भनाइ रहेको छ। ल्याबमा सुधारका लागि अस्पतालका निर्देशक डा. विष्णु शर्मासमक्ष पटक-पटक लिखित सुझाव दिँदासमेत बेवास्ता गर्दै आएको पनि ती कर्मचारीले बताए।

यस विषयमा प्रयोगशालाकर्मीको देशभरको सञ्जाल शाखाको रूपमा रहेको साझा संस्था मेलान क्षेत्र नं ३ का अध्यक्ष शंकर पौडेलले पाटन ल्याबमा ठूलो बेथिति रहेकोमा उजुरी परेको बताउँदै संवादबाट समस्या समाधान गर्न सुझाव दिँदै आएको जानकारी दिनुभयो।

अस्पतालका उपकुलपति चिकित्सक भरत यादवले ल्याबमा सामान्य विवाद भइरहेको जानकारी दिनुभयो। उहाँले विवाद समाधानका लागि पहल भइरहेको बताउँदै भन्नुभयो- 'मेरोतर्फबाट या भनौं अस्पताल प्रशासनको तर्फबाट समयमै समस्या समाधानका लागि प्रयास भइरहेको छ।'

अस्पतालका निर्देशक डा. शर्माले यो विषय सामान्य रहेको बताउनुभयो। 'यसलाई ठूलो इस्यु नै बनाउनुहुँदैन', उहाँले भन्नुभयो- 'त्यस्तो विवाद छ जस्तो मलाई लाग्दैन। भयो भने हामी हाम्रो आन्तरिक तवरले समाधान गर्दछौं।'

हालै बसेको मन्त्रीस्तरीय बैठकले डा. बराललाई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको डीनमा नियुक्त गरेको थियो।

# दरबारमार्गमा अत्याधुनिक प्रहरी भवन



**नेपाल समाचारपत्र**

काठमाडौं

महानगरीय प्रहरी वृत्त दरबारमार्गको नवनिर्मित कार्यालय र ब्यारेक भवनको प्रहरी महानिरीक्षक प्रकाश अर्यालले बिहीबार आयोजित एक समारोहबीच उद्घाटन गर्नुभयो।

उक्त अवसरमा प्रहरी महानिरीक्षक अर्यालले नयाँ पूर्वाधार निर्माण गर्ने नेपाल सरकारको योजनाअनुरूप संगठनको दिगो विकास गर्दै जाने क्रममा भवन निर्माण गरिएको उल्लेख गर्दै आम नागरिकको आधारभूत आवश्यकता रहेको शान्ति सुरक्षा र आर्थिक उन्नतिलगायत मुलुकलाई अग्रगामी दिशामा अगाडि बढाउने सिलसिलामा गरिने प्रहरी कार्यमा भौतिक पूर्वाधार महत्त्वपूर्ण रहेको चर्चा गर्नुभयो।

भवन निर्माण साध्य नभई साधन मात्र भएकाले प्रहरी कर्मचारीको आचरण र नागरिकप्रतिको सेवाभावले प्रहरीको कार्यमा प्रभावकारिता थप्ने उहाँले बताउनुभयो।

प्रहरी कार्यलाई थप प्रभावकारी बनाउन कतिपय स्थानमा नागरिकको लगानीमा समेत भवन निर्माण हुँदै आएको उल्लेख गर्दै प्रहरी महानिरीक्षक अर्यालले कानुनद्वारा निर्देशित कार्य सम्पादनमा कुनै छुट नहुने भएकाले जनतालाई केन्द्रबिन्दुमा राखेर कानुनसम्मत सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो।

साथै उक्त अवसरमा प्रहरी महानिरीक्षक प्रकाश अर्यालले नवनिर्मित भवनहरूको निरीक्षण समेत गर्नुभएको थियो।

नेपाल सरकारको नियमित बजेटद्वारा कुल १ करोड ८४ लाख २६ हजार ७ सय ८ रुपियाँ लगानीमा निर्मित उक्त कार्यालय भवन ४ तला रहेको छ भने कुल ५ करोड १८ लाख ९० हजार ४ सय ७ रुपियाँमा निर्माणकार्य सम्पन्न भएको उक्त ब्यारेक भवन ५ तल्लाको रहेको छ।

महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक जयबहादुर चन्दले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारी केदारनाथ शर्माले आफ्नो मन्तव्य व्यक्त गर्नभएको थियो।

## लागूऔषधसहित पक्राउ

काठमाडौं, (नेस)

काठमाडौं महानगरपालिका-१४ खसीबजार डेरा गरी बस्ने गोरखा फुजेल गाउँपालिका-३ घर भएकी तारा परियारको कोठाबाट बुधबार कोही नभएको अवस्थामा सुनका गहना, ल्यापटप १ थान र नगद २ हजारसमेत गरी करिब १ लाख ४ हजार रुपियाँ बराबरको धनमाल चोरी भएको छ।

## लागूऔषधसहित पक्राउ

काठमाडौं (नेस)। काठमाडौं महानगरपालिका-१४ कुलेश्वरस्थित सडक किनाराबाट सोही ठाउँ बस्ने शेरबहादुर धिताल, सर्लाहीको बागमती नगरपालिका-२ का सोम ब्रमन, सिन्धुपाल्चोकको बाह्रबीसे नगरपालिका-१ का राजन थापा र सिन्धुपाल्चोककै भोटेकोसी गाउँपालिका-१ का अनिल भुजेललाई नियन्त्रित लागूऔषध बुप्रेनोर्फिन एम्पुल १ सय २५ पिस, डाइजेपाम एम्पुल १ सय २५ पिस र फेनारगन एम्पुल १ सय २५ पिस, नगद ७ हजार रुपियाँ र ४ थान मोबाइल सेटसहित बुधबार प्रहरीले पक्राउ गरेको छ।

# कोटेश्वर-कलंकी सडक निमार्णले तीव्रता लियो

**सुरेश तामाङ, काठमाडौं**

कोटेश्वर-कलंकी सडक खण्ड सुधार गर्न तोकिएको पछिल्लो म्याद सकिन अब ५ महिना मात्रै बाँकी छ। तर, कामको प्रगति भने यो बीचमा जति हुनुपर्ने हो त्यो गतिमा हुन सकेको छैन।

पछिल्लोपटक तोकेको समयावधि जुलाई २०१८ हो। यस अवधिमा सडक सुधार कार्य सम्पन्न गरेर सडक विभागलाई हस्तान्तरण गर्नुपर्ने सम्झौता निर्माणको जिम्मा लिएको चीनको संघाई कर्पोरेसनको रहेको छ।

सडक सुधारको काम थालेको ४ वर्ष बढी भइसकेको छ। काम थालेको त्यत्रो वर्ष बित्दा बल्ल आधा काम मात्रै सक्नुले पनि चक्रपत्र सुधार कार्यमा कति सुस्तता भयो भनेर जो-कोहीले पनि सहजै अनुमान लाउन सक्छन्।

काम सम्पन्न हुन जति ढिलाइ भयो त्यति नै सर्वसाधरणले सास्ती पनि खेप्दै आइरहेका छन्। सडकमै थुपारिएको निर्माण सामग्रीका कारण ट्राफिक जामको समस्या सर्वसाधारणले विगत ४ वर्षदेखि भोग्दै आइरहेका छन् भने धूलोले गर्दा स्वास्थ्यमा प्रत्यक्ष असर गरिरहेको छ।

योजनाका इन्जिनियर निरञ्जन शर्माले सडक सुधारको शुरुआती चरणमा काममा ढिलाइ भए पनि पछिल्लो चरणमा काम तीव्र गतिमा भईरहेको बताउनुभयो।

'शुरुआती चरणमा मात्रै केही समस्याका कारण काममा ढिलाइ भएको हो', योजनाका इन्जिनियर शर्माले भन्नुभयो- 'पछिल्लो चरणमा सुधारको कामले तीव्रता लिइरहेको छ।'

कामको शुरुआतमा देशमा घटेको प्रमुख घटना भूकम्प र नाकाबन्दीका कारण काममा देखिने गरी प्रगति नभएको योजनाले जनाएको छ। तर, समयमै काम सम्पन्न गर्नका लागि विशेष परिस्थितिका बीच पनि काम भइरहेको योजनाको दाबी छ।

सन् २०१३ सेप्टेम्बर १३ मा निर्माण शुरु गरेको यस सडक सुधारको काममा चिनियाँ सरकारको आर्थिक र प्राविधिक सहयोग रहेको छ। सडकमा चिनियाँ ठेकेदार कम्पनी साङ्घाई ग्रुपले गरिरहेको छ। सडक सुधारका लागि ४ अर्ब ९९ करोड २० लाख अनुमानित नेपाली रकम खर्च गर्दै छ।

१०.३९ किलोमिटर दूरी रहेको सडक सुधार गर्न सन् २०१२ डिसेम्बर १८ मा चिनियाँ सरकार र नेपाल सरकारबीच द्विपक्षीय सम्झौता भएको हो।

४ वर्षमा निर्माण पक्षले बल्खु र बालकुमारीमा पुल निर्माण, कोटेश्वर, बी एन्ड बी र बागडोलमा गरी तीन वटा आकाशेपुल निर्माण गरिसकेको छ।

पछिल्लोपटक निर्माणमा पक्षले कोटेश्वरदेखि सानेपासम्म आक्रामक शैलीमा सडक कालोपत्रे गर्ने काम गरिरहेको छ। त्यसभन्दा अगाडि भने ठूला पर्खाल बनाउने काम, बिजुलीका तार, पोल नहटाइएका कारण काम अझै अगाडि बढ्न सकिरहेको छैन।

योजनाका अनुसार, बल्खुचोकदेखि अगाडि कलंकीसम्म बिजुलीका पोल, तारहरू हटाउन ढिलाइ हुँदा सडक सुधार गर्न ढिलाइ भइरहेको छ।

'त्यस ठाउँतिर सडक कटिङ पनि गर्नुपर्नेछ तर बिजुलीका पोल, तार, टेलिकमका तारहरू भएका कारण काम अगाडि बढ्न सकेको छैन।' -योजनाका इन्जिनियर शर्माले भन्नुभयो।

निर्माण पक्षले हालसम्म कोटेश्वरदेखि यता ६ किमि सडक कालोपत्रे गरिसकेको छ भने मेन लेनबाहेक ७ किमि साइड लेनमा बेस हाल्ने काम सम्पन्न गरेको छ। निर्माण पक्षले कोटेश्वरदेखि सानेपासम्म ७ किमि सडक खण्डको दुई-दुई लेन दयाँ-बायाँ गरी ४ लेनमा कालोपत्रेको काम गरिरहेको आयोजनाले जनायो।

त्यस्तै पर्खाल लगाउने कार्य ७५ प्रतिशत सम्पन्न भइसकेको छ भने सडक सुधारको सम्पूर्ण काम ६० प्रतिशत सम्पन्न भएको आयोजनाले जनायो।

कलंकीमा बनिरहेको अन्डरपासको काममा पनि तीव्र प्रगति भइरहेको योजनाका इन्जिनियर शर्माले बताउनुभयो। उहाँले भन्नुभयो- 'अन्डरपासको काम ८० प्रतिशत सकिएको छ। हाल कटिङ, फिनिसिङ र पेवमेन्टको कामहरू भइरहेको छ।'

अन्डर पासमा फाउन्डेसनको काम सम्पन्न गरेर जुलाईसम्म अन्डरपासको काम पनि सम्पन्न गर्ने योजना रहेको योजनाका इन्जिनियर शर्माले बताउनुभयो।

८ सय मिटर लामो यो अन्डरपास बनेपछि चक्रपथ जाने सवारी भूमिगत हुँदै जानेछ भने नागढुंगादेखि कालिमाटी जाने सवारी भने अन्डरपास माथिबाटै गुड्ने छन्।

# नेपाली सेनासम्बन्धी फोटो प्रदर्शनी हुने

काठमाडौं, (नेस)

'महाशिवरात्रि तथा सेना दिवस २०७४' को उपलक्ष्यमा जनसम्पर्क तथा सूचना निर्देशनालयको समन्वयमा नेपाली सेनाले माघ २५ गतेदेखि ३ दिन जङ्गी अड्डा परिसरमा 'नेपाली सेना, इतिहासदेखि वर्तमानसम्म' भन्ने थिममा आधारित फोटो तथा अन्य विविध प्रदर्शनीको आयोजना गर्ने भएको छ।




प्रथमपटक आयोजना गर्न लागिएको उक्त प्रदर्शनी सर्वसाधारणका लागि समेत खुला गरी प्रवेश निःशुल्क गरिएको सेनाले जनाएको छ।

उक्त बृहत् प्रदर्शनीमा फोटो प्रदर्शनीको अतिरिक्त नेपाली सेनाको ऐतिहासिक हतियार, उपकरण, पोशाकलगायतको प्रदर्शनी गरिने भएको छ।

यस किसिमको प्रदर्शनीले नागरिक-सैनिक सम्बन्ध सुदृढ एवं प्रगाढ बनाउन मद्दत पुग्नुका साथै उक्त प्रदर्शनी सर्वसाधारण व्यक्तिका लागि रोचक र ज्ञानबर्द्धक हुने विश्वास नेपाली सेनाले लिएको छ।

**अधिकृत वारेसनामा बदर गरिएको सूचना।**

म वाल महर्जनको छोरा रामदाश महर्जनको श्रीमती राम महर्जनको बुहारी ल.पु.जि. सुनाकोठी गा.वि.स. वडा नं. ३ हाल परिवर्तित ल.पु.जि.ल.पु.उ.म.न.पा वडा नं. २६ बस्ने तुल्सीमाया महर्जनको नाममा मोही कायम भई जग्गाधनी मछिन्द्रनाथ गुठी भएको ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं.५/क कि.नं. १७२ को क्षे.फ. ०-७-०-० जग्गा मेरो मानिस बुद्धिलालको बुहारी हृदराज महर्जनको श्रीमती ल.पु.जि. हरिसिद्धि गा.वि.स. हाल ल.पु.ल.पु.उ.म.न.पा. वडा नं.२९ बस्ने वर्ष ६७ को जमुना महर्जनलाई ललितपुर जिल्ला अदालतबाट मिति २०७२/११/४ गते अधिकृत वारेसनामा दिएकोमा उक्त जग्गा बिक्री गर्न जरुरी नभएको हुनाले आजैका मितिदेखि अधिकृत वारेसनामा वदर गरेको छु अरु कसैले हकदाबी गरेमा म जिम्मेवारी छैन भनि सार्वजनिक सूचना गरेको छु।

तुल्सीमाया महर्जन ल.पु.म.न.पा. -२६

## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकडभिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कार्य नाश, शोक-सन्ताप, धनहानि, सन्तान-कष्ट।
**वृष** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, विवाद, अनिद्रा।
**मिथुन** : द्रव्यलाभ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**कर्कट** : धन नाश, मानसिक अस्थिरता, असन्तोष, अपव्यय।
**सिंह** : धनप्राप्ति, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**कन्या** : अस्वस्थता, इष्टमित्रसँग विवाद, चोटपटकको भय।
**तुला** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**वृश्चिक** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, काममा सन्तुष्टि।
**धनु** : राज्य भय, अपयश, व्यर्थको यात्रा, व्यापारमा व्यवधान।
**मकर** : रोगको भय, कार्यमा बाधा, धनहानि, अस्वस्थता हुनेछ।
**कुम्भ** : धनलाभ, समस्याको समाधान, पठनपाठनमा सफलता।
**मीन** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता।

# नेपाल

निर्माण व्यवसायी ठेकेदारले नदीजन्य पदार्थ उत्खनन् गर्न बा२क २७५३ र ना१क ५९६० नम्बरको स्काभेटर र सवारी चालक अनुमतिपत्र भएको चालकले मात्र उत्खनन् गर्न पाउने अनुमति दिए पनि नम्बर प्लेट नै नभएको स्काभेटर प्रयोग गरेर धमाधम बालुवा, ग्राभेल, ढुंगा उत्खनन् गरिरहेका छन्।

## जथाभावी नदीजन्य पदार्थ उत्खनन्

सञ्जय कार्की, रौतहट

नदिमानै छाप्रो बनाएर तीन सातादेखि रौतहटका दुई ठूला नदीका दोभानबाट जथाभावी नदीजन्य पदार्थ उत्खनन् हुन थालेपछि स्थानीय चिन्तित बनेका छन्, तर जनप्रतिनिधिहरू भने त्यसलाई उपभोग गर्दै आकर्षित भएका छन्।

वर्षेपिच्छे नदीमा आउने बाढीको चपेटामा परेका रौतहटवासीलाई राहत दिनुको बदला जिल्ला समन्वय समिति रौतहटले हचुवाको भरमा नदीजन्य पदार्थ उत्खनन् गर्न दिएको अनुमतिकै आधारमा नदीमा नम्बर प्लेट नभएका स्काभेटर प्रयोग गरेर जथाभावी उत्खनन् भइरहेको छ। बागमती नदीको चन्द्रपुर-१, गडिमाई नगरपालिकाको समनपुर र बकैया खोलाको रानीगर्जा बोटवा नाकाबाट स्काभेटर प्रयोग गरी ठूलो परिणाममा नदीजन्य पदार्थ उत्खनन् भइरहेको छ।



चन्द्रपुर-१ पौराईस्थित बागमती नदीमा साह निर्माण सेवा मलङ्गवा-१० सर्लाहीलाई जिल्ला समन्वय समितिले ४ सय मिटर लम्बाई, २ मिटर गहिराई र २० मिटर चौडाईमा नदीजन्य पदार्थ उत्खनन् गर्न २०७४ पुस २४ गते दिएको अनुमति पत्रविपरीत पाँच मिटरसम्म खाल्डो पारेर ढुंगा, गिटी उत्खनन् गरिरहेको छ। जनप्रतिनिधि चयन नहुन्जेलसम्म नदीमा स्काभेटरको प्रयोग गर्न स्थानीय प्रशासनले रोक लगाउँदै आएता पनि अहिले जनप्रतिनिधिको आडमा स्काभेटरको प्रयोग गरेर नदीजन्य पदार्थ उत्खनन् भइरहेको छ।

यसअघि राष्ट्रपति चुरे संरक्षणका नाममा नदीमा स्काभेटरको प्रयोग गर्न दिइएको थिएन, तर जनप्रतिनिधि आएसँगै नदीमा स्काभेटरको प्रयोग गरेर उत्खनन् गर्न अनुमति दिइएको छ। शहरी विकास तथा भवन डिभिजन कार्यालय पर्साले गौर नगरपालिकाको सडक तथा अन्य पूर्वाधार निर्माणका लागि निर्माण व्यवसायी स्वच्छन्द ढुकुचे आश्रय जेभीलाई प्रतिदिन २ सय घन मिटरका दरले ५० दिनमा अनुमानित १० हजार घनमिटर आवश्यक पर्ने ढुंगा, गिटी र बालुवा बागमती नदीमा तोकिएको दोभान घाटबाट निकाल्न पत्राचार गरेकै भरमा जिल्ला समन्वय समिति रौतहटले अनुमति दिएको हो।

मनोमानी ढंगले उत्खनन् गरिरहँदा ५ मिटरसम्म गहिराइ पुऱ्याइदिएका कारण नदीको धार परिवर्तन हुन सक्ने सम्भावनासमेत रहेको छ। निर्माण व्यवसायी ठेकेदारले नदीजन्य पदार्थ उत्खनन् गर्न बा२क २७५३ र ना१क ५९६० नम्बरको स्काभेटर र सवारी चालक अनुमतिपत्र भएको चालकले मात्र उत्खनन् गर्न पाउने अनुमति दिए पनि नम्बर प्लेट नै नभएको स्काभेटर प्रयोग गरेर धमाधम बालुवा, ग्राभेल, ढुंगा उत्खनन् गरिरहेका छन्।

उत्खनन् गरेका स्थानमा जति खाल्डो बनाउँदै लगियो उत्ति नै ढुंगा निस्कने भएका कारण पनि नदीमा पानीको सतहभन्दा निकै खाल्डो बनाइएको छ।

२ वटा स्काभेटरबाट नदीजन्य वस्तुको उत्खनन् गरेको ग्र्याबेलबाट, ढुंगा र गिटी अलग गराएर दर्जनौं ट्रिपरले रौतहटका विभिन्न स्थानमा लगेर स्टक राखेको पाइन्छ। दुई महिनामा १० हजार घन मिटर ग्र्याबेलको उत्खनन् अनुमति पाएको सो निर्माण सेवाले ३ सातामै परिणामभन्दा बढी नदिजन्य वस्तु निकासी गरिसकेको स्थानीय वीरेन्द्र झाडीको भनाइ रहेको छ।

२ वटा स्काभेटर, दर्जनौं ट्रिफर र सयौं ट्र्याक्टर बागमती नदीमा नदिजन्य वस्तु उत्खनन्का लागि लागेका छन् भने ठेकेदारले जेठ महिनाभरि नदीजन्य वस्तु निकाल्ने भन्दै नदी किनारामै अस्थायी टहरा निर्माण गरेर आफ्ना कामदार राखेका छन्।

## प्रदेश सांसदलाई शहीद परिवारको सम्मान

दीपेन्द्र शर्मा, जाजरकोट

माओवादीले ६ नम्बर प्रदेशको समानुपातिक तर्फबाट सांसद निर्वाचित भएकी कृष्णा शाह आचार्यलाई जाजरकोटमा शहीद परिवारले सम्मान गरेका छन्। भेरी नगरपालिका-११ जगतीपुर जाजरकोटमा शहीद परिवारले एक कार्यक्रमको आयोजना गरी बधाई तथा सम्मान गरेका हुन्।

माओवादी सशस्त्र द्वन्द्वका क्रममा दुई छोराछोरी गुमाएकी जाजरकोट भेरी नगरपालिका-११ जगतिपुरकी ८० वर्षीया ऐरावत आचार्यले बुहारी सांसद भएकोमा खुसी भएको बताइन्। माओवादी समानुपातिक कोटाबाट प्रदेश सांसद भएकी कृष्णा शाह आचार्यलाई बधाई तथा शुभकामना दिन आयोजित कार्यक्रममा ऐरावतले बुहारी कृष्णालाई पार्टीले सांसद बनाएर शहीद परिवारको सम्मान गरेको बताइन्। 'बूढेसकालका सहारा बन्लान् भनेका जवान छोराछोरीलाई माओवादी भएको आरोपमा हत्या गरियो, सबै परिवार नै युद्धमा गए, घरमा सहारा दिने कोही थिएनन्, धन्न सेनाले मारेन र बाँचियो' -उनले भनिन्।

२ भाइ छोराछोरीलाई तत्कालीन सरकारले हत्या गरेपछि निकै चिन्तामा परेकी ऐरावतले ढिलै भए पनि माओवादीले बुहारीलाई सांसद बनाएर शहीद परिवारको सम्मान गरेको बताइन्। उनले शहीदले कल्पना गरेको समतामूलक समाजको निर्माणका लागि सधैं लागि पर्न सांसद भएकी बुहारीलाई शुभकामना दिइन्।

सांसद कृष्णा ऐरावतीका कान्छा छोरा रामदीप आचार्यकी जीवन संगिनी हुन्। माइलो छोरा इन्द्रलाल आचार्यलाई २०५६ सालमा जाजरकोटको कुस्तरामा प्रहरीले हत्या गरेको थियो भने कान्छी छोरी ममितालाई २०६० सालमा नेपाली सेनाले पश्चिम जाजरकोटको साल्माको चिनाकुम्द लेकमा गोली हानेर हत्या गरेको थियो।




१३ वर्षको उमेरमै स्थानीय शंकरभवन मावि बाहुनथानामा पढ्दापढ्दै माओवादीको विद्यार्थी संगठन अखिल क्रान्तिकारीको विद्यालय एकाइ समितिको अध्यक्ष भएर राजनीतिमा होमिएकी कृष्णाले थुप्रै दुःख कष्ट झेल्दै सांसदसम्म पुग्ने अवसर पाएकी हुन्।

सरकारले किलोशेरा-२ अप्रेसनअन्तर्गत २०५५ सालमा पक्राउ परेपछि सुरक्षाकर्मीले निकै यातना दिएको सांसद कृष्णाले बताएइन। 'नांगै बनाएर सिस्नो पानी हान्ने र नङमा पिनसमेत ठोक्ने कुरा सम्झँदा अहिले पनि आँङ सिरिंग हुन्छ' -उनले भनिन्। पार्टीको गोप्य कुरा कुनै नखोलेपछि एक हप्तासम्म हिरासतमा राखेर चरम यातना दिएको सांसद शाहले बताइन्। २०५७ सालमा भूमिगत भएकी उनी २०५९ सालमा सुर्खेतमा पक्राउ परिन्। एक वर्ष जेल जीवन बिताएर पुनः भूमिगत राजनीतिमा होमिएकी उनी माओवादी जनमुक्ति सेनामा लागिन्। २०६३ सालमासम्म तीन वर्ष जति लडाकू भएर काम गरिन्।

माओवादी शान्ति प्रक्रियामा आएसँगै राजनीतिमा सक्रिय ३४ वर्षीया कृष्णा अखिल नेपाल महिला संघ क्रान्तिकारीकी केन्द्रीय सचिव तथा केन्द्रीय कार्यालय सचिव छन्। प्रमाणपत्र तहसम्म अध्ययन गरेकी सामान्य परिवारकी कृष्णा मन्त्री भएर देश र जनताको सेवा गर्ने अठोट लिएकी छन्। उनले शहीदले परिकल्पना गरेको बाटोमा लाग्ने प्रणसमेत गरेकी छन्।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

**जग्गा विक्रीमा**
का.म.पा १९ कंकेश्वरी मन्दिरसँगै, डल्लु पुलबाट टेकु जाने लिंकरोडमा जोडिएको स्कुल, कलेज, अस्पताल, व्यापारिक मल, हलको लागि अति उपयोगी ५ रोपनी जग्गा विक्रिमा छ।
सम्पर्क नं.:- ९८४१३१४७८१

**वर्गीकृत डिस्प्ले**
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

## कुष्ठरोगी खोजी अभियान सञ्चालन हुने

नेपाल समाचारपत्र

बुटवल

६५औं कुष्ठरोग दिवसको अवसर पारेर 'कुष्ठरोगमुक्त समाज निर्माण, बालबालिकाहरूमा शून्य अपांगता हाम्रो अभियान' भन्ने मूल नाराकासाथ रुपन्देहीमा कुष्ठरोगी खोजी अभियान शुरू हुने भएको छ ।

जिल्लाको ३ वर्षको तथ्यांकलाई विश्लेषण गरी सिद्धार्थ नगरपालिकामा, तिलोत्तमा नगरपालिकामा, ओमसतीया गाउँपालिका, रोहिणी गाउँपालिका, मर्चवारी गाउँपालिका, मायादेवी गाउँपालिका, समरीमाई गाउँपालिका, शुद्धोधन गाउँपालिका, गैडहवा गाउँपालिकाका सबै वडामा र कञ्चन गाउँपालिकाको वडा नम्बर १ र २ मा यो अभियान चलाइने जिल्ला जनस्वास्थ्य कार्यालय रुपन्देहीका प्रमुख केहरसिंह गोदारले बताउनुभयो।

बुधबार रुपन्देही जिल्ला समन्वय समितिका प्रमुख एकराज विश्वकर्माको संयोजकत्वमा जिल्लास्तरीय कुष्ठरोग निवारण अभियान समिति गठन भएको जिल्ला जनस्वास्थ्य कार्यालय रुपन्देहीका क्षय कुष्ठरोग निरीक्षक टीकाराम अधिकारीले बताउनुभयो।

जिल्लाका सरोकारवाला निकाय सदस्य रहेको उक्त समितिले यही माघ २३ गतेदेखि २५ माघसम्म जिल्लाका १० वटा स्थानीय निकायमा कुष्ठरोगी खोजी अभियानलाई तीव्रता र प्रभावकारी बनाउन सहयोग गर्नेछ।

आँखाले देख्न नसकिने माइक्रो व्याक्टेरियम लेप्रे नामको सूक्ष्म किटाणुबाट लाग्ने कुष्ठरोगका बारेमा जनचेतना अभिवृद्धि गर्दै रोग निवारणका लागि जिल्लाका विभिन्न १० स्थानीय तहका घर-घरमै गई यो रोगको खोजी शुरू गरिएको जिल्ला जनस्वास्थय कार्यालय क्षय कुष्ठरोग निरीक्षक अधिकारीले बताउनुभयो।

लाटो, फुस्रो दाग, छाला बाक्लो हुने, गिर्खाहरू देखिने कुष्ठरोगका लक्षण हुन्। यो रोगको औषधि नेपालमा निःशुल्क पाइन्छ र नियमित सेवन गर्नाले यो रोग निको पनि हुने गर्दछ।

कुष्ठरोगका बारेमा परम्परागत दैवी अभिसाप तथा वंशानुगत भन्दै समाजमा अफवाह फैलाइँदा रोगको कारणभन्दा सामाजिक डरको कारणले मान्छेहरूमा त्रास फैलिएकाले सोलाई चिर्न धेरैभन्दा धेरै प्रचारप्रसार र विभिन्न चेतनामूलक कार्यक्रम गरिनुपर्ने जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख एकराज विश्वकर्माले बताउनुभयो।

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**
- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**
अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**
**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित ।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**
हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, माघ
बिहीबार
१८

शहरी क्षेत्रका उपभोक्ता सचेत हुन थालेपछि स्तरहीन खाद्य पदार्थ बेच्नेहरुले दुर्गम पहाडका गाउँलेलाई ठग्न थालेका स्थानीय उपभोक्ता बताउँछन्।




# भूकम्पपीडितलाई दिइएको बालुवामाथि राजनीति

**शालिकराम, चालिसे नुवाकोट**

नुवाकोटका भूकम्पपीडितहरूलाई सहुलियत मूल्यमा दिइएको भनिएको बालुवामाथि राजनीति शुरू भएको छ।

जिल्लाका राजनीतिक दलको दलीय स्वार्थ र दलबीच समान धारणा हुन नसक्दा भूकम्पपीडित दोहोरो चेपुवामा परेका छन्। जिल्लाका प्रमुख दल नेकपा एमाले, माओवादी केन्द्र र नेपाली कांग्रेसका निर्वाचित प्रतिनिधि आरोप प्रत्यारोपमा उत्रिँदा भूकम्पपीडितहरू अन्योलमा परेका हुन्।

विदुर नगरपालिकाले केही समय अघिदेखि विदुरनगरपालिका वडा नं ४ को मुन्थलामा रहेको बालुवा खानी भूकम्पपीडिहरूलाई सहुलिय दिन भन्दै खुल्ला गरेपछि पार्टीहरूबीच तीव्र विवाद भएको छ। जसले गर्दा केन्द्रमा देखिएको दलहरूको कित्ताकाट जिल्लामा समेत देखिएको हो। विदुर नगरपालिकाका मेयर सञ्जु पण्डितले नगरपरिषद्को बैठकबाट भूकम्पपीडितलाई राहत दिने निर्णय गरेका थिए, तर नगर परिषद्मा कांग्रेसको सामान्य प्रतिनिधिमात्र रहेकाले कांग्रेसले त्यसको विरोध गरेको छ।

कांग्रेस नुवाकोटका प्रवक्ता राजु थापाले विदुर नगरपालिकाले एकलौटी ढंगले तानाशाह लाद्ने प्रयत्न गरेको भन्दै नगरपालिकाले उक्त निर्णय गर्न नसक्ने बताउँछन्। थापाले भने- 'नगरपालिकाले बालुवा बाड्ने निर्णय गर्न सक्दैन त्यसका लागि वडाको पहिला अनुमति लिनुपर्छ। वडाका वडाध्यक्षसँग एकवचन पनि नसोधी नगरपालिकाले जसरी वालुवा बाँड्ने निर्णय गर्‍यो त्यो तानाशाहको ज्वलन्त उदाहरण हो।'

तर विदुर नगरपालिकाका मेयर सञ्जु पडित भने बालुवा वितरण गर्न र रोक्न सक्ने अधिकार आफूहरूलाई रहेको बताउँछन्। अहिलेको समयमा भूकम्पपीडितलाई सहुलियत दिनु आफूहरूको काम हो विरोध गर्नेहरूले विरोधका लागि मात्रै विरोध गरिरहेका छन्। त्यसको विरोध गर्नु कुनै तुक नभएको पण्डित बताउँछन्।

यसबीच विदुर नगरपालिकाले सहुलियत दरमा भूकम्पपीडितहरूलाई बालुवा वितरण गरिरहेको अवस्थामा जिल्ला समन्वय समिति नुवाकोटका सभापति सन्तमान तामाङले जिल्लाका कुनै पनि भूकम्पपीडितले नदीजन्य पदार्थको उपभोग निःशुल्करूपमा गर्न पाउने बताएका छन्। तामाङले विदुर नगरपालिकाले भूकम्पपीडितलाई बालुवा निःशुल्क वितरण गरेको भन्दै कोही कसैले नदीजन्य पदार्थ लिँदा पैसा मागे तुरुन्त आफैंलाई फोन गर्नसमेत आग्रह गरेका छन्।

विदुर नगरपालिका वडा नं ४ की स्थानीय माया मगरले भनिन्- 'जनप्रतिनिधिको कुनै टुङ्गो भएन, एउटा भन्छन् सहुलियत त अर्को भन्छन् निःशुल्क, कसको कुरा सुन्ने हो कुरै बुझ्न सकिएन।'

# भण्डारित मकै नष्ट, भोकमरीको चिन्ता

**विनोदसिंह विष्ट, बैतडी**

बैतडीको तल्लोस्वराड क्षेत्रमा किसानले भण्डारण गरेको मकै किरा(घुन)ले नष्ट गरेपछि किसानहरू चिन्तित बनेका छन्। भण्डारण गरेको थुप्रोमै किराले मकै नष्ट गरेको शिवनाथ गाउँपालिका-४ का गणेश रावतले बताउनुभयो। उहाँले भन्नुभया- 'मकै भाँचेर सुकाउनका लागि लुटामा भण्डारण गरिएको लुटामै कालो किराले मकै नष्ट गरेको छ।'

आफ्नो बारीमा फलेका मकै भण्डारण गरिएकै ठाउँमा किराले नष्ट गरेपछि भोकमरीको सम्भवना बढेको शिवनाथ-४ का करन साउँदले बताउनुभयो। उहाँले भन्नुभयो- 'सुरक्षित रहला भनेर राखेको मकै सबै किराले नष्ट गर्‍यो, अब भोकमरीको चिन्ता बढ्यो।'

जिल्लाका तल्लोस्वराड क्षेत्रको मेलौली नगरपालिका, शिवनाथ गाउँपालिका र पञ्चेश्वर गाउँपालिकामा किसानहरूले भण्डारण गरेको मकै किराले नष्ट गरेको छ। मकै भण्डारण गरिएको थुप्रोमै नष्ट भएपछि आफूहरूलाई निकै समस्या भएको मेलौली नगरपालिका-८ का किसान राजु ठगुन्नाले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'भण्डारण गरेको सबै मकैमा किरा लागेपछि चिन्ता बढेको छ ।'

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत तल्लास्वराड क्षेत्रलाई मकैको पकेट क्षेत्रका रूपमा घोषणा गरी उत्पादनमा वृद्धि भए पनि किराले मकै नष्ट भएपछि किसान चिन्तित बनेका छन्। किसानका समस्याका बारेमा बुझ्दै आफूले कृषि प्राविधिकसँग सरसल्लाह गरेको बैतडी क्षेत्र नं 'ख' का सांसद लीलाधर भट्टले बताउनुभयो। उहाँले भन्नुभयो- 'मकैमा देखिएको प्रकोपका बारेमा नेपाल कृषि अनुसन्धान परिषद्मा पठाइनेछ।'

थुपारेको मकै नष्ट गरेको बारेमा आफूहरूलाई जानकारी आएको यसको कारणबारे नेपाल कृषि अनुसन्धान परिषद्सँग समन्वय गर्ने जिल्ला कृषि विकास कार्यालय बैतडीका योजना अधिकृत कर्णबहादुर चन्दले बताउनुभयो। 'तल्लोसोराड प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत किसानले मकैको बीउ उत्पादनका लागि मकै छरेका थिए', उहाँले भन्नुभयो- 'सुकाउनका लागि राखिएको थुप्रोमै किरा लागेपछि अब बीउसमेत नहुने भएको छ।'

भण्डारण गरेर राखेको मकै नै किराले नष्ट गरेपछि भोकमरी हुने भन्दै यहाँका किसान चिन्तित बनेका हुन्। यस्तै दार्चुलाको शैल्यशिखर नगरपालिका सेत्कलामा पनि किसानले भण्डारण गरेको मकै किराले नष्ट गरेपछि किसान चिन्तित बनेका छन्। गाउँमा रहेका सबैको मकै किराले नष्ट गरेको स्थानीयवासी श्यामसिंह साउदले जानकारी दिनुभयो।

# ग्रामीण बजारमा अखाद्य वस्तुको बिगबिगी

**नेपाल समाचारपत्र**

दैलेख

जिल्लाका व्यापारिक केन्द्रमा गरिने बजार अनुगमनले निरन्तरता नपाउँदा अखाद्य वस्तुको बिगबिगी बढेको छ। बेला-बेला जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग विकास समितिलगायतका सरकारी तथा गैससले बजार अनुगमन गरेको भए पनि निरन्तरता नहुँदा बजारमा अखाद्य वस्तुको बिगबिगी बढेको हो। जिल्ला प्रशासन कार्यालयले बेला-बेला गर्ने बजार अनुगमनले अखाद्य वस्तुको बिक्री वितरण रोकिएको छैन। त्योसँगै स्थानीय तहहरूमा जनप्रतिनिधि आएको ९ महिना बितिसक्दासमेत स्थानीय तहले बजार अनुगमनको स्पष्ट खाका नबनाउँदा बजारमा लेबल नभएका खाद्य वस्तुको बिक्री बढेको हो। सरकारले बनाएको ऐन कार्यान्वयन नल्याउँदा समस्या उत्पन्न भएको उभोक्ता बताउँछन्।

केही दिनअघि जिल्ला प्रशासन कार्यालय दैलेखको अगुवाईमा दैलेखको पश्चिममा पर्ने राकमकर्णाली बजारमा गरेको अनुगमनमा व्यवसायीले लेबल नभएका सामान बिक्री गरेको भेटिएको छ। बजार अनुगमन समितिका संयोजक तथा दैलेखका सहायक प्रमुख जिल्ला अधिकारी हरि देवकोटासहितको टोलीले उक्त बजारमा अनुगमन गरेको थियो। स्थानीय तहले बजार अनुगमन गर्नका लागि कुनै पनि प्रक्रिया अगाडि नबढाएपछि जिल्ला प्रशासन कार्यालयको अगुवाईमा राकमकर्णाली बजारमा दुई दर्जन बढी खुद्रा खाद्यान्न पसको अनुगमन गरेको थियो। अनुगमन गरिएका पसलहरूमा लेबल नभएका र म्याद नाघेका खाद्य वस्तु बिक्री गरेको भेटिएको दैलेखका सहायक प्रमुख जिल्ला अधिकारी हरि देवकोटाले जानकारी दिएका छन्। उक्त बजारमा हालसम्म अनुगमन भएका थिएन्। जिल्ला प्रशासन कार्यालयको अगुवाईमा राकमबजारमा पहिलो पटक अनुगमन गरिएको थियो।

विशेष गरी मसला, बेसार, चाउचाउ, पाउरोटी, तेलको बट्टा, बिस्कुटलगायत खाद्यवस्तुमा लेबल नराखी बिक्री गरेको देवकोटाले जानकारी दिएका छन्। यस्तै स्थानीय बजारमा रेस्टुरेन्ट, पसल, साना व्यापारी तथा होल व्यवसायीले इजाजत नलिई मदिरा बिक्री वितरण गरिरहेका छन्। बजार अनुगमनका क्रममा एउटा शीर्षकमा व्यवसाय दर्ता गरी एकै पसलबाट मदिरा, खाद्य, अखाद्य, किराना औषधि र विषादी आदि बिक्री गरिरहेको पाइएकोले अलग-अलग राखी बिक्री गर्न निर्देशन दिइएको बजार अनुगमन समितिका संयोजक तथा सहायक प्रमुख जिल्ला अधिकारी हरि देवकोटाले जानकारी दिएका छन्। उनका अनुसार यो समस्या दैलेख सदरमुकामलगायत जिल्लाका विभिन्न स्थानीय बजारमा छ।

राकमकर्णाली बजार मात्रै नभई दैलेख जिल्लाका अन्य ग्रामीण बजारमा मूल्य र मिति नतोकिएका सामग्री छ्याप्छ्याप्ती हुँदा उपभोक्ता मारमा परेको उपभोक्ताकर्मी बताउँछन्। खाद्य ऐन हुँदाहुँदै पनि पूर्ण कार्यान्वयनमा ल्याउन नसक्दा उपभोक्ताको अधिकार हनन् गरिरहेको उपभोक्ता बताउँछन्। 'भन्सारबाट खुलेआम अखाद्य तथा लेवल नभएका सामग्री भित्रिएका छन्, तर सरकार तथा त्यसका सरोकारवाला निकाय मूकदर्शक भएर बसेका छन्', राकमका अर्जुन शाहीले भने- 'जबसम्म भन्सारमा कडाई गरिँदैन तबसम्म उपभोक्ता ठगिइरहन्छन्।' स्थानीय तहले ग्रामीण बजारमा अनुगमन गर्न नसकको उनको आरोप छ।

अनुगमनमा पुगेका सहायक प्रमुख जिल्ला अधिकारी हरि देवकोटाका अनुसार भ्याट वा प्यानको प्रमाणपत्र लिन, साइनबोर्ड राख्न, खाद्य अनुज्ञापत्र पेस गर्न र सरसफाइमा सुधार गर्नसमेत निर्देशन दिइएको छ। अनुगमनका क्रममा सबैजसो पसलमा म्याद नाघेका वस्तु बिक्री वितरण गरेको भेटिएको छ। देशमा खाद्य पदार्थको स्वच्छता र गुणस्तर कायम राख्ने जिम्मेवारी भएको सरकारी निकाय भए पनि बजारमा भने खुलेयाम अस्वच्छ र स्तरहीन खाद्य वस्तु बिक्री भइरहेको छ।

शहरी क्षेत्रका उपभोक्ता सचेत हुन थालेपछि स्तरहीन खाद्य पदार्थ बेच्नेहरूले दुर्गम पहाडका गाउँलेलाई ठग्न थालेका स्थानीय उपभोक्ता बताउँछन्। सडेका दाल चामलका साथै म्याद गुज्रेका चाउचाउलगायतका तयारी खानेकुरा पनि सरकारी निगरानी कमजोर रहेको पहाडी क्षेत्रमा पुर्‍याएर बेच्ने गरिएको छ। यस्ता पदार्थ मानवीय उपभोगका लागि अनुचित मानिन्छन्, र स्वास्थ्यका लागि विषतुल्य हुन्छन्। धेरै नाफा कमाउने लोभमा व्यापारीले विष बेचिरहेका र सरकारचाहिं मूलतः तमासा हेरेर बसिरहेको स्थानीय उपभोक्ता नैनबहादुर शाहीले बताए। उपभोक्तामा खाद्य चेतना र सरकारको निगरानी प्रभावकारी भएका समाजमा विषतुल्य भइसकेका खाद्य पदार्थ खुलेयाम बेचिने गरेको उनले बताए।

राकमकर्णाली बजारमा अनुगमनमा लागि पुगेको दैलेखका सहायक प्रमुख जिल्ला अधिकारी हरि देवकोटाले आठबीस नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई बेला बेला बजार अनुगमन गर्न आग्रह गरेका छन्। आठबीस नगरपालिका नगर प्रमुख खड्गराज उपाध्यायले स्थानीय तहले बजार अनुगमनसम्बन्धी स्पष्ट मापदण्ड बनाउने बताए। प्रमुख प्रशासकीय अधिकृत मातृकाप्रसाद भट्टराईले स्थानीय तहभित्र रहेका बजारमा अनुगमनका लागि स्थानीय तहका वडा तहदेखि नगरपालिकाले नै तदारुकता दिने बताए।

## हेटौंडा अख्तियार आफ्नै भवनमा

# 'प्रादेशिक संरचनामा पारदर्शिता जरुरी'

**नेपाल समाचारपत्र**

हेटौंडा

अख्तियारको हेटौंडास्थित कार्यालयको नवनिर्मित भवन उद्घाटन गरिएको छ। ७ करोड ४९ लाख रुपियाँ लागतमा निर्माण भएको भवनको बुधबार उद्घाटन गरिएको हो।

हेटौंडा-१, चौकीटोलमा निर्मित कार्यालय र ब्यारेकको आयोग प्रमुख आयुक्त दीप बस्न्यातले उद्घाटन गर्नुभएको हो। कार्यालयको दुई तले भवनमा ३४ कोठा छन्। त्यसमा २ वटा सभाहल निर्माण गरिएको अख्तियार हेटौंडा प्रमुख श्यामराज अधिकारीले बताउनुभयो।

प्रहरी ब्यारेक र थुनुवा राख्न छुट्टै भवन निर्माण गरिएको छ। उक्त भवन तीन तलाको छ। सुविधासम्पन्न कोठा निर्माण गरिएका छन्। उक्त भवनमा २३ वटा कोठा छन्।

भवन उद्घाटन गर्दै प्रमुख आयुक्त बस्न्यातले देश प्रादेशिक संरचनामा गएपछि सबै सात प्रदेशमा सरकार गठन हुने भएकाले यस क्षेत्रमा बढी पारदर्शिता आवश्यक रहेकोमा बताउनुभयो। उहाँले प्रादेशिक सरकारलाई कर्मचारीले सहयोग पुर्‍याउँदै आर्थिक पारदर्शितामा जोड दिनुपर्ने बताउनुभयो। आयोग आफैंले धेरै क्षेत्रका कामलाई थप पारदर्शी गराउँदै लगेको उहाँको भनाइ छ।

प्रमुख आयुक्त बस्न्यातले अब राष्ट्रसेवक कर्मचारी तथा अख्तियार चनाखो हुनुपर्ने बताउनुभयो। बस्न्यातले सिंहदरबारको सुविधा स्थानीयस्तरमा पुगेका कारण अब सबै चनाखो भएर काम गर्नुपर्ने बताउनुभयो। उहाँले सिंहदरबारमा हुने अभ्यास तल्लो तहसम्म पुगेको भन्दै प्रशासनिक र विकास खर्चलाई पारदर्शी गर्नु कर्मचारी संयन्त्रको जिम्मेवारी रहने बताउनुभयो।

विकासका काम गर्दा बढी जिम्मेवारीबोधका साथ काम गर्न कर्मचारीहरूलाई निर्देशन दिँदै प्रमुख आयुक्त बस्न्यातले भन्नुभयो- 'बढी भ्रष्टाचार विकास निर्माणका काममा हुन्छन्। यसलाई थप पारदर्शी बनाउनुपर्छ।' हाल गाउँ-गाउँमा स्थानीय तह, प्रादेशिक संरचना भएको अवस्थामा बढी चनाखो भएर काम गर्न उहाँले निर्देशन दिनुभयो।

आयोगले प्रादेशिक संरचनाअनुसार सात वटै प्रदेशमा आफ्नै कार्यालय भवन स्थापना गर्ने बताउँदै उहाँले अब दुई वटा प्रदेशमा भवन निर्माण गर्न बाँकी रहेको बताउनुभयो। बस्न्यातले देश संघीयतामा गइसकेकाले अख्तियारले संघीय संरचनाअनुसार काम गर्ने जानकारी दिनुभयो। संघीय हिसाबमा काम गर्ने गरी अख्तियारले काम शुरु गरिसकेको भन्दै उहाँले चाँडै प्रत्येक प्रदेशमा कार्यालय खोलेर काम अघि बढाइने बताउनुभयो।

मध्यमाञ्चल क्षेत्रीय प्रशासक रेश्मीराज पाण्डेले पारदर्शिता शुरुआत गर्न आग्रह गर्नुभयो। ३ नम्बर प्रदेशलाई कम उजुरी पर्ने, मुद्दाहरू कम हुने र भ्रष्टाचार कम हुने प्रदेशका रूपमा विकास गर्नुपर्ने उहाँको सुझाव छ। पारदर्शी शासन व्यवस्थाका लागि सबैले आफ्नो कर्तव्य पूरा गर्नुपर्नेमा उहाँको जोड थियो।

# बलेवा विमानस्थलको पूर्वाधार तयार हुँदै

**दुर्गाप्रसाद शर्मा, पर्वत**

पर्वतको कुश्माबजारसँगै जोडिएको बलेवा विमानस्थल सञ्चालनका लागि पूर्वाधार तयार गर्न थालिएको छ।

विगत साढे दुई दशकदेखि बन्द रहेको उक्त विमानस्थलमा आगामी चैतबाट उडान भर्न नागरिक उड्ययन प्राधिकरण तयार भएसँगै आवश्यक पूर्वाधार तयार गर्न थालिएको हो। नागरिक उड्ययन प्राधिकरण र विभिन्न विमान कम्पनी र बागलुङ नगरपालिकाबीच गत साता विमानस्थल सञ्चालनमा ल्याउने सहमति भएको थियो।

गौरचरणमा परिणत भएको विमानस्थल सञ्चालनका लागि उक्त सहमतिसँगै बिहीबार भएको प्राविधिकहरूको अवलोकनपछि पूर्वाधार निर्माणको काम तत्काल शुरू हुने भएको छ। अब विमानस्थलमा रनवे मर्मत, पुरानो टावरको चेकजाँच तथा मर्मत र विमानस्थल वरपरका अग्ला संरचना हटाउने र रूख तत्काल हटाउने कार्य केही दिनमै शुरू हुने भएको छ। नेपाल नागरिक उड्ययन प्राधिकरणका प्रमुख इन्द्रराज शर्माले शुरूमा पूर्वाधार तयार हुनुपर्ने बताए। विमानस्थलमा सरोकारवालाबीचको छलफलमा शर्माले दैनिक पोखरा, काठमाडौं जाने यात्रुको संख्या पुगेपछि विमान सञ्चालन गर्न समस्या नरहेको बताउँदै पूर्वाधार निर्माणका लागि प्राविधिकको सल्लाहअनुसार अघि बढ्ने प्रतिबद्धता जनाए। उनले जिल्लाका सबै संयन्त्रबाट विमानस्थल सञ्चालनका लागि आवश्यक सहयोग गर्नुपर्ने बताए। उनले विमानस्थल सुरक्षा समिति बनाउन आग्रह गरे। उनले अब फर्केलगत्तै बजेट इस्टिमेट गरेर मन्त्रालयसँग माग गर्ने समेत बताए।

'पूर्वाधार निर्माणको काम अब तत्काल शुरू गर्न हामी पहल गर्छौं' -शर्माले भने। उनले प्रमुख जिल्ला अधिकारी, नगरपालिका, स्थानीय राजनीतिक दल र सांसदलाई पनि आवश्यक सहयोग गर्न आग्रह गरे।

एक साताअघि वायुसेवा निगम र तारा एयरले हप्ताको एक पटक नियमित उडान भर्ने प्रतिबद्धता जनाएका थिए। यता बागलुङ नगरपालिकाले यात्रुको ग्यारेन्टी र विमानस्थल नियमित सञ्चालनका लागि जस्तोसुकै सहयोग गर्न पनि तयार रहेको जनाएको छ। नगरपालिकाका प्रमुख जनक पौडेलले दैनिक उड्ने जहाजमा अपुग यात्रुको भाडा नगरपालिकाले भुक्तानी गर्ने बताए।

विस २०४८ सालमा पोखरा-बागलुङ सडकमा सवारीसाधन गुड्न थालेपछि उक्त विमानस्थल बन्द रहेको थियो। सो स्थानमा पुग्ने बाटो कच्ची भएको कारण बीचमा परीक्षण उडान भए पनि विमानस्थल नियमित सञ्चालनमा आउन सकेको थिएन। करिब तीन वर्षअघि विमानस्थल सञ्चालन ल्याउने तयारीका साथ तत्कालीन शिक्षामन्त्री तथा माओवादी नेता दिनानाथ शर्माको पहलमा नेपाल एयरलायन्सको ट्वीनअटर जहाजले टेस्टिङ उडान गरेको थियो। अहिले मालढुंगादेखि–नारायणस्थान हुँदै सरंगीसम्मको कालीगण्डकी करिडोरको सडक नेपाली सेनाले करिब पाँच करोडको लागतमा स्तरोन्नति गरिसकेको र कुश्मादेखि बागलुङ जान एउटा झोलुंगे पुल र एकवटा यान्त्रिक पुलसमेत सञ्चालनमा आएकाले यात्रुका लागि विमानस्थलसम्म पुग्न समस्या नरहेको नगरपालिकाका प्रमुख पौडेलले जानकारी दिए।

विमानस्थल सञ्चालन गर्न धौलागिरिवासीले पटक-पटक यसअघि पनि माग गर्दै आएका थिए। सो विमानस्थलमा हवाई उडान भए धौलागिरिका पर्वत, बागलुङ र म्याग्दीका जनतालाई ठूलो सहयोग पुग्ने पर्वत उद्योग वाणिज्य संघका अध्यक्ष हरिओम शर्मा लामिछानेले बताए। उनले साताको एक दिन भने पनि नियमित हुन थालेपछि दैनिकजसो नै यात्रुको संख्या पुग्ने दाबी गरे।

मालढुंगाबाट विमानस्थल हुँदै जाने सडकको लागि आवश्यक बजेट विनियोजन भई काम अघि बढेकाले कालो पत्रे गर्ने तयारीसमेत भइरहेको छ।

यो विमानस्थल बागलुङका नारायणस्थान, पैयुँपाटा, अमलाचौर, कुश्मिशेरा, भकुण्डे, रायडाँडालगायत करिब १४ गाविसका जनताको श्रमदानमा २०१८ सालमा निर्माण भएको हो। विमानस्थल सञ्चालन गरेर नियमित उडान भरेमा वैदेशिक रोजगारबाट आउने व्यक्ति, व्यापारी, सरकारी तथा गैर सरकारी क्षेत्रका कर्मचारीलगायत पर्यटक भित्र्याउनसमेत सकिने स्थानीय बताउँछन्।

विमानस्थल बन्द हुनुपूर्व बलेवाबाट टुइनटअर विमानल काठमाडौं, पोखरा र भैरहवा उडान भर्ने गरेको थियो। विमानस्थल अहिले गौचरनमा परिणत भएको छ। सो विमानस्थलबाट घाँस बेचेर प्राप्त आम्दानी स्थानीय क्याम्पस सञ्चालनका लागि प्रयोग हुँदै आएको छ।


**Government of Nepal**
**Ministry of Home Affairs**
**District Police Office**
**Khotang, Diktel**
**Invitation for Re-Bids**
**Date of publication 2074/10/18**

1. **District Police Office, Khotang invites** electronic bid from eligible and interested bidders for the following works under National Competitive Bidding Procedures. Eligible bidders having the following key qualifications should participate in this bidding: Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years and Minimum Work experience of similar size and nature: At least two having the value mentioned in Table below.

| Contract Number | Description of Works | Similar Nature Work Experience & Cash Flow | Average Annual Turn Over | Fee for Bids(Rs) | Bid Security (Rs) |
|---|---|---|---|---|---|
| N1SP/KHO-REG/074-75 | Construction of Barrack, Mess, Toilet Block, Septic Tank and Soak pit | 32,000,000.00 & 99,00,000.00 | 60,000,000.00 | 5,000.00 | 830,000.00 |

2. Bidders may download the bidding documents and submit their bids electronically through e-procurement at www.bolpatra.gov.np/egp PPMO's portal as specified in the bidding data sheet. Bidders should deposit the equivalent fee for bidding document in the respective Revenue Account as below within the date and time specified.

| Office Code | Rajaswa Shrishak No. | Office Account No. | Cash Deposit for Bid Security | Name of the Bank |
|---|---|---|---|---|
| 12-314-02 | 14227 | Ka-1-1-001 | Dharauti Khata No:206020300000 (Ko. Le. Ni. Ka., Diktel) | Rastriya Banijya Bank, Khotang,Diktel |

3. The last Bid Purchase Date is **2074/10/24** within Office Hour.
4. Electronic bids must be submitted at **District Police Office, Khotang** through PPMO websites on or before **12:00 Hours** on **2074/10/25**.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 Hours** on **2074/10/25** at the **District Police Office Khotang.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a **bid security** or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of above mentioned amount, which shall be valid for 30 days beyond the validity period of the bid after deadline of Bid Submission.
6. Bid Security Guarantee must be in the format prescribed in the bid document.
7. Any amendment in this tender notice shall be pasted on the notice board of the **District Police Office Khotang** and the website.
8. Other things not included in bidding documents will be as per Public Procurement (1st Amended) Act 2073 and PPR 2064 (5th Amended 2073 BS).
9. The employer reserves the right to accept or reject wholly or partly any or all the bids without assigning reason whatsoever. **Note:** Please refer to the complete set of bidding documents from the PPMO Websites for **pre-bid meeting** and for further information.



# विश्व

**निस्क्रिय**
हङकङको एक व्यस्त क्षेत्रमा फेला परेको दोस्रो विश्वयुद्धकालीन दुईवटा क्षतिग्रस्त बम निस्क्रिय पारिएको छ।



**आगजनी**
जापानको साप्पोरो शहरमा गरिबका लागि सञ्चालित एउटा आवासमा आगलागी हुँदा एघार जनाको ज्यान



2018, FEB
Friday
2

विश्व २ मिनेट

**अमेरिका**

## विमाननजिकै अर्को विमान

वासिङ्टन, (एजेन्सी)

ब्ल्याक सीमाथि उडिरहेको अमेरिकाको एक सुपरीवेक्षक विमानको मात्र ५ फिटमाथि एउटा रुसी लडाकू जेट विमान आइपुगेको अमेरिकी सरकारी निकायले जनाएको छ। एक जना अमेरिकी अधिकारीले रुसी जेट विमानको उक्त उडान शैलीका कारण अन्तर्राष्ट्रिय हवाई अन्तिरिक्षमा नै उडिरहेको उक्त अमेरिकी नौ सैनिक विमानले आफ्नो पूर्वनिर्धारित कार्यक्रम छोट्याउनुपरेको जानकारी दिएका छन्। अमेरिकी विदेश विभागबाट जारी गरिएको एक विज्ञप्तिमा अन्तर्राष्ट्रिय मूल्य र मान्यता एवं सहमति तोडेर भएको रुसी सैनिक गतिविधिको यो पछिल्लो उदाहरण भएको जनाएको छ।

**टर्की**

## पक्राउपुर्जी

इस्तानाबुल, (एजेन्सी)

टर्कीको एक वरिष्ठ न्यायविद्ले बिहीबार १ सय २० जना आशंकित सैनिक अधिकारीलाई हिरासतमा लिन पक्राउपुर्जी जारी गरेको सरकारी समाचार निकाय एनाडोलुले जनाएको छ। सन् २०१६ मा राष्ट्रपति रिसिप तायिप एर्दोगानविरुद्ध भएको असफल सैनिक विद्रोहपछि अझैसम्म पनि सरकारको आशंकित व्यक्तिमाथिको दमन र नियन्त्रण नीति चलिरहेको छ। यसै बीच एनाडोलुले प्रतिबन्धित बाइलक मेसेजिङ एप प्रयोग गरेको अभियोगमा ४३ वटा प्रान्तमा छापा मारेर आशंकित ५८ जनालाई पनि गिरफ्तार गरिएको जनाएको छ।

**अमेरिका**

## मयूर लान रोक

न्युयोर्क, (एजेन्सी)

युनाइटेड एयरलाइन्सले एक महिला यात्रुलाई उडानमा आफूसँगै एक मयूर लान रोक लगाएपछि सडक यात्रा गर्न बाध्य भएकी छिन्। जीवित प्राणीसँग यात्रा गर्न पाउने नियमअनुसार ती महिलाले मयूरका लागि पनि टिकट काटेकी थिइन्। तर एयरलाइन्सले न्यु जर्सीको नेवार्क विमानस्थलबाट उड्ने आफ्नो विमानमा मयूर लैजान रोक लगाएको हो। मयूरको वजन र आकारका कारण नियमको दिशानिर्देश पूरा नभएको एयरलाइन्सले जनाएको छ। आफूले पालेको मयूर लस एन्जलस जान लागेकी ती महिलाले सडकबाट यात्रा गर्ने फैसला लिएकी छिन्।

**अमेरिका**

## बलात्कारी अन्धा सजाय मुक्त

ओक्लाहामा, (एजेन्सी)

अमेरिकाको ओक्लाहोमा राज्यमा बलात्कारका दोषीलाई अन्धा भएका कारण जेल सजाय नदिएकोमा महिला अधिकारवादी संस्थाले आक्रोस व्यक्त गरेका छन्। ३६ वर्षीय बेन्जामिन लरेन्स पेटी नामका ती व्यक्तिमाथि १३ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोप लगाइएको थियो। बेन्जामिनले चर्चको क्याम्पमा आएकी ती बालिकालाई हातमा डोरीले बाँधेर बलात्कार गरेका थिए। उनले घटनाका बारेमा अरूलाई नभन्न बालिकालाई धम्क्याएका थिए। बेन्जामिनलाई जेल सजाय नहुनुको सबैभन्दा ठूलो कारण उनी अन्धो हुनुरहेको स्थानीय अधिवक्ताले बताए।

## सुकीको निवासमा पेट्रोल बम प्रहार

यांगुन, (एजेन्सी)

म्यान्मारका प्रजातन्त्रवादी नेतृ आङ साङ सुकीको निवासस्थान परिसरमा बिहीबार बिहान एउटा पेट्रोल बम प्रहार गरिएको सरकारी अधिकारीले बताएका छन्। उक्त आक्रमणका बेला सुकी निवासमा रहेको र आक्रमणबाट सामान्य क्षति पुगेको बताइएको छ।

सरकारी प्रवक्ता ज तायले सो आक्रमण हुँदा सुकी राजधानी नायपितमा रहेको पुष्टि गरेका छन्। म्यान्मारकै सबैभन्दा ठूलो शहर यांगुनस्थित सुकीको मुख्य निवासस्थानलाई लक्षित गरी यो आक्रमण भएको प्रहरीले जनाएको छ।

जुन्ता सरकार अर्थात् सैनिक सरकार चलेका बेला शान्तिका लागि नोबेल पुरस्कार विजेता सुकीलाई वर्षौंसम्म नजरबन्दी बनाइएको थियो। त्यति बेला उनी मुलुकमा प्रजातन्त्रको पुनःस्थापनाका लागि संघर्षरत थिइन्।

सन् २०१२ मा उनको नेसनल लिग फर डेमोक्रेसी पार्टी सत्तामा आएको थियो। ज तायले प्रत्यक्षदर्शीले एक अज्ञात व्यक्ति सुकीको निवासस्थानबाट भागेपछि विस्फोट भएको सिसी, पेट्रोलको अवशेष र आगलागीबाट जलेको पानीको पाइप भेटिएको बताएको जनाएका छन्। आक्रमणको उद्देश्य स्पष्ट हुन सकेको छैन।

## हिन्दूकुश क्षेत्रमा भू-कम्प

इस्लामावाद, (एजेन्सी)

पाकिस्तान र अफगानिस्तानमा बुधबार ६ दशमलव १ रिक्टर स्केलको भूकम्प जाँदा एक बालिकाको ज्यान जानुका साथै अन्य ५ व्यक्ति घाइते भएको सरकारी अधिकारीले बताएका छन्। ती दुवै मुलुकको राजधानीमा पनि भूकम्पको धक्का महसुस भएको थियो।

अमेरिकी भौगर्भिक सर्भेक्षणले यसको केन्द्रविन्दु हिन्दूकुश क्षेत्रको जार्मदेखि करिब ३५ किमि दक्षिणमा पर्ने पाकिस्तानी सीमाना नजिकको अफगानिस्तानको उत्तरपूर्वी भागको १ सय ९१ दशमलव २ किमिको गहिराइमा रहेको जनाएको छ। टेलिभिजन फुटेजमा इस्लामावादलगायत अन्य शहरमा पाकिस्तानी कार्यालय र विद्यालयहरूबाट आत्तिँदै बाहिर निस्केको देखिन्छ। पाकिस्तानको बालुचिस्तान प्रान्तको लासवेला गाउँमा काँचो इँटाका घरहरू भत्किँदा एक बालिकाको मृत्यु भएको हो। सन् २००५ मा पाकिस्तान र कास्मिरमा आएको ७ दशमलव ६ रिक्टर स्केलको भूकम्पको कारण हजारौं व्यक्तिको ज्यान गएको थियो।

# भारतमा महत्त्वाकांक्षी स्वास्थ्य बीमा योजना



नयाँदिल्ली, (एजेन्सी)

भारतले बिहीबार गरिब जनतामाथि ध्यान केन्द्रित गर्दै महत्त्वाकांक्षी स्वास्थ्य बीमा कार्यक्रम घोषणा गरेको छ। यो कार्यक्रम स्वास्थ्य उपचार खर्चका लागि संघर्षरत करोडौं जनताको हितका लागि लक्षित रहेको सरकारी सूत्रले जनाएको छ।

विश्वकै सबैभन्दा ठूला योजनामध्ये एक मानिएको यस योजना ग्रामीण जनताबीच निकै लोकप्रिय हुने अनुमान गरिएको छ। हाल भारतले कुल गार्हस्थ्य उत्पादनको एक प्रतिशत मात्र जनस्वास्थ्य स्याहारमा खर्च गर्ने गरेको छ।

आगामी वर्षको आम निर्वाचन अगाडि आर्थिक वृद्धिदर बढाउने उद्देश्यले वार्षिक बजेटमार्फत यो योजना घोषित भएको हो। अर्थमन्त्री अरुण जेट्लीले स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा र ग्रामीण पूर्वाधारका लागि अर्बौं अमेरिकी डलर छुट्याएका छन्।

जेट्लीले १० करोडभन्दा बढी गरिब परिवारका लागि केन्द्रित रहेको यस कार्यक्रममार्फत प्रत्येक परिवारका लागि वार्षिक स्वास्थ उपचार ५ लाख भारु प्रदान गरिने पनि जनाएका छन्। भारतमा निजी क्षेत्रको स्वास्थ्य उपचार निकै खर्चिलो भएकाले गरिबको पहुँचभन्दा बाहिर रहेको छ।

## १३ वर्षीय केटासँग शिक्षिकाको अनैतिक सम्बन्ध

अष्टिन, (एजेन्सी)

अमेरिकी राज्य टेक्ससमा एक पिताले किशोरावस्था टेकेका आफ्ना छोरालाई एक गाडीको पछाडि उनकै स्कुलकी एक शिक्षिकासँग यौनक्रिडामा लिप्त अवस्थामा भेटाएपछि ती शिक्षिका प्रहरीको फन्दामा परेकी छिन्।

ह्युस्टनबाट ८० माइल दक्षिण पश्चिम पर्ने बे सिटीका प्रहरीले ती ४४ वर्षीया शिक्षक रसेल गोन्जालेजमाथि अनलाईनमा लालच दिने लगायत १३ वर्षीय केटासँग गलत सम्बन्ध राखेको आरोप लगाएका छन्।

अनुसन्धानका क्रममा प्रहरीले केटाका मोबाइल फोनमा गोन्जालेजले पठाएका तथा उनीहरूबीच गलत सम्बन्धको संकेत दिने टेक्स्ट फेला पारेका थिए। उक्त घटना गत डिसेम्बर १४ को भएको प्रहरीले बताए।

जिल्ला न्यायाधिवक्ताको आग्रहमा गोन्जालेज काम गरिरहेको बे सिटी इन्डिपेन्डेन्ट स्कुल डिस्ट्रिक्टले मुद्दा स्थानीय प्रहरीलाई हस्तान्तरण गरेको छ। डिसेम्बर २२ मा उनलाई माटागोर्डा काउन्टी जेलमा लगिएको थियो तर अहिले उनी धरौटीमा बाहिर छिन्।

गोन्जालेजले डिसेम्बर १५ मा चेरी इलेमेन्ट्री स्कुलको चौथो ग्रेड शिक्षकबाट औपचारिक रूपमा राजीनामा दिएको स्कुलले जानकारी दिएको छ। अहिलेसम्म उनले कुनै याचिका हालेको छ वा छैन भन्ने विषयमा थाहा भएको छैन।

एक स्थानीय अखबार बे सिटी ट्रिब्युनले सेप्टेम्बरमा दिएको एक समाचारमा टेक्सस शिक्षा निकायले यो वर्षभित्र राज्यमा शिक्षकहरूमाथि नाबालिग विद्यार्थीसँग गलत सम्बन्ध राखेको आरोपको घटनामा ३६ प्रतिशतले वृद्धि भएको जनाएको थियो।

यो वर्षमा मात्रै ३ सय २ वटा यस प्रकारको घटना छानबिन भइरहेका छन्। राज्यमा विगत ९ वर्षदेखि यस प्रकारका घटनाहरूको उजुरी परिरहेको बताइएको छ।



# बेलायतबाट ठूलो परिमाणमा सुंगुरको शुक्राणु आयात

बेइजिङ, (एजेन्सी)

चीनले सुंगुर उत्पादन बढाउन बेलायतबाट ठूलो परिमाणमा सुंगुरको शुक्राणु आयात गर्न लागेको छ।

बेलायतले हालै मात्र सुंगुरको शुक्राणुलाई लिएर ठूलो अर्डर प्राप्त गरेको छ। यसका लागि चीनले बेलायतसँग २ लाख पाउन्डको अनुबन्ध गरेको छ। ब्रेग्जिटपछि बेलायत र चीनबीच उक्त व्यापारिक सम्झौता भएको हो।

उत्तर आयरल्यान्डबाट सुंगुरको फ्रोजन शुक्राणु ५ हजार माइलको उडान गरी चीन पठाइनेछ। स्पियरहेड चाइना लिमिटेडका अध्यक्ष विलियम आर्थर स्पियर्सले ब्रेग्जिट बेलायतका लागि अत्यन्त उत्तम भएको र चीनका लागि पनि राम्रो अवसर भएको बताए। चीन सुंगुरको अत्यन्तै ठूलो बजार भएको पनि उनले बताए।

उनले भने- 'दुर्भाग्यवश चीनका नागरिक छिटोछिटो पैसा बनाउन चाहन्छन्। जबकि बेलायतका किसान उसको गुणवत्ता र धेरैभन्दा धेरै बच्चा जन्माउनमा ध्यान दिइरहेका छन्।'

बेलायतमा व्यावसायिक तरिकाले ठूलो संख्यामा सुंगुर ब्रिडिङको इतिहास



छ। उसका लागि उच्च प्रजनन प्रविधि विकसित गर्नु सहज छ। सुंगुरको शुक्राणुलाई तरल नाइट्रोजन क्यानमा जमाउने गरिन्छ।

'चीनमा मानव आवादी धेरै छ। यहाँ धेरै संख्यामा सुंगुर फर्म पनि छन्। तर यहाँ धेरै सुंगुर जम्मा गर्नु कठिन छ। किनभने ती जनावरमा बिमारी फैलिने डर हुने गर्छ।' -जुसिजी पिग ब्रिडिङका सीईओ लु गुआंहुआले बताए।

उत्तरी आयरल्यान्डको सुंगुरको नश्ल अत्यन्तै राम्रो हुने गरेको त्यसबाट धेरै नाफा हुने उनी बताउँछन्। उक्त नस्लको सुंगुरलाई अन्य सुंगुरको तुलनामा १० प्रतिशत कम आहार खपत हुन्छ। उनीहरूबाट चीनका सुंगुरको पनि धेरै बच्चा हुने उनले थपे।

चीनको सरकारी नियमका कारण बजार प्रवेश पाउन गाह्रो छ तर ब्रेग्जिटका कारण केही कम्पनीलाई नयाँ अवसरको अपेक्षा गरिएको छ।

बेलायतका प्रधानमन्त्री थेरेसा मेले बुधबार चीन भ्रमण शुरू गरेकी छन्। उक्त भ्रमणका क्रममा उनको एजेन्डा ब्रेग्जिटपछि चीनसँग व्यापारिक सम्बन्ध बढाउन जोड दिनु रहेको बताइएको छ।

# शिक्षिका पिट्ने बालकलाई हत्कडी

मायामी, (एजेन्सी)

अमेरिकाको मायामी ड्याड विद्यालयका प्रहरीले आफ्नो शिक्षिकमाथि मुक्का प्रहार गरेको अभियोगमा एक ७ वर्षीय बालकलाई हत्कडी लगाएर नियन्त्रणमा लिएको स्थानीय सञ्चारमाध्यमले जनाएको छ। तर, अहिले ती बालकका आमाले भने प्रहरीद्वारा आफ्नो छोरामाथि मानसिक र शारीरिक उत्पीडन भएको दाबी गरिरहेकी छिन्।

स्थानीय च्यानल ७ डब्ल्यूएसभीएनलाई प्रहरीले दिएको प्रतिवेदनमा बताइएको छ- 'खाना नखाई खानासँग जथाभावी खेलिरहेको पाइएपछि कक्षा एकमा अध्ययनरत ती बालकलाई कोरल वे के-८ सेन्टरको क्याफ्टेरियाबाट ती शिक्षिका उभिरहेको हलको बाटोसम्म पुऱ्याइएको थियो।'

त्यसपछि एक्कासि ती बालकले शिक्षिकाको ढाडमा धमाधम मुक्का बर्साउन थाले। त्यस्तैमा त्यहीं रहेका अर्का एक व्यक्तिले उनलाई रोक्न खोजे। तर, उनले लगातार लात्ती र मुक्का बर्साउन थालेपछि प्रतिवादको कोसिस गर्दागर्दै शिक्षकासहित ती व्यक्ति पनि भुइँमा लड्न पुगे।

ती नाम नखुलाइएकी पीडित शिक्षिकाले छात्रविरुद्ध अभियोग लगाउने बताएकी छिन्।



तत्काल विद्यालय पुगेका उनका अभिभावकलाई प्रहरीले बालकको मानसिक परीक्षण गराउन लाने नभए उनलाई गिरफ्तार गरिने जानकारी दिएको थियो। बालककी आमा मसी अल्भारेजले प्रहरीको ज्यादती भएको एल नुएभो हेराल्ड न्युजलाई जानकारी गराएकी छिन्।

विशेष सूचनाका आधारमा काठमाडौंबाट भारतको नयाँ दिल्ली हुँदै क्यानडा, जापान तथा युरोपका विभिन्न मुलुकहरूमा पठाइदिन्छु भनी प्रलोभनमा पारी ठगी गर्ने गिरोहलाई पक्राउ गरेको हो ।

# सीमा विवादमा सर्वोच्चले सरकारसँग जवाफ माग्यो

**नेपला समाचारपत्र**
काठमाडौं

सर्वोच्च अदालतले भारतले वीगरन्जमा नेपाली भूमि मिचेको भन्दै परेको रिटमा सरकारसँग लिखित जवाफ माग गरेको छ। यद्यपि सर्वोच्चले रिट निवेदनको मागअनुसार सीमा स्तम्भ गाड्ने काम रोक्न अन्तरिम आदेश दिएन। न्यायाधीश ओमप्रकाश मिश्रको एकल इजलासले सम्पूर्ण विवरणसहित १५ दिनभित्र लिखित जवाफ पेश गर्न सरकार र नापी विभागलाई आदेश दिएको छ।

भारतीय पक्षले वीरगन्ज नगरको छपकैयामा नेपाली सीमा मिचेर सीमा स्तम्भ गाडेको भन्दै अधिवक्ता यज्ञमणि न्यौपानेले ९ माघमा सर्वोच्चमा रिट दायर गरेका थिए। प्रधानमन्त्री कार्यालय, नापी विभाग, नेपाल भारत सीमा टोली प्रमुखलगायतलाई विपक्षी बनाइ दायर रिटमा सुगौली सन्धी र १८१६ देखि १८९० सम्मका आधार नक्सा विपरीत वीरगन्ज महानगरपालिका १ छपकैया एरिया सिर्सैया खोलाधार तर्फको लगभग ३०० मिटर नेपालको जमिन मिची मूल पिलर तथा सहायक पिलर राख्न खाल्टो खन्ने काम भइरहेको दाबी गरिएको थियो।

साथै सुगौली सन्धीविपरीत सीमा स्तम्भहरू गाड्ने काम भइरहेको भन्दै रिटमा नयाँ पिलरहरू हटाउन माग गरिएको छ। वीरगन्जको छपकैयामा सीमा स्तम्भ गाड्ने क्रममा आफूहरूको ५० बिघा जग्गा मिचिएको स्थानीयबासीको दाबी छ।

# १८ हजारसहित प्रहरी जवान रंगेहात पक्राउ

**नेपाल समाचारपत्र**
भक्तपुर

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भक्तपुरको दधिकोट प्रहरी चौकीमा कार्यरत प्रहरी जवान उमेश थापालाई नगद १८ हजारसहित रंगेहात पक्राउ गरेको छ। प्रहरी जवान थापाले एक सेवाग्राहीबाट केही दिनअघि भएको मोटरसाइकल दुर्घटनाको उजुरीलाई मिलाइदिन्छु भन्दै १८ हजार रुपियाँ घुस लिएको अख्तियारले बताएको छ। थापाले घुस मागेको सेवाग्राहीले दिएको विशेष सूचनाका आधारमा अख्तियारको टोलीले उनलाई भक्तपुरको राधेराधेबाट पक्राउ गरेको हो। पक्राउ परेका थापालाई अनुसन्धानका लागि अख्तियारले नियन्त्रणमा लिएको छ।

## महानिर्देशक पन्तलाई नहटाउनु

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले स्वास्थ्य सेवा विभागका महानिर्देशक डा. राजेन्द्र पन्तलाई पदबाट नहटाउन अन्तरिम आदेश जारी गरेको छ। न्यायाधीश ओमप्रकाश मिश्रको एकल इजलासले पन्तलाई महानिर्देशक पदबाट हटाउने निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो।

स्वास्थ्य मन्त्रालयमा सरुवा गर्ने र डा. तारानाथ पौडेललाई महानिर्देशक नियुक्त गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश दिएको सर्वोच्चले जनाएको छ। स्वास्थ्य मन्त्रालयलाई सरुवा र नयाँ महानिर्देशक नियुक्त गर्नुको कारण देखाउन आदेशसमेत जारी गरेको छ। आफूलाई पदबाट हटाइ मन्त्रालयमा सरुवा गर्ने निर्णय कानुनसम्मत नभएको दाबी गर्दै पन्तले सर्वोच्च अदालतमा रिट दायर गर्नुभएको थियो। स्वास्थ्यमन्त्री दीपक बोहोराले पन्तलाई सरुवा गरी पौडेललाई महानिर्देशकमा नियुक्त गर्नुभएको थियो। यस्तै सर्वोच्चले पत्रकार टंक पन्तलाई नेपाल टेलिभिजनको सञ्चालक समितिको सदस्य पदबाट नहटाउन अन्तरिम आदेश दिएको छ।

## ठगीको अभियोगमा पाँचजना पक्राउ

काठमाडौं, (नेस)

युरोप लगायतका देशमा पठाइदिने भन्दै ठगी गरेको आरोपमा प्रहरीले २ भारतीयसहित ५ जनालाई पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा काठमाडौंबाट भारतको नयाँ दिल्ली हुँदै क्यानडा, जापान तथा युरोपका विभिन्न मुलुकहरूमा पठाइदिन्छु भनी प्रलोभनमा पारी ठगी गर्ने गिरोहलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा गुल्मी मुसीकोटका नारायण घिमिरे, रुपन्देही कालिकानगरका झपेन्द्र थापा मगर, अर्घाखाँची छत्रदेव गाउँपालिकाका अर्जुन अर्याल रहेका छन्। यस्तै, भारतीय मूलका संदिप सिंह, रोनाल्ड गहतराजलाई महानगरीय अपराध महाशाखाले बताएको छ।

उनीहरूमध्ये भारतका रोनाल्ड गहतराजले दिल्लीमा ग्लोबल ट्रेडिङ कन्सल्टेन्सी सञ्चालन गरी ठगी गरेको र घिमिरेले पुतलीसडकमा निकिता ग्लोबल कन्सल्टेन्सी सञ्चालन गरी ठगी गरेको खुल्न आएको छ । आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभागमा पठाइएको महाशाखाले बताएको छ। दोषी ठहरिएमा वैदैशिक रोजगार ऐन २०६४ अनुसार कसुरदारलाई कसुरको मात्रा हेरी ३ लाखदेखि ५ लाखसम्म जरिवाना र ३ वर्षदेखि ७ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ।

## पार्टी...

पार्टी एकताका सन्दर्भमा २ अध्यक्षबीच भइरहेको छलफल सकारात्मक रूपमा अघि बढेको बैठकले ठहर गर्दै अझै एक दुईपटक प्रमुख नेताहरू छलफलमा बस्ने र त्यस पछि संयोजन समितिको बैठक बसेर कार्यदल निर्माण गर्ने सहमति भएको श्रेष्ठले बताउनुभयो। बैठकले २ पार्टी एकताका बारेमा अझै कसरत नपुगेको ठहर गरेको छ।

बैठकबारे सञ्चारकर्मीलाई जानकारी दिँदै माओवादी केन्द्रका उपाध्यक्ष नारायणकाजी श्रेष्ठले भन्नुभयो- 'पार्टी एकताका सम्बन्धमा अझै दुई तीन चरणमा २ पार्टीका शीर्ष नेतृत्वमा छलफल गरेर कार्यदल बनाउने कुरा भएको छ।

त्यसैगरी भारतीय विदेशमन्त्री सुष्मा स्वराजको नेपाल भ्रमणका क्रममा हुने एमाले, माओवादी केन्द्र र वाम गठबन्धनले भेटघाट गर्नेक्रममा निर्वाचनमा आएको परिणामअनुसारको साझा जनमतलाई आधार बनाएर कुराकानी गर्नेबारे सहमति भएको बताउनुभयो। भारतीय विदेशमन्त्री स्वराजको भ्रमण बारे उहाँसँगको बार्तामा बामपन्थी गठबन्धन र २ पार्टीको तर्फबाट राखिने बामपन्थी दृष्टिकोण बारे पनि छलफल भएको नेता श्रेष्ठले बताउनुभयो। बैठकले सरकारले गरेका पछिल्ला निर्णयको विरोध र भर्त्सना गर्ने निर्णयसमेत गरेको छ। प्रतिनिधि र प्रदेशसभा चुनावमा गठबन्धन गरेर पार्टी शीघ्र एकता गर्ने घोषणा गरेका एमाले र माओवादीले पछिल्लो समय एकीकृत पार्टीको नेतृत्व र सैद्धान्तिक कार्यदिशा टुंगोसमेत लगाउन सकेका छैनन्। यसमा पनि फेरि दुई अध्यक्षहरू बसेर कुरा टुंगो लगाउने सहमति भएको छ।

बैठकमा एमाले अध्यक्ष ओली, उपाध्यक्ष वामदेव गौतम, नेताहरू ईश्वर पोखरेल, सुरेन्द्र पाण्डे, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, नेताहरू रामबहादुर थापा , वर्षमान पुनको सहभागिता रहेको थियो।

## डी ग्रेड...

कक्षा ११ वा १२ मा जस्तो एउटा विषयमा मात्रै ग्रेड वृद्धि होइन आफूलाई इच्छा लागेको विषयमा पुनःपरीक्षा दिन पाउने व्यवस्था गरेको काप्रीले बताउनुभयो।

विदेशी विद्यालयबाट कक्षा ८ वा सो सरह अध्इयन गर्ने विद्यार्थीको हकमा कक्षा ९ मा अध्ययन गर्ने विद्यार्थीका लागि शिक्षा मन्त्रालयले नमुना कार्यविधि बनाएर स्थानीय तहलाई उपलब्ध गराउने र स्थानीय तहले नमुना कार्यविधिअनुसार स्थानीय कार्यविधि बनाएर कक्षा ९ मा भर्ना लिने पाउने निर्णय गरेको मन्त्रालयका सह-प्रवक्ता सरस्वती पोखरेलले जानकारी दिनुभयो। राष्ट्रिय परीक्षा बोर्डले यो वर्षदेखि कक्षा ११ र आउँदो वर्षदेखि कक्षा १२ को परीक्षा ग्रेडिङ प्रणाली लागू गरिसकेको छ। कक्षा ११ को परीक्षाफल ग्रेडिङ प्रणालीबाट भए पनि अन्योलता कायम रहेको छ।

## संसद...

३ वटा गेटबाट संसद् भवनभित्र प्रवेश गर्ने व्यवस्था मिलाइएको छ। १ नम्बर गेटबाट प्रधानमन्त्री, सभामुख, मन्त्री र शीर्ष नेताहरू प्रवेश गर्नेछन् भने २ र ३ नम्बर गेटबाट सांसदहरू प्रवेश गर्नेछन्। ३ नम्बर गेटबाट पत्रकार, दर्शक र कर्मचारी प्रवेश गर्नेछन्।

पोखेलका अनुसार वार्षिक १५ करोड रूपियाँ तिर्ने गरी संसद् भवन भाडामा लिइएको छ। यसअघि वार्षिक साढे १० करोड तिर्नुपर्दथ्यो। उक्त रकममा १३ प्रतिशत कट्टा गरी वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति सचिवालयलाई बुझाउनुपर्छ। सम्मेलन केन्द्र शहरी विकास मन्त्रालयअन्तर्गत रहेको छ। २ वर्षमा १० प्रतिशत भाडा बढ्दै आएकोमा अब ३ वर्षमा मात्र भाडा बढाउने सहमति भएको छ। यसअघि वार्षिक साढे १० करोड तिर्नुपर्दथ्यो।

## संघीय...

राप्रपा प्रजातान्त्रिककी रीना गुरुङले अनुभवी र युवाहरूको समन्वयबाट प्रदेश-३ लाई सम्वृद्ध र विकासित प्रदेश बनाउने दृढता व्यक्त गर्नुभयो। राप्रपाकी रीता माझीले चुनावी राजनीतिभन्दा माथि उठेको साझा राजसंस्था बारे चर्चा गर्नुभयो। उहाँले अब अन्याय, अत्याचार र भ्रष्टाचार नियन्त्रणमा अगाडि बढ्नुपर्ने बताउनुभयो। बैठकमा काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यलगायतको उपस्थिति थियो। प्रदेशमा दलगत आधारमा नेकपा एमालेका ५८, नेपाली कांग्रेसका २१, नेकपा माओवादी केन्द्रका १५, राप्रपा, राप्रपा प्रजातान्त्रिक र नयाँ शक्तिका १/१, नेमकिपाका २, विवेकशीलका ३ र अन्य ८ जना गरी १ सय १० सांसद् छन्। प्रदेशसभामा एमालेको एकल बहुमत छ।

यो सातवटै प्रदेशमध्ये करिब ५५ लाख जनसंख्या समेटेर १४ प्रतिशत क्षेत्रफल ओगटेको देशको सबभन्दा ठूलो प्रदेशसभा हो। प्रदेश-३ मा काठमाडौं उपत्यकाका तीन जिल्लाका साथै सिन्धुली, रामेछाप, मकवानपुर, सिन्धुपाल्चोक, काभ्रे, दोलखा, नुवाकोट, धादिङ, रसुवा र चितवन जिल्ला समेटिएका छन्।

**सभामुखमा पौडेलकै सम्भावना**

सभामुखमा मकवानपुरबाट निर्वाचित एमालेका ७२ वर्षीय सांसद् पौडेल कायम हुने एमाले स्रोतले जनाएको छ। पौडेलले भन्नुभयो- म सभामुख हुने कुरामा विवादै छैन। २०४९ र २०५४ मा हेटौंडा नगरको मेयर निर्वाचित पौडेल १५ वर्ष नेपाल नगरपालिका संघको अध्यक्ष हुनुभएको थियो। पौडेल सभामुख भए उपसभामुखमा माओवादीले महिलालाई पठाउनुपर्नेछ।

**सुरक्षा व्यवस्था कडा**

पहिलो बैठक भएका कारण सुरक्षा व्यवस्था कडा पारिएको थियो। बैठक हलमा ३ घेराको सुरक्षा व्यवस्था मिलाइएको थियो। बाहिरी घेरामा सशस्त्र प्रहरी थिए भने भित्री घेरामा प्रहरी निरीक्षकको नेतृत्वमा ३० जनाको मर्यादापालक टोली थिए। भित्री घेरामा राष्ट्रिय अनुसन्धान टोली खटिएको थियो। नेपाल प्रहरीको तालिमप्राप्त २ वटा कुकुरसहित बम डिस्पोजल टोली देखिन्थ्यो। हेटौंडा-१० स्थित क्षेत्रीय शिक्षा निर्देशनालय भवनमा पहिलो बैठक बसेको हो।

**सांसद्हरूलाई होटलमा छुट**

बैठकमा सहभागी बाहिरका सांसद्हरूलाई होटल व्यवसायीले कोठमा तोकिएको शुल्कमा ४० प्रतिशत र खानामा १५ प्रतिशत छुट दिएका छन्। हेटौंडा अस्थायी राजधानी तोकिएको खुशीमा होटल एसोसिएसन मकवानपुरले सांसद्हरूलाई खाना र बसाइमा छुट दिने घोषणा गरेको थियो। बाहिरी जिल्लाबाट हेटौंडा आएका सांसद् र कर्मचारी प्रायः होटलमा बस्दै आएका छन्। तलब/भत्ता तोक्न बाँकी रहेका सांसद्हरू हाल आफ्नै खर्चमा बैठकमा सहभागी छन्।

**माइक सुनेर रिपोर्टिङ**

बैठकमा समाचार संकलन गर्ने पत्रकारलाई भित्र र बाहिर व्यवस्थित बनाउने प्रयास गरिएको थियो। बैठकका लागि दिउँसो १२ बजे उपस्थित हुन सञ्चारकर्मीलाई आग्रह गरिएको थियो। सञ्चारकर्मीलाई भित्र छुट्टै स्थानमा बस्ने व्यवस्था गरिएको थियो। संसद् भवन साँघुरो भएका कारण २० जना सञ्चारकर्मीमात्र भित्र बसेर रिपोर्टिङ गर्नसके। टेलिभिजन र रेडियोका सञ्चारकर्मीका लागि दृष्य र स्रव्य प्रदेश सचिवालयले उपलब्ध गराएको थियो। पत्रिकाका सञ्चारकर्मीहरूले भने भित्र गएर फोटो खिच्नेबित्तिकै बाहिर आउनुपऱ्यो। बाहिर बस्नुपर्ने सञ्चारकर्मीले प्रोजेक्टरमा हेरेर समाचार संकलन गर्नसक्ने व्यवस्था मिलाइएको भनिए पनि माइकको भरमा रिपोर्टिङ गर्नुपरेको थियो।

**निलो कार्पेट, रातो कुर्सी**

प्रदेशसभा बैठक कक्षमा निलो कार्पेट ओच्याइएको छ। कुर्सी रातो राखिएका छन्। पहिलेको क्षेत्रीय शिक्षा निर्देशनालय भवनको हल, बाहिरी संरचना रंगरोगन गरेर चिटिक्क पारिएको छ। सभामुख बस्ने कक्ष, कर्मचारी, मर्यादापालक, प्रदेश सांसद्हरू बस्ने छुट्टाछुट्टै स्थान तय गरिएको छ। प्रदेश संसद् सचिवालयको सबै तयारी पूरा गर्न भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्र मकवानपुरका प्राविधिक खटिएको केन्द्र प्रमुख सुदीप आचार्यले बताउनुभयो। प्रदेश सचिवालयमा भाडाका कुर्सीमा सांसद्लाई राखेर बैठक सञ्चालन गरिएको छ। पार्टी प्यालेसबाट ल्याइएको भाडाका कुर्सीमा सांसद्लाई राखेर बैठक सञ्चालन गरिएको हो। १ सय १० जना सांसद् बस्न रातो रंगको स्टिल सिटिङ कुर्सी भाडामा ल्याइएको छ। नयाँ कुर्सी बनाउन समय अभाव भएपछि पार्टी प्यालेसबाट भाडामा ल्याइएको हो। आगामी बैठकमा तयार हुने गरी काठमाडौंमा काठको कुर्सी बनाउन अर्डर गरिएको छ।

## सम्बन्ध...

बिहीबारको भेटवार्तामा ओली-स्वराजबीच आगामी दिनमा दुवै मुलुकबीच हुन सक्ने सहकार्य र विशेष सम्बन्धका बारेमा छलफल भएको भारतीय विदेश मन्त्रालयका प्रवक्ता रभेस कुमारले सामाजिक सञ्जाल ट्वीटरमार्फत जानकारी दिनुभएको छ। एमाले-माओवादी नेतृत्वमा नयाँ सरकार गठन गर्ने तयारी भइरहेका बेला भएको यो भ्रमणलाई निकै महत्त्वका साथ हेरिएको छ।

नेपालसँगको सम्बन्ध सुधार्न भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी अर्को महिना नेपाल आउने तयारीमा रहनुभएकाले त्यसको गृहकार्यका लागि स्वराज अहिले नेपाल आउनुभएको स्रोतले जनाएको छ। ओलीको निमन्त्रणामा नेपाल आउनुभएकी स्वराजको सम्मानमा एमालले साँझ रात्रिभोजको आयोजना गरेको थियो। सामान्यतया विदेशी पाहुनालाई परराष्ट्र मन्त्रालयले सम्मानमा रात्रिभोज दिने प्रचलन रहे पनि स्वराज ओलीको निमन्त्रणामा आउनुभएकाले सम्मान एमालेका तर्फबाट दिइएको हो।

मधेशवादी दलका नेताहरू पनि स्वराजसँगको भेटवार्ताका लागि बिहीबार नै सोल्टी होटल पुगेका थिए। राष्ट्रिय जनता पार्टी अध्यक्ष मण्डलका सबै नेताहरू भेटघाटमा सामेल थिए। स्वराजसँगको भेटवार्ता विशेष नभएको र समसामयिक विषयवस्तुमा केन्द्रित रहेको सो पार्टीले जनाएको छ। यसअघि त्रिभुवन विमानस्थलमा सञ्चारकर्मीहरूलाई संक्षिप्त प्रतिक्रिया दिँदै स्वराजले यो भ्रमणको कुनै एजेन्डा नभएको र दुई मुलुकको भ्रातृत्व विकासका लागि नेपाल आएको बताउनुभयो। 'म त आउँदै-जाँदै गर्छु, अहिले कुनै एजेन्डा छैन, नितान्त राजनीतिक भेटघाटका लागि आएकी हु' -उहाँले भन्नुभयो।

भ्रमण टोलीमा स्वराजका अतिरिक्त नव नियुक्त भारतीय विदेश सचिव विजयकेशर गोलखे, नेपाल डेक्स प्रमुख सुधाखर दलेला, भारतीय विदेश मन्त्रालयका प्रवक्ता रभेस कुमारलगायतका अधिकारी संलग्न हुनुहुन्छ। स्वराजले आज शुक्रबार बिहान पशुपति नाथको दर्शन गर्दै हुनुहुन्छ। त्यस लगत्तै पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग भेटवार्ता गर्ने कार्यतालिका तय भएको बताइएको छ। अपरान्ह स्वदेश फर्कनुअघि उहाँले राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री शेरबहादुर देउवासँग पनि भेटवार्ता गर्दै हुनुहुन्छ। बिहीबार दिउँसो साढे ३ बजे नै स्वराज काठमाडौं आइपुग्ने बताइए पनि एक घन्टा ढिलो मात्र उहाँ सवार जहाज निर्धारित समयभन्दा १ घन्टा ढिलो गरी विमानस्थल आइपुगेको थियो। स्वराजलाई विमानस्थलमा अर्थराज्य मन्त्री उदय शमशेर राणा, परराष्ट्र सचिव शंकर दास बैरागी, नेपालका लागि भारतीय राजदूत मञ्जिम सिंह पुरीलगायतका दूतावासका अधिकारीले स्वागत गर्नुभएको थियो।


कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालयको
**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मितिः २०७४/१०/१९)

यस कीर्तिपुर नगरपालिकाको चालू आ.व. ०७४/०७५ को सडक बोर्ड कार्यक्रम अन्तर्गत स्वीकृत देहायको यो जना ठेक्काद्वारा गर्नु परेकोले ईच्छुक सम्बन्धित कार्यको अनुभवी, रजिष्टर्ड निर्माण व्यवसायीहरुबाट चालु आर्थिक वर्षका लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र एवं मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, ब्यवसाय दर्ता प्रमाण पत्र लगायत अन्य आवश्यक कागजातहरु समेत संलग्न गरी देहाय बमोजिम सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आह्वान गरिन्छ ।

१) दरभाउपत्र फाराम खरीद गर्नको लागि निर्माण ब्यवसायी आफै वा अधिकृत वारेसनामा सहितको व्यक्ति उपस्थित हुनुपर्नेछ ।
२) सिलबन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले १५ औं दिन भित्र की.न.पा. कार्यालयमा कार्यालय समय भित्र खरीद गरी १६ औं दिन, दिनको १२:०० बजे भित्र दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिन, दिनको ५:०० बजे कीर्तिपुर नगरपालिका कार्यालय निजको वारेसको उपस्थितिमा नगरपालिका कार्यालयमा खोलिनेछ । निजहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३) तोकिएको मितिमा विदा परेमा विदाको भोलिपल्ट (कार्यालय खुलेको दिन) बोलपत्र फाराम खरीद गर्ने, पेश गर्ने तथा खोल्ने कार्य हुनेछ ।
४) सिलबन्दी दरभाउपत्र दाखिला गर्दा आफूले कबुल गरेको दर अंक र अक्षरमा स्पष्ट लेखी खामको बाहिरपट्टी कामको नाम लेखी प्रष्ट बुझिने छाप लगाई सिलबन्दी गरी दाखिला गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।
५) सिलबन्दी दरभाउपपत्र साथ कबुल गरेको अंकको २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने धरौटी रकम यस नगरपालिकाको नाममा राष्ट्रिय बाणिज्य बैंक टेकुमा रहेको धरौटी खाता नं. १७००३०३००३००५मा जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तीमा ७५ दिन मान्य अवधि भएको बैङ्क जमानत (बैङ्क ग्यारेन्टी) संलग्न भएको हुनुपर्नेछ ।
६) दरभाउपपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ ।
७) दरभाउपत्र सम्वन्धी विस्तृत सूचना यस नगरपालिकाको सूचना पाटीमा टाँस गरिएको छ ।
८) दरभाउपत्र सम्बन्धी अन्य कुनै पनि कुरा बुझ्नुपरेमा विदाको दिन बाहेक कार्यालय समयमा योजना शाखा/खरिद ईकाई वा फो.नं. ४३३२२०५ मा सम्पर्क राख्न सकिनेछ ।
९) दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस नगर कार्यपालिका कार्यालयमा सुरक्षित रहनेछ ।
१०) यसमा उल्लेख भए देखि बाहेकका कुराहरुको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | दरभाउपत्र खरीद मूल्य |
|---|---|---|---|---|
| १. | KRM 05 | कीर्तिपुर चक्रपथ सडक स्तरोन्नती | १५,५४,७००।- | १०००।- |
| २. | KRM 06 | नयाँबजार उकालो - चिठू - बाघभैरब सडक स्तरोन्नती | १५,५४,७००।- | १०००।- |
| ३. | KRM 07 | छुगाउँ - गाम्चा सडक स्तरोन्नती | ४,३१,८००।- | १०००।- |
| ४. | KRM 08 | अमृतनगर क्षेत्रका सडक स्तरोन्नती | ४,३२,१००।- | १०००।- |
| ५. | KRM 09 | ग:सी - अजिमा ख्यो सडक स्तरोन्नती | ८,६३,८००।- | १०००।- |
| ६. | KRM 10 | सागल सल्यानस्थान सडक स्तरोन्नती | ४,३१,९००।- | १०००।- |
| ७. | KRM 11 | जग्गा एकिकरण प्रथम क्षेत्रका सडक स्तरोन्नती | ५,६१,९००।- | १०००।- |
| ८. | KRM 12 | नगाउँ - कृष्ण सिने भिजन सडक स्तरोन्नती | ५,६१,९००।- | १०००।- |
| ९. | KRM 13 | पाँगा चिइखु - नगाउँ बालकुमारी सडक स्तरोन्नती | ६,४८,०००।- | १०००।- |
| १०. | KRM 14 | कीर्तिपुर रिङ्ग रोड - स्वीमिङ्पुल - सिता पेट्रोल पम्प सडक स्तरोन्नती | १५,११,०००।- | १०००।- |



# अर्थ

2018, FEB
Friday
2

ललितपुरको पाटन स्थानीय फिडरअन्तर्गत लुखुसी, च्यासल, मंगलबजार, इखालखु, धालाछे, सौगल, दुपाट, पिन्छे, पिलाछेँलगायतका स्थानमा संगठितरूपमा विद्युत् चोरी भइरहेको छ।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७९.८५ | ७८.८५ | ८१.३५ | ८०.३५ | ७७.३५ | ७९.८५ | ७९.६५ | ८९.२२ |
| बीरगंज | ७७.९५ | ७६.९५ | ७९.४४ | ७८.४५ | ७५.४५ | ७७.९४ | ७७.७५ | ८७.४२ |
| विराटनगर | ७८.४५ | ७७.४५ | ७९.९४ | ७८.९५ | ७५.९५ | ७८.४४ | ७८.२५ | ८८.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ८३ | ८० | ८३ | ८३ |
| सिमरा, बिरगंज, कलैया | ८१।४० | ७८।४० | ८१।४० | ८१।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८२।४० | ७९।४० | ८२।४० | ८२।४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ८३।९५ | ८०।९५ | ८३।९५ | ८३।९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ८२।१० | ७९।१० | ८२।१० | ८२।१० |
| पोखरा, स्याङ्जा | ८२।६० | ७९।६० | ८२।६० | ८२।६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ माघ १९, फेब्रुअरी २, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०२।१३ | १०२।७३ |
| युरो १ को रू. | १२७।०१ | १२७।७६ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४५।३८ | १४६।२३ |
| स्विस फ्रन्क १ को रू. | १०९।४८ | ११०।१२ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।६४ | ८२।१२ |
| क्यानाडियन डलर १ को रू. | ८२।८७ | ८३।३६ |
| सिङ्गापुर डलर १ को रू. | ७७।७५ | ७८।२० |
| जापानी यन १० को रू. | ९।३१ | ९।३६ |
| चिनियाँ युआन १ को रू. | १६।२२ | १६।३१ |
| साउदी अरब रियाल १ को रू. | २७।२३ | २७।३९ |
| कतारी रियाल १ को रू. | २८।०५ | २८।२१ |
| थाई भाट १ को रू. | ३।२६ | ३।२८ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।८१ | २७।९७ |
| मलसियन रिङ्गिट १ को रू. | २६।१८ | २६।३३ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५३ | ९।५८ |

#### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।९५ |
| डेनिस क्रानर १ का रू. | १७।०७ |
| हङकङ डलर १ का रू. | १३।०६ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# चोरी गर्न नछाडे ललितपुरमा विद्युत् कटौती

काठमाडौं, (नेस)

नेपाल विद्युत प्राधिकरणले विद्युत् चोरी नियन्त्रणमा सहयोग नगरे संगठित रूपमा विद्युत् चोरी भइरहेको ललितपुरका विभिन्न क्षेत्रमा विद्युत् कटौती (ब्ल्याक आउट) गर्ने जनाएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले वर्षौंदेखि सांगठितरूपमा विद्युत् चोरी भएको क्षेत्रका उपभोक्तालाई विद्युत् चोरी नगर्न र गरेको पाइएमा त्यसलाई हटाउन १५ दिनको समय दिइएको बताउनुभयो। घिसिङले भन्नुभयो-'राजधानीकै उपभोक्ता संगठित रूपमा विद्युत् चोरीमा संलग्न हुनु मुलककै लागि दुर्भाग्य र बेइज्जती हो। १५ दिनभित्रमा चोरी नियन्त्रणमा सहयोग नगरेमा हामी ब्ल्याक आउट गर्न बाध्य हुने छौं।'

ललितपुरको पाटन स्थानीय फिडरअन्तर्गत लुखुसी, च्यासल, मंगलबजार, इखालखु, धालाछे, सौगल, दुपाट, पिन्छे, पिलाछेँलगायतका स्थानमा संगठितरूपमा विद्युत् चोरी भइरहेको छ। गोदावरीतर्फ विद्युत् आपूर्ति हुने फिडरअन्तर्गत हरिसिद्धी, गुहीटोल, ठैव, बाडेगाउँ, लुभ जाने फिडरअन्तर्गत सानागाउँ, सिद्धिपुर, लुभुबजार, लाकुरी भञ्ज्याङमा विद्युत् अत्याधिक विद्युत् चोरी हुने क्षेत्र हुन्।

यसैगरी चापागाउँ जाने फिडरअन्तर्गत सुनाकोठी, ठेचो, लेले, चापागाउँलगायतका क्षेत्रका बासिन्दाले संगठितरूपमा विद्युत्चोरी गर्ने गरेको छन्। यी स्थानमा चोरी नियन्त्रण गर्न ब्ल्याक आउट गर्न लागिएको घिसिङको भनाइ छ।

ती क्षेत्रमा औसत विद्युत् चोरी ५० प्रतिशत छ। प्राधिकरणले चोरीका कारण यी स्थानबाट मात्रै वार्षिक करिब ५० करोड रुपियाँ राजस्व गुमाइरहेको छ। उपभोक्ताले जोखिमपूर्ण रूपमा विद्युत्को प्रयोग गरिरहेका छन्। यसरी प्रयोग गरिएको विद्युत् असुरक्षित हुने हुँदा ठूलो दुर्घटनासमेत हुने सम्भावना उत्तिकै रहेको प्राधिकरणले जनाएको छ।

विद्युत् वितरण लाइनबाट हुकिङ गर्ने, मिटर नराख्ने, राखेका मिटर उल्टो पार्ने, मिटरमा प्वाल पारी किला हालेर घुम्न नदिने, कर्मचारीलाई मिटर रिडिङ गर्न नदिनेलगायतका काम संगठितरूपमै भइरहेको प्राधिकरण लगनखेल वितरण केन्द्र प्रमुख वीरेन्द्र सिंहले बताउनुभयो। 'चोरीका यस्ता क्रियाकलाप नियन्त्रण गर्न स्थानीयबाट संगठित रूपमै हाम्रा कर्मचारीमाथि आक्रामण हुने गरेको छ।' सिंहले भन्नुभयो।

प्राधिकरणका अनुसार चोरी नियन्त्रणका लागि विद्युत् वितरणको नांगो तारको सट्टा माइन्सुलेटेड एबीसी केवल फेर्ने, सडक बत्ति मिलाउने, ट्रान्सफर्मर फेर्नेलगायतका काम भइरहेको छ। चोरी नियन्त्रणका लागि कार्यकारी निर्देशक घिसिङ आफैं अग्रसर भई ललितपुर महानगरपालिका मेयर चिरीबाबु महर्जन, प्रमुख जिल्ला अधिकारी महादेव पन्थ, प्रहरी प्रमुखसँग छलफलसमेत गरिरहनु भएको छ। ललितपुरलाई विद्युत् चोरीमुक्त जिल्ला बनाउन र चोरी नियन्त्रणमा प्राधिकरणलाई सहयोग गर्न घिसिङले छलफल तीव्र पार्नुभएको हो। 'चोरी नियन्त्रणका र प्रणाली सुधारका लागि हामीले कदम चालिएको छौं। स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र प्रशासनले पनि सहयोग गरिदिनु पर्यो।'- घिसिङको भनाइ छ।

प्राधिकरणले उपभोक्तालाई समेत विद्युत् चोरी नगर्न र गरिएको फेला पारेमा कानुनी कारबाही गरिने चेतावनी दिँदै पोस्टर टाँस्ने, माईकिङ लगायतका जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ। ललितपुरमा जस्तै भक्तपुर क्षेत्रमा पनि चोरी व्यापक रहेको र यस क्षेत्रमा पनि क्रमिकरूपमा चोरी नियन्त्रणका कार्यक्रम सञ्चालन गरिने घिसिङले जानकारी दिनुभयो।

गत असारसम्ममा प्राधिकरणको प्रणालीमा २२ दशमलव ९ प्रतिशत विद्युत् चुहावट छ। चालू आर्थिक वर्षमा यसलाई घटाएर २० प्रतिशतमा झार्ने प्राधिकरणको लक्ष्य छ। तीन वर्षभित्रमा प्रणालीमा रहेको चुहावटलाई १५ प्रतिशतमा झार्ने लक्ष्य रहेको प्राधिकरणले जनाएको छ।

## इन्धनको मूल्य बढ्यो

*काठमाडौं, (नेस)*

*नेपाल आयल निगमले इन्धनको फेरि मूल्य बढाएको छ। निगमले हवाई इन्धनमा प्रतिलिटर ५ रुपियाँ, पेट्रोलमा प्रतिलिटर १ रुपियाँ र मट्टितेल तथा डिजेलमा प्रतिलिटर २ रुपियाँ बढाएको हो। ग्यासको मूल्य भने यथावत रहेको निगमले जनाएको छ।*

*मूल्य वृद्धिपछि पेट्रोल १ सय ४ रुपियाँ प्रतिलिटर र डिजेल तथा मट्टितेल ८३ रुपियाँ प्रतिलिटर पुगेको छ। त्यसैगरी हवाई इन्धनको मूल्य ९५ रुपियाँ प्रतिलिटर पुगेको छ।*

*निगमले हरेक १५ दिनमा अन्तराष्ट्रिय बजार मूल्यअनुसार इन्धनको मूल्य समायोजन गर्दै आएको छ। बढेको इन्धनको मूल्य बिहीबार राती १२ बजेपछि लागू हुने निगमले जनाएको छ।*

*नयाँ मूल्य लागू भएपछि पनि निगमलाई पेट्रोलमा प्रतिलिटर २ रुपियाँ १ पैसा नाफा र डिजेलमा प्रतिलिटर ३ रुपियाँ ३७ पैसा घाटा रहेको छ।*

## पर्यटकसँग मनोमानी शुल्क असुली

हेटौंडा, (नेस)

मकवानपुरको पर्यटकीय क्षेत्रका रूपमा रहेको सीमभञ्याङका होटलले हिउँ परेको मौका छोपेर पर्यटकहरूलाई ठग्ने गरेको गुनासो आएपछि थाहा नगर पालिकाका मेयर लवशेर विष्टले सीमभञ्याङका होटलको अनुगमन तथा व्यवसायीको भेला गरी तत्काल मूल्यसूची राख्न निर्देशन दिनुभएको छ।

विष्टले मकवानपुरको सबैभन्दा ठूलो पर्यटकीय गन्तव्यका रूपमा रहेको सीमभञ्याङ क्षेत्रमा ठगी गर्ने तथा फोहोर खानेकुरा खुवाउने होटल सञ्चालकलाई कारबाही गर्ने तथा होटल बन्द गर्ने चेतावनी दिनुभयो।

## SHARE MARKET

1 FEBRUARY THURSDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 6191.00 | 345.00 | 343.00 | 344.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 837.00 | 393.00 | 387.00 | 392.00 | 1.00 |
| 3 | Arun Finance Limited | 810.00 | 154.00 | 150.00 | 153.00 | -3.00 |
| 4 | Arun Kabeli Power Ltd. | 461.00 | 343.00 | 331.00 | 335.00 | 0.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 4081.00 | 200.00 | 196.00 | 199.00 | 1.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1447.00 | 885.00 | 876.00 | 877.00 | -3.00 |
| 7 | Bank of Kathmandu Ltd. | 22218.00 | 399.00 | 391.00 | 393.00 | -1.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 720.00 | 189.00 | 183.00 | 183.00 | -3.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 150.00 | 159.00 | 156.00 | 156.00 | 0.00 |
| 10 | Bishal Bazar Company Limited | 550.00 | 2010.00 | 2000.00 | 2010.00 | 20.00 |
| 11 | Butwal Power Company Limited | 24376.00 | 632.00 | 604.00 | 611.00 | -6.00 |
| 12 | Central Finance Co. Ltd. | 1117.00 | 138.00 | 136.00 | 136.00 | -2.00 |
| 13 | Century Commercial Bank Ltd. | 21031.00 | 200.00 | 197.00 | 199.00 | 1.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 1746.00 | 1035.00 | 1027.00 | 1027.00 | 2.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 72.00 | 174.00 | 171.00 | 172.00 | 0.00 |
| 16 | Chilime Hydropower Company Limited | 6821.00 | 890.00 | 870.00 | 875.00 | -3.00 |
| 17 | Citizen Bank International Limited | 14026.00 | 276.00 | 273.00 | 273.00 | -2.00 |
| 18 | Citizen Investment Trust | 407.00 | 3499.00 | 3480.00 | 3499.00 | 19.00 |
| 19 | Civil Bank Ltd | 8424.00 | 179.00 | 177.00 | 179.00 | 0.00 |
| 20 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 760.00 | 843.00 | 830.00 | 830.00 | -7.00 |
| 21 | Deprosc Development Bank Limited | 280.00 | 865.00 | 855.00 | 855.00 | 5.00 |
| 22 | Deva Bikas Bank Limited | 8144.00 | 180.00 | 173.00 | 175.00 | 0.00 |
| 23 | Dibyashwori Hydropower Ltd. | 274.00 | 149.00 | 145.00 | 147.00 | 1.00 |
| 24 | Everest Bank Limited | 13391.00 | 865.00 | 855.00 | 863.00 | 1.00 |
| 25 | Everest Insurance Co. Ltd. | 829.00 | 1651.00 | 1618.00 | 1640.00 | -10.00 |
| 26 | Excel Development Bank Ltd. | 1737.00 | 379.00 | 350.00 | 365.00 | 10.00 |
| 27 | First Micro Finance Dev. Bank Ltd. | 4655.00 | 590.00 | 574.00 | 590.00 | 15.00 |
| 28 | Forward Com. Mic. Bittiya San. Ltd. | 584.00 | 3355.00 | 3300.00 | 3350.00 | 30.00 |
| 29 | Gandaki Bikas Bank Limited | 7446.00 | 240.00 | 230.00 | 234.00 | 4.00 |
| 30 | Garima Bikas Bank Limited | 5328.00 | 200.00 | 196.00 | 198.00 | 2.00 |
| 31 | Global IME Bank Limited | 14073.00 | 322.00 | 318.00 | 321.00 | 3.00 |
| 32 | Global IME Bank Ltd. Promoter Share | 5010.00 | 176.00 | 176.00 | 176.00 | 0.00 |
| 33 | Goodwill Finance Co. Ltd. | 518.00 | 151.00 | 148.00 | 151.00 | 2.00 |
| 34 | Green Development Bank Ltd. | 81.00 | 179.00 | 176.00 | 179.00 | 6.00 |
| 35 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 20.00 | 156.00 | 156.00 | 156.00 | 3.00 |
| 36 | Gurans Life Insurance Company Ltd. | 1302.00 | 935.00 | 930.00 | 935.00 | -5.00 |
| 37 | Gurkhas Finance Ltd. | 870.00 | 144.00 | 142.00 | 142.00 | -2.00 |
| 38 | Hamro Bikas Bank Ltd. | 400.00 | 166.00 | 165.00 | 166.00 | 3.00 |
| 39 | Himalayan Bank Limited | 1383.00 | 660.00 | 655.00 | 660.00 | 0.00 |
| 40 | Himalayan Distillery Limited | 60.00 | 1255.00 | 1253.00 | 1255.00 | 23.00 |
| 41 | Himalayan General Insurance Co. Ltd | 4367.00 | 485.00 | 477.00 | 483.00 | 5.00 |
| 42 | Himalayan Power Partner Ltd. | 800.00 | 376.00 | 369.00 | 375.00 | 5.00 |
| 43 | ICFC Finance Limited | 1700.00 | 209.00 | 205.00 | 206.00 | 0.00 |
| 44 | IME General Insurance Ltd. | 140.00 | 995.00 | 990.00 | 990.00 | 2.00 |
| 45 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 5978.00 | 169.00 | 162.00 | 168.00 | 4.00 |
| 46 | Janaki Finance Ltd. | 550.00 | 185.00 | 185.00 | 185.00 | 3.00 |
| 47 | Janata Bank Nepal Ltd. | 24295.00 | 185.00 | 182.00 | 183.00 | 0.00 |
| 48 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 188.00 | 2950.00 | 2920.00 | 2920.00 | -40.00 |
| 49 | Jebils Finance Ltd. | 500.00 | 130.00 | 127.00 | 127.00 | 1.00 |
| 50 | Jyoti Bikas Bank Limited | 1912.00 | 158.00 | 156.00 | 157.00 | 0.00 |
| 51 | Kabeli Bikas Bank Limited | 79.00 | 326.00 | 325.00 | 326.00 | -2.00 |
| 52 | Kailash Bikas Bank Ltd. | 3944.00 | 251.00 | 243.00 | 245.00 | -2.00 |
| 53 | Kalika Microcredit Dev. Bank Ltd. | 2541.00 | 1601.00 | 1587.00 | 1601.00 | 31.00 |
| 54 | Kamana Sewa Bikas Bank Limited | 4312.00 | 169.00 | 165.00 | 167.00 | 1.00 |
| 55 | Kanchan Development Bank Limited | 180.00 | 218.00 | 210.00 | 214.00 | 4.00 |
| 56 | Kankai Bikas Bank Ltd. | 1230.00 | 154.00 | 152.00 | 153.00 | 0.00 |
| 57 | Karnali Development Bank Limited | 20.00 | 128.00 | 128.00 | 128.00 | -2.00 |
| 58 | Khanikhola Hydropower Co. Ltd. | 936.00 | 150.00 | 145.00 | 148.00 | 2.00 |
| 59 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 145.00 | 1795.00 | 1763.00 | 1763.00 | 3.00 |
| 60 | Kumari Bank Limited | 81980.00 | 279.00 | 270.00 | 270.00 | 0.00 |
| 61 | Laxmi Bank Limited | 128577.00 | 279.00 | 256.00 | 279.00 | 12.00 |
| 62 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 302.00 | 1260.00 | 1230.00 | 1260.00 | 24.00 |
| 63 | Laxmi Value Fund-1 | 13000.00 | 11.25 | 11.20 | 11.25 | -0.06 |
| 64 | Life Insurance Co. Nepal | 924.00 | 1969.00 | 1925.00 | 1969.00 | 44.00 |
| 65 | Lumbini Bikas Bank Ltd. | 12941.00 | 168.00 | 164.00 | 165.00 | 1.00 |
| 66 | Lumbini General Insurance Co. Ltd. | 2292.00 | 595.00 | 585.00 | 590.00 | 0.00 |
| 67 | Machhapuchhre Bank Limited | 17426.00 | 269.00 | 260.00 | 266.00 | 2.00 |
| 68 | Mahalaxmi Bikas Bank Ltd. | 1722.00 | 190.00 | 188.00 | 188.00 | 0.00 |
| 69 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 56.00 | 797.00 | 785.00 | 794.00 | 2.00 |
| 70 | Mahuli Samudayik Laghubitta Sanstha Ltd. | 50.00 | 2900.00 | 2848.00 | 2848.00 | -22.00 |
| 71 | Manjushree Finance Ltd. | 3100.00 | 142.00 | 141.00 | 142.00 | -1.00 |
| 72 | Mero Microfinance Bittiya Sanstha Ltd. | 393.00 | 1340.00 | 1321.00 | 1325.00 | 24.00 |
| 73 | Miteri Development Bank Limited | 267.00 | 310.00 | 305.00 | 305.00 | -5.00 |
| 74 | Mithila LaghuBitta Bikas Bank Ltd. | 52.00 | 1002.00 | 1002.00 | 1002.00 | 19.00 |
| 75 | Muktinath Bikas Bank Ltd. | 4537.00 | 420.00 | 416.00 | 418.00 | -1.00 |
| 76 | Multipurpose Finance Company Limited | 10.00 | 332.00 | 332.00 | 332.00 | 6.00 |
| 77 | Nabil Balance Fund 1 | 19698.00 | 16.95 | 16.71 | 16.95 | 0.33 |
| 78 | Nabil Bank Limited | 12664.00 | 1098.00 | 1075.00 | 1090.00 | 20.00 |
| 79 | NABIL Bank Limited Promotor Share | 5231.00 | 864.00 | 852.00 | 853.00 | 1.00 |
| 80 | Nabil Equity Fund | 5552.00 | 10.00 | 9.87 | 9.95 | -0.01 |
| 81 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 335.00 | 2426.00 | 2375.00 | 2380.00 | -27.00 |
| 82 | National Hydro Power Company Limited | 8650.00 | 115.00 | 112.00 | 114.00 | 1.00 |
| 83 | National Life Insurance Co. Ltd. | 940.00 | 1550.00 | 1525.00 | 1525.00 | -5.00 |
| 84 | National Microfinance Bittiya Sanstha Ltd. | 487.00 | 2294.00 | 2255.00 | 2294.00 | 54.00 |
| 85 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 100.00 | 2342.00 | 2325.00 | 2325.00 | -15.00 |
| 86 | Neco Insurance Co. Ltd. | 3993.00 | 577.00 | 565.00 | 577.00 | 8.00 |
| 87 | Nepal Bangladesh Bank Limited | 9146.00 | 262.00 | 252.00 | 257.00 | 0.00 |
| 88 | Nepal Bank Limited | 117338.00 | 366.00 | 360.00 | 365.00 | 6.00 |
| 89 | Nepal Community Dev. Bank Ltd. | 1200.00 | 143.00 | 141.00 | 143.00 | 3.00 |
| 90 | Nepal Credit And Com. Bank Limited | 9311.00 | 332.00 | 322.00 | 327.00 | 2.00 |
| 91 | Nepal Doorsanchar Comapany Limited | 4890.00 | 770.00 | 760.00 | 770.00 | 10.00 |
| 92 | Nepal Grameen Bikas Bank Ltd. | 1965.00 | 669.00 | 652.00 | 657.00 | 4.00 |
| 93 | Nepal Hydro Developers Ltd. | 70.00 | 207.00 | 206.00 | 207.00 | -3.00 |
| 94 | Nepal Insurance Co. Ltd. | 30.00 | 1350.00 | 1324.00 | 1350.00 | -27.00 |
| 95 | Nepal Investment Bank Limited | 20450.00 | 671.00 | 666.00 | 669.00 | 3.00 |
| 96 | Nepal Investment Bank Ltd. Pro. Share | 19035.00 | 598.00 | 591.00 | 591.00 | 0.00 |
| 97 | Nepal Life Insurance Co. Ltd. | 12673.00 | 1807.00 | 1790.00 | 1795.00 | -5.00 |
| 98 | Nepal SBI Bank Limited | 6823.00 | 600.00 | 593.00 | 594.00 | 0.00 |
| 99 | Nerude Laghubita Bikas Bank Limited | 599.00 | 805.00 | 800.00 | 800.00 | 5.00 |
| 100 | Ngadi Group Power Ltd. | 355.00 | 237.00 | 230.00 | 237.00 | 10.00 |
| 101 | NIBL Samriddhi Fund 1 | 8889.00 | 11.97 | 11.74 | 11.97 | 0.46 |
| 102 | NIC Asia Bank Ltd. | 22342.00 | 350.00 | 341.00 | 347.00 | 3.00 |
| 103 | Nirdhan Utthan Bank Limited | 5625.00 | 1192.00 | 1175.00 | 1188.00 | -1.00 |
| 104 | NMB Microfinance Bittiya Sanstha Ltd. | 199.00 | 1820.00 | 1810.00 | 1815.00 | 2.00 |
| 105 | NMB Bank Limited | 19718.00 | 479.00 | 466.00 | 472.00 | -2.00 |
| 106 | NMB Hybrid Fund L-1 | 8738.00 | 10.00 | 10.00 | 10.00 | 0.00 |
| 107 | NMB Sulav Investment Fund-1 | 37500.00 | 13.26 | 13.00 | 13.00 | 0.00 |
| 108 | Om Development Bank Ltd. | 2171.00 | 230.00 | 225.00 | 230.00 | 5.00 |
| 109 | Oriental Hotels Limited | 10.00 | 670.00 | 670.00 | 670.00 | 3.00 |
| 110 | Pokhara Finance Ltd. | 660.00 | 165.00 | 162.00 | 162.00 | -3.00 |
| 111 | Prabhu Bank Limited | 11872.00 | 239.00 | 231.00 | 235.00 | 2.00 |
| 112 | Prabhu Insurance Ltd. | 1270.00 | 781.00 | 776.00 | 780.00 | 2.00 |
| 113 | Premier Insurance Co. Ltd. | 676.00 | 1300.00 | 1282.00 | 1299.00 | -16.00 |
| 114 | Prime Commercial Bank Ltd. | 8858.00 | 312.00 | 307.00 | 307.00 | -1.00 |
| 115 | Prime Life Insurance Company Limited | 678.00 | 1705.00 | 1700.00 | 1705.00 | 5.00 |
| 116 | ProgressiveFinance Limited | 140.00 | 220.00 | 205.00 | 220.00 | 19.00 |
| 117 | Prudential Insurance Co. Ltd. | 380.00 | 772.00 | 770.00 | 770.00 | -5.00 |
| 118 | Purnima Bikas Bank Ltd. | 537.00 | 209.00 | 206.00 | 206.00 | 1.00 |
| 119 | Rastriya Beema Company Limited | 215.00 | 13464.00 | 13200.00 | 13261.00 | 61.00 |
| 120 | Rastriya Beema Company Ltd Pro. Share | 150.00 | 13056.00 | 12800.00 | 12990.00 | 190.00 |
| 121 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 154.00 | 1568.00 | 1508.00 | 1560.00 | 81.00 |
| 122 | Reliance Finance Ltd. | 265.00 | 141.00 | 140.00 | 141.00 | 3.00 |
| 123 | Ridi Hydropower Dev. Company Ltd. | 1956.00 | 146.00 | 143.00 | 145.00 | 0.00 |
| 124 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 341.00 | 1121.00 | 1102.00 | 1102.00 | -13.00 |
| 125 | Rural Microfinance Dev. Centre Ltd. | 331.00 | 660.00 | 650.00 | 654.00 | 1.00 |
| 126 | Sagarmatha Insurance Co. Ltd. | 229.00 | 1405.00 | 1400.00 | 1405.00 | 4.00 |
| 127 | Sahayogi Bikas Bank Limited | 840.00 | 225.00 | 225.00 | 225.00 | 4.00 |
| 128 | Sana Kisan Bikas Bank Ltd | 876.00 | 1210.00 | 1177.00 | 1210.00 | 22.00 |
| 129 | Sanima Bank Limited | 43451.00 | 353.00 | 347.00 | 353.00 | 7.00 |
| 130 | Sanima Mai Hydropower Ltd. | 68278.00 | 421.00 | 416.00 | 419.00 | -1.00 |
| 131 | Saptakoshi Development Bank Ltd. | 2090.00 | 139.00 | 137.00 | 139.00 | 0.00 |
| 132 | Shangrila Development Bank Ltd. | 2512.00 | 191.00 | 186.00 | 191.00 | 3.00 |
| 133 | Shikhar Insurance Co. Ltd. | 746.00 | 1179.00 | 1171.00 | 1179.00 | 5.00 |
| 134 | Shine Resunga Development Bank Ltd. | 149.00 | 291.00 | 291.00 | 291.00 | 0.00 |
| 135 | Shree Investment Finance Co. Ltd. | 810.00 | 243.00 | 235.00 | 243.00 | 0.00 |
| 136 | Siddhartha Bank Limited | 34331.00 | 378.00 | 370.00 | 370.00 | -8.00 |
| 137 | Siddhartha Equity Fund | 8300.00 | 10.09 | 9.96 | 9.96 | -0.13 |
| 138 | Siddhartha Equity Orineted Scheme | 63978.00 | 12.20 | 12.00 | 12.20 | 0.14 |
| 139 | Siddhartha Insurance Ltd. | 730.00 | 985.00 | 975.00 | 980.00 | 3.00 |
| 140 | Sindhu Bikash Bank Ltd | 1454.00 | 156.00 | 156.00 | 156.00 | 2.00 |
| 141 | Soaltee Hotel Limited | 3950.00 | 276.00 | 272.00 | 276.00 | 1.00 |
| 142 | Standard Chartered Bank Limited | 5301.00 | 1004.00 | 988.00 | 995.00 | 5.00 |

Total Amount Rs. 417,098,643 Total Quantity 1,156,360 Total No of Transactions 4,156

## PRESS RELEASE

### बीओकेको दुई नयाँ शाखा खुल्यो



काठमाडौं, (नेस)

बैंक अफ काठमाण्डूको दुई नयाँ शाखा खुलेको छ। बैंकको ७८औं शाखा लम्जुङको सुन्दरबजार र ७९औं शाखा झापा बुधबारेमा खुलेको हो।

सुन्दरबजार शाखा बैंकका सञ्चालक मदनलाल जोशी, सुन्दरबजारका मेयर जनकराज मिश्र तथा लमजुङ चेम्बर अफ कमर्शका अध्यक्ष राजेश थापाद्वारा उद्घाटन गरिएको हो। त्यस्तैगरी बुधबारे शाखा बैंकका सञ्चालक सञ्जयबहादुर शाह, बुद्धशान्ति गाउँपालिकाका प्रमुख रमेश भुजेल तथा उद्योग वाणिज्य संघ बुधबारेका अध्यक्ष रुद्र चापागाईद्वारा गरिएको थियो।

आर्थिक वर्ष २०७४/७५ को दोस्रो त्रैमासिकको अन्त्यसम्म बैंकले कुल निक्षेप ७० दशमलव ४३ अर्ब परिचालन गरी कुल कर्जा ६४ दशमलव ६६ अर्ब प्रवाह गरेको छ। हाल बैंकले ७९ शाखा, ६७ एटीएम, ८ वटा एक्टेन्सन काउन्टर तथा १७ शाखारहित केन्द्रबाट आफ्नो ग्राहकलाई सम्पूर्ण बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

### सिजीले नयाँ स्मार्ट फोन ल्यायो

काठमाडौं, (नेस)




चौधरी ग्रुपले फ्ल्यागसिप डिभाइस मेजु प्रो सेभेन सार्वजनिक गरेको छ। मेजु प्रो सेभेनका साथमा कम्पनीले नेपाली बजारमा एम सिक्स तथा एम फाइभ एस पनि सार्वजनिक गरेको छ। चौधरी ग्रुपले नेपाली उपभोक्तालाई विश्वसनिय तथा भरपर्दो सुविधादिनकालागियी स्मार्टफोन उपलब्ध गराएको जनाएको छ।

मोबाइल डिभाइस सार्वजनिक कार्यक्रमलाई सम्बोधन गर्दै, चौधरी ग्रुपका मोबाइल डिभिजन विजनेस युनिट हेड रमेश श्रेष्ठले भन्नुभयो-'यी स्मार्टफोनहरू एकीकृत आकर्षक डिजाइन र उच्च क्षमतावान हार्डवेयरका साथमा निर्माण गरिएका छन्। जसले युजर एक्सपेरियन्स प्रदान गर्छ र हामी विश्वस्त छौं। यी विशिष्ट उत्पादनले ग्राहकको उच्च अपेक्षालाई पूरा गर्नेछ तथा बजारमा यसलाई लोकप्रिय बनाउनेमा हाम्रो ध्यान केन्द्रित रहेको छ।'

प्रो सेभेन बजारमा कालो रङमा उपलब्ध छ। यो स्मार्टफोनको मूल्य ४७ हजार ४९९ रुपियाँ रहेको छ। मेजु एमफाइभएसको मूल्य १८ हजार ७९९ रुपियाँ रहेको छ।

त्यस्तै एम सिक्स स्मार्टफोनको मूल्य १८ हजार १९९ (१६ जीबी) र १९ हजार ४९९ रुपियाँ (३२ जीबी) रहेको छ।

### महाराजगन्जमा एनसीसी बैंकको शाखा



काठमाडौं, (नेस)

नेपाल राष्ट्र बैंकका बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले बिहीबार महाराजगन्जमा एनसीसी बैंकको शाखाको उद्घाटन गर्नुभएको छ।

उक्त अवसरमा पौडेलले सुगम क्षेत्रमा मात्र बैंक सीमित नभई सरकार र नेपाल राष्ट्र बैंकले तोकेका ग्रामीण क्षेत्रमा रहेका स्थानीय निकायमा शाखा खोली द्रुत सेवा उपलब्ध गराउन बढी अग्रसर हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

त्यस्तै काठमाडौं महानगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष दीपक केसीले एनसीसी बैंकसँग नजिक बसेर काम गर्न इच्छुक रहेको भन्दै वडा कार्यालयबाट बचत परिचालनका अवसर उपलब्ध गराउन तत्पर रहेको बताउनुभयो।

एनसीसी बैंक अध्यक्ष उपेन्द्रकेशरी न्यौपानेले महाराजगन्जमा बैंकिङ सेवा विस्तार गर्न स्थानीय प्रतिनिधिले सहयोगको प्रतिबद्धता व्यक्त गरेकोमा धन्यबाद ज्ञापन गर्दै बैंकको शाखाले उत्कृष्ट सेवा सुम्पिने प्रतिबद्धता व्यक्त गर्नुभयो।

बैंकका प्रमुख कार्यकारी अधिकृत रमेशराज अर्यालले महाराजगन्ज क्षेत्रको बचत सोही क्षेत्रमा परिचालन गरी यहाँ अवस्थित उद्योग, व्यापार र व्यवसाय प्रवर्द्धनमा बैंक सहायक हुने भन्दै राष्ट्र बैंकले तोकेका १६ वटा ग्रामीण स्थानीय निकायमा शाखा विस्तार गर्न लागेको अवगत गराउनुभयो।

### एनएमबीको डिलाइट सेभिङ एकाउन्ट

काठमाडौं, (नेस)

NMB Delight Savings Account

एनएमबी बैंकले बचतकर्ताको सुविधालाई ध्यानमा राख्दै विशेष सुविधा भएको एनएमबी डिलाइट सेभिङ एकाउन्ट ल्याएको छ।

यसको मुख्य विशेषता भनेकै डिलाइट सेभिङ एकाउन्टको एटीएम कार्डले देशभरका कुनै पनि वित्तीय संस्थाको एटीएमबाट पैसा झिक्दा कुनै पनि अतिरिक्त शुल्क नलाग्ने रहेको छ।

नि:शुल्क मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ तथा आकर्षक ब्याजदर उक्त उक्त एकाउन्टको अन्य विशेषत रहेको बैंकले जनाएको छ। एनएमबि बैंकको ९४ वटा शाखा, ४ वटा एक्सटेन्सन काउन्टर र ८७ वटा एटीएमबाट सेवा प्रदान गर्दै आएको छ।

### ज्योति विकास बैंकको ठमेलमा शाखा

काठमाडौं, (नेस)

ज्योति विकास बैंकले ठमेलमा नयाँ शाखा स्थापना भएको छ।

बैंकले निकट भविष्यमा १० वटा नयाँ शाखा सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ। हाल बैंकले ५० वटा शाखा एवम् १४ वटा एटीएममार्फत्

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank

सेवा उपलब्ध गराउँदै आएको छ। बैंकले १३ अर्ब ४५ करोड निक्षेप संकलन गरी १२ अर्ब ४३ करोड रुपियाँ ऋण लगानी गरेको तथा बैंकले हालै जारी गरेको बोनस शेयरसमेत गरी कुल चुक्ता पुँजी २ अर्ब ५९ करोड रुपियाँ पुऱ्याएको जनाएको छ।

> सन् १९९२ को जुलाई र सेप्टेम्बर २ महिनाको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलतर्फ आइरहेका दुईवटा अन्तर्राष्ट्रिय विमान दुर्घटना भएपछि त्रिभुवन विमानस्थलमा राडार राख्ने काम गरिएको थियो। त्यसको ५ वर्षपछि जापानको सहयोगमा सन् १९९७ मा पहिलोपटक नेपालमा राडार जडान गरिएको थियो।



# ‘अटोमोबाइलको बजार ४० प्रतिशतले बिस्तार’



**दीपक मल्होत्रा**
अध्यक्ष, आईएमएस ग्रुप

*नेपाली बजारमा मोबाइलको व्यापारमा सक्रिय रहेको आईएमएस ग्रुप कोरियाली ब्रान्डको स्याङ्योङ गाडीका लागि नेपालको आधिकारिक बिक्रेता पनि हो। करिब डेढ वर्ष अगाडिदेखि यस ग्रुपले उक्त गाडी नेपाली बजारमा बिक्री गर्दै आएको छ। पछिल्लो समयमा नेपालमा अटोमोबाइलको व्यापार, स्याङ्योङ गाडीको बजार र उपभोक्ताको मागलगायतका विषयमा नेपाल समाचारपत्रले आईएमएस ग्रुपका अध्यक्ष दीपक मल्होत्रासँग गरिएको कुराकानी :*

**नेपाली बजारमा अटोमोबाइल बजार कुन गतिमा अगाडि बढिरहेको छ ?**

अटोमोबाइल बजार निश्चित रूपमा तीव्र गतिमा वृद्धि भइरहेको छ। यस क्षेत्रमा वार्षिकरूपले औसतमा ३०-४० प्रतिशतको हाराहारीमा विस्तार भइरहेको पाइन्छ। यसको लागि विभिन्न कारण जिम्मेवार रहेका छन्। तीव्र शहरीकरण, बढ्दो क्रयशक्ति, सरल गाडी कर्जा जस्ता कारणले बढीभन्दा बढी नेपाली जनता कार, मोटरसाइकल जस्ता सवारी साधन किनिरहेको पाइन्छ। त्यस्तै सार्वजनिक यातायातको दयनीय स्थिति एवम् गाडी खरिद गर्नुलाई सामाजिक प्रतिष्ठासँग जोडेर हेरिने परिपाटीले गर्दा पनि नेपालमा सवारी साधनको बिक्री बढ्दै गएको छ।

**अटोमोबाइल बजारले सामाना गरिरहेको प्रमुख चुनौतीहरू चाहिँ के-के हुन्?**

यो बजार विभिन्न समस्याबाट ग्रसित छ। त्यसमध्ये सबैभन्दा ठूलो चुनौती भनेको आवश्यक पूर्वाधारको अभाव नै हो। नेपालमा जुन रूपमा सवारी साधन बिक्री भइरहेको छ। त्यस अनुरूप सडकको निर्माण भइरहेको छैन। मुलकमा २५ लाखको संख्यामा सवारी साधन दर्ता भइसकेका छन्।

उक्त सवारी साधनमध्ये ५० प्रतिशतभन्दा बढी काठमाडौं उपत्यकामा मात्र केन्द्रित छ। तर, दुभाग्यपूर्ण कुरा के छ भने सवारी साधनको बिक्री अनुरूप देशमा बाटोको निर्माण हुन सकिरहेको छैन। विभिन्न सडक विस्तार आयोजना निकै सुस्तगतिमा अगाडि बढिरहेको छ। कुनै पनि महानगरको शहरी विकासको लागि १५ देखि २५ प्रतिशत उक्त महानगरको एरियामा सडक बन्नुपर्ने अन्तर्राष्ट्रिय चलन रहेको छ। तर, दुर्भाग्यबस देशको राजधानीमा जम्मा ७ देखि ८ प्रतिशत एरिया मात्र सडक बनेको अवस्था छ। यसले गर्दा राजधानीका सडकमा हरेक दिन ट्राफिक जामको समस्या झेल्नु परेको कुरा सर्वविदितै छ। अझै पनि काठमाडौंमा फ्लाई ओभर, अन्डरपास जस्ता महत्त्वपूर्ण यातायातसम्बन्धी संरचना बन्न सकिरहेका छैनन्। यसले गर्दा काठमाडौंको यातायात व्यवस्था पूर्ण रूपमा अव्यवस्थित भएको छ।

**देशको सडक पूर्वाधारलाई सबल एवम् प्रभावकारी बनाउन के कस्ता कदम चालिनुपर्छ ?**

सरकारले वार्षिकरूपमा १० अर्बभन्दा बढी राजश्व सवारी साधनको आयात र बिक्रीबाट उठाउँछ। यस रकमलाई सडक पूर्वाधारको विकासको लागि बुद्धिमतापूर्ण ढंगले लगानी गर्नुपर्छ। सवारी साधनको समुचित व्यवस्थापनको लागि फ्लाई ओभर, अन्डरपास, इलेभेटेडरोडस्, मास ट्रान्जिट, मल्टी स्टोर पार्किङ निर्माण नितान्त आवश्यकता हो।

यसैगरी सरकारले केही निश्चित समयको लागि सवारी साधनको आयातमा नियन्त्रण पनि गर्नुपर्छ। उचित सडक पूर्वाधारको विकासबिना केवल सवारी साधनको आयात मात्र गर्ने प्रवृत्तिले भोलिको दिनमा देशको समग्र यातायात क्षेत्रलाई नै नकारात्मक प्रभाव पार्छ। त्यसैले यस्तो स्थिति आउन नदिन सरकारले सवारी साधनको आयातलाई केही समयसम्म निरुसाहित गर्ने संयन्त्र विकास गर्नुपर्छ।

**तपाईंको ग्रुपले विगत डेढ वर्षदेखि एसयुभी वर्गको स्याङ्योङ ब्रान्ड नेपाली बजारमा बिक्री गर्दै आएको छ, यस ब्रान्डबारे केही प्रकाश पार्नु हुन्छ कि ?**

स्याङ्योङ ब्रान्ड नेपालमा भित्रिएको १०-१२ वर्ष भए पनि हाम्रो ग्रुपले यसको आधिकारिक बिक्री आईएमएस मोर्टस्को नाममा गरेको डेढ वर्ष भएको छ। शुरूमा यस ब्रान्डको वार्षिक रूपमा ४-५ वटा गाडी बिक्री भए पनि करिब डेढ वर्षदेखि यसको बिक्रीमा उल्लेखनीय वृद्धि भएको छ। आईएमएस मोर्टस्ले यस अवधिमा करिब ७० वटा स्याङ्योङ ब्रान्ड बिक्री गर्न सफल भइसकेको छ। हाल हामीले यस ब्रान्डका टिभोली, कोरोन्डोलगायत ५ वटा मोडल बिक्री वितरण गरिरहेका छौं।

**स्याङ्योङ ब्रान्डमा उल्लेखनिय रूपमा बिक्री हुनुको कारण के होला ?**

करिब एक वर्ष अगाडि नेपाल राष्ट्र बैक तथा वित्तीय संस्थानलाई कुनै पनि नयाँ गाडीको कूल मूल्यको ५० प्रतिशतभन्दा बढी फाइनान्सिङ गर्न निषेध गर्ने निर्णय गऱ्यो। त्यस्तै ७-८ प्रतिशतको हारहारीमा रहेको गाडी कर्जाको ब्याजदर पनि त्यही समयमा १३ देखि १४ प्रतिशतले बढ्न गयो। यसले गर्दा देशको सम्पूर्ण अटोमोबाइल बजारमा गिरावट आएको थियो। तर, अहिले फेरि नयाँ गाडीलाई ६५ प्रतिशतसम्म फाइनान्सिङ गर्ने व्यवस्था हुनुका साथै गाडी कर्जाको ब्याजदर पनि घट्न गएको छ। यसले गर्दा सवारी साधनको बजारमा आएको गिरावट न्यूनीकरण हुन गई सवारी साधानको बिक्री बढिरहेको छ। यसै अनुरूप स्याङ्योङ ब्रान्डले पनि निरन्तर बजारमा आफ्नो हिस्सा विस्तार गर्न सफल भएको हो।

हामीले अहिले यस ब्रान्डको मार्केट भिजिबिलीटी बढाउनको लागि अत्यन्त कम नाफामा गाडीहरू बिक्री गरिरहेका छौं। अर्कोतर्फ स्याङ्योङ एसयुभी प्राविधिक हिसाबले उन्नत र बलियो भएकाले भौगोलिक रूपले जटिल नेपालको बाटो सुहाउँदो छ। यी यावत कारणले गर्दा यस ब्रान्डको बिक्रीमा निरन्तर वृद्धि भइरहेको छ।

**स्याङ्योङ ब्रान्डको छविलाई बजारमा अझ बढी सवल बनाउन कुनै योजना छन् ?**

सबैभन्दा पहिलो के बुझ्न जरुरी छ भने स्याङ्योङ कोरियाको अटोमोबाइल बजारमा नेतृत्वदायी भूमिका खेलिरहेको ब्रान्ड हो। त्यसैले हामीले ब्रान्डको क्वालिटी बेन्चमार्कलाई मध्यनजर गरेर नेपालमा यसको बिक्री वितरणलाई विस्तार गर्ने योजना बनाएका छौं। उदाहरणको लागि हामीले आगामी ६ महिनाभित्र काठमाडौंको गहनापोखरीमा प्राविधक रूपले उन्नत सर्भिस सेन्टरको स्थापना गर्दै छौं। करिब १३ करोडको लगानीमा स्थापना हुने यस सेन्टरमा जडित हुने उपकरण स्याङ्योङ ब्रान्डले तोकेको स्टान्डर अनुरूप हुनेछ।

त्यसैगरी हामीले हालसालै पोखरामा नयाँ शोरुम स्थापना गरेका छौं भने भविष्यमा मुलकका अन्य शहरजस्तै नारायणघाट, बुटवल, विराटनगर वीरगन्जलगायतमा पनि आफ्नो सञ्जाल विस्तार गर्ने रणनीति रहेको छ। यी कार्य पूरा भइसकेपछि हामीले स्याङ्योङ ब्रान्डको बजारलाई अझ बढी विस्तार गर्न आक्रमक मिडिया क्याम्पेन पनि संचालन गर्दैछौं।

> वार्षिकरूपमा १० अर्बभन्दा बढी राजश्व सवारी साधनको आयात र बिक्रीबाट उठ्छ। यो रकमलाई सडक पूर्वाधारको विकासको लागि लगानी गर्नुपर्छ। सवारी साधनको समुचित व्यवस्थापनको लागि फ्लाई ओभर, अन्डरपास, इलेभेटेडरोडस्, मास ट्रान्जिट, मल्टी स्टोर पार्किङ निर्माण आवश्यकता हो।




# दुई नयाँ राडार सञ्चालनमा

दीपेन्द्र थापा, काठमाडौं

हवाई उडानलाई थप व्यवस्थित र सुरक्षित बनाउने उद्देश्यले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल तथा ललितपुरको भट्टेडाँडामा दुईवटा नयाँ राडार सञ्चालनमा ल्याइएको छ। देशका अधिकांश आकाश समेट्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले नयाँ राडार जडान गरेको हो।

नयाँ राडर जडानपछि नेपालको उडान थप सुरक्षित हुने भएको प्राधिकरण भनाइ छ।

नयाँ राडारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल उडान अवतरण गर्न र नेपाली आकाशमा रहेको विमानको अवस्था जानकारी पाउन सहज हुने नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सञ्जिव गौतमले बताउनुभयो।

भट्टेडाँडामा जडित ‘मोनोपल्स सेकेन्डरी सर्भिलियन्स राडार मोड’ ले उडानलाई थप सुरक्षित बनाउन मद्दत गर्ने प्राधिकरणका उपमहानिर्देशक तथा प्रवक्ता वीरेन्द्र श्रेष्ठले जानकारी दिनुभयो। जापान सरकारको अन्तर्राष्ट्रिय नियोग जाइका एवम् प्राधिकरणको संयुक्त लगानी राडार सञ्चालनमा आएको हो। जाइकाको १ अर्ब रुपियाँको र प्राधिकरणको १२ करोड रुपियाँ लागतमा ती दुई राडार प्रयोगमा आएको हो। नयाँ राडारबाट पूर्वको सबै भूभाग र पश्चिममा सुर्खेतसम्मको विमानको दिशा गति, उचाई अवस्थितिलगायतको जानकारी पाउन सकिने प्राधिकरणको भनाइ छ।

राडार सञ्चालनमा आएपछि नेपालको कुल भूभागको करिब ७५ प्रतिशत क्षेत्र राडार कभरेजअन्तर्गत पर्ने प्राधिकरणका उपनिर्देशक तथा आयोजना प्रमुख सञ्जीवसिंह कठायतको बताउनुभयो।

कठायतले भन्नुभयो-‘भट्टेडाँडामा जडान गरिएको नयाँ इन रुट राडारबाट ४ सय ५० किलोमिटर (२ सय ५० नटिकल माइल)सम्मको जहाजको सम्पूर्ण जानकारी थाहा पाउन सकिन्छ। त्रिभुवन विमानस्थलको पुरानो राडारमार्फत् करिब ९० किलोमिटर (५० नटिकल माइल) परको जहाजको अवस्था थाहा पाउन सकिन्थ्यो।’

अब भने त्रिभुवन विमानस्थलमा सञ्चालनमा आएको टर्मिनल राडारमार्फत् (२ सय नोटिकल माइल) ३ सय ५० किलोमिटरसम्मको विमानको अवस्थिति थाहा पाउन सकिन्छ।

नयाँ राडार सञ्चालनमा आएपछि उडिरहेका जहाजबीचको दूरी घट्न जाने हुँदा सुरक्षाको दृष्टिले सुरक्षित र यसबाट हवाई उडान छिटोछरितो हुन्छ निर्देशक कठायतले दाबी गर्नुभयो। गत नोभेम्बरमा अमेरिकाबाट फेडरल एभिएसन एडिमनिस्ट्रेसनबाट आएको जहाजले ३ दिन लगाएर नयाँ राडारको फ्लाइट क्यालिब्रेसन गरी नयाँ राडारको चेकजाँच पूरा भएपछि सञ्चालनमा आएको प्राधिकरणले जनाएको छ।

नयाा राडार जडानसागै ५ देखि ९ किलोमिटरको अन्तरमा राखेर विमानले उडान अवतरण गर्न सक्नेछन्। पहिले २० देखि २८ किलोमिटर अन्तरको दूरी रहँदै आएको थियो। पहिले राडारमार्फत् उडानको अनुगमन सीमित भएकाले नेपाली आकाशभित्र उडिरहेका विमानको अवस्थिति थाहा पाउन कठिन हुने गरेको थियो।



# क्रिकेटको विवाद समाधान हुने विश्वास

नेपाल समाचारपत्र

काठमाडौं

नेपाली क्रिकेटको विवाद समाधान गर्न अन्तिम पटक नेपालमा आएका अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी)का उपाध्यक्ष इमरान ख्वाजाले छलफल सकारात्मक भएको बताएका छन्।

आईसीसीले बिहीबार जारी गरेको विज्ञप्तिमा नेपाली क्रिकेटको विवाद समाधान हुनेतिर अग्रसर भएको समेत जनायो। गत आइतबार र सोमबार आईसीसीका प्रतिनिधिले निर्वाचित नेपाल क्रिकेट संघ (क्यान), नेपाल क्रिकेट सल्लाहकार समूह र राष्ट्रिय खेलकुद परिषद् (राखेप)सँग छुट्टाछुट्टै छलफल गरेको थियो। सो छलफलपछि मंगलबार तीनै पक्षले क्रिकेटको विवाद समाधान हुन मिलन विन्दुमा पुगेको पत्रकार सम्मेलनमा जनाएका थिए।

आईसीसीको विज्ञप्तिमा उपाध्यक्ष ख्वाजाले उल्लेख गरेका छन्- 'नेपालमा भएको छलफलमा क्यानको संशोधित विधान स्वीकार गर्ने वातावरण बनेको छ। पहिले पठाइएको क्यानको संशोधित विधान आईसीसी र सल्लाहकार समूहलाई मान्यता थिएन। अब क्यानलाई निर्वाचन गराउन सीमित समयरेखा दिन्छौं। जसमा नयाँ विधान लागू गर्न र पुनर्गठन गर्न सक्ने अवस्था समावेश हुनेछन्।'

उनले थपे- 'सबै प्रक्रिया स्वतन्त्र समितिको निगरानीमा हुनेछ। त्यसपछि मात्र आगामी जुनमा हुने आईसीसीको साधारणसभामा व्यवधान हटाएर नेपाललाई पुन: आईसीसीको सदस्यमा राखिने अनुमति दिइनेछ।'

आईसीसीले अघिल्ला १२ महिना नेपालको सल्लाहकार समूहसँग छलफल गरिरहेको छ। सो समूहले जारी गरेको विधानमा राखेप र निर्वाचित क्यानले केही संशोधन गरेर विधान आईसीसीमा बुझाएको थियो। तर आईसीसीले त्यसलाई मान्यता दिएन र गत छलफलमा भने दुवै पक्षले आ-आफ्ना अडानबाट हटेपछि आईसीसीसँगको छलफल सकारात्मक भएको हो।

आईसीसीले क्यानलाई २०७३ वैशाखमा निलम्बन गरेको थियो। निलम्बन हुनुअगाडिकै स्थितिमा ल्याउन क्यान र राखेपमाथि जिम्मेवारी छ। उनीहरूले पनि विवादभन्दा पनि नेपाली क्रिकेटलाई फुकुवा गर्नतिर अहम् भूमिका खेल्ने बताएपछि आईसीसीको आगामी कदम सकारात्मक हुने विश्वास गरिएको छ।

पछिल्ला बैठकपछि सल्लाहकार समूहले बनाएको विधान पारित गर्न र निर्वाचनका लागि निगरानी समिति बनाउने सहमति भएको थियो। समितिमा ३ जना आईसीसीका सदस्य हुनेछन् भने निर्वाचित क्यान र राखेपका १-१ सदस्य रहनेछन्। आईसीसीले जारी गर्ने समयसीमा पछि विधानलाई निर्वाचित क्यानको साधारणसभाले पास गर्नेछ। निर्वाचन भइसकेका जिल्लालाई मान्यता दिने सहमति भएको थियो। ३९ मध्य बाँकी दुई जिल्ला भक्तपुर र ललितपुरमा निर्वाचन हुन सकेको छैन।

यही निर्वाचनलाई मान्यता दिने वा नदिने विषयमा भने निर्वाचित क्यान र सल्लाहकार समितिबीच एक मत हुन सकेको छैन। यसै विषयमा *नेपाल समाचारपत्र*ले गरेको कुराकानीमा निर्वाचित क्यानका महासचिव अशोकनाथ प्याकुरेलले बताए- 'चुनाव भइसकेको विषयमा मान्यता दिनेमा केही विवाद रहेको छ। केहीले असहमति जनाएका छन्। तर आईसीसी पनि यसैलाई मान्यता दिने कि भन्नेतिर लागेको छ। हामीले १७ प्रतिनिधिको मागबाट हटिसके। हामीले नेपाली क्रिकेट फुकुवा नै गर्नेतिर लागेका छौं। यसैले पनि आईसीसीले आगामी जुनमा नेपालको निलम्बन हटेको निर्णय लिन्छ भन्ने हाम्रो आशा छ।'

# युवा टोली पुलिस आहाको फाइनलमा



धन बस्नेत, पोखरा

नेपाल पुलिस क्लब आहा रारा गोल्डकप उपाधिका लागि रुस्लान थ्री स्टारसित भिड्ने पक्का गर्दा इतिहास कोर्ने सपना पूर्वेली टोली धरान फुटबल क्लबको सेमिफाइनलबाट टुंगिएको छ।

बिहीबार भएको सेमिफाइनल खेलमा २२औं मिनेटमा पाएको पेनाल्टीलाई सुमन लामाले सदुपयोग गरे। यही एक गोलको बलले पुलिसले झापालाई पन्छाउन पर्याप्त भएको थियो। रोमन लिम्बुले डिबक्सभित्र जोगाउँदै पुलिसलाई फाइनलको यात्रा तय गराउने भूमिका निर्वाह गरिरहे। खेलको ३५औं मिनेटमा डिफेन्ससमेत विट भइसकेको अवस्थामा पुलिसका गोलकिपरले क्लियर गर्न खोजेको बल धरानका निशान लिम्बुसँग रिफ्लेक्ट हुँदै पोस्ट नजिकैबाट बाहिरियो। कर्नरको अवसर पाएको धरानले सदुपयोग गर्न सकेन।

२९औं मिनेटमा वर्तमान राईले हानेको बललाई पुलिसका गोलकिपरले पन्च गरेर बिफल तुल्याए। ४१औं मिनेटमा मनोज राईको






रवि पासवानलाई तानेर लडाएपछि रेफ्री सुदेश पाण्डेले पहेलो कार्ड देखाउँदै पेनाल्टीको मौका दिइयो। पेनाल्टी दिएसँगै धरानले रेफ्रीको निर्णयलाई अस्वीकार गर्दै खेल मैदानबाहिर निस्कने तयारी गऱ्यो। तर प्रशिक्षक अर्जुन राईले खेल्ने निर्देशन दिएपछि केही मिनेटको अवरुद्धपछि पुन: शुरू गरिएको थियो।

धरानले पोखराको मैदानमा आफूलाई पुलिसभन्दा अब्बल देखाउन निकै मेहनत गऱ्यो। यद्यपि गोल भने निस्किएन्। एकपछि अर्को मुभ बनाएको धराने प्रयासलाई हरेक पटक पुलिसका डिफेन्सले लङ थ्रो बललाई वर्तमानले डिबक्सभित्रबाट हाने पनि डिफेन्सको खुट्टामा लागेर फर्किएको थियो। पुलिसले भने ११औं मिनेटमा अभिषेक रिजालको प्रहार पन्च सेभ गरेको थियो। ३५ यार्ड टाढाबाट प्रहार बल सीधै पोस्टको दिशातर्फ गएको थियो। तर गोलकिपरले बचाउ गरेका थिए। ७८औं मिनेटमा सुशान लामाले हानेको बललाई पनि गोलकिपरले पन्च गरे। ८५औं मिनेटमा भोला सिलवालले डिबक्सभित्र उपलब्ध गराइदिएको सटपासलाई तेज तामाङले गरेको प्रहार पनि गुम्यो। पुलिसका गोलकिपर शत्रुघन चौधरी म्यान अफ दि म्याचबाट घोषित भएका थिए।

## धरहरा

### धोकाचाहिँ नहोस्



संविधान जारी हुँदा 'संविधान जारी गरेको थाहा हुन आएको छ' भन्ने सन्देश सम्प्रेषण गरेर असन्तुष्टि व्यक्त गरेको दक्षिणतर्फको छिमेकी त्यतिमा मात्र सीमित भएन। मुलुकमाथि अघोषित नाकाबन्दीसमेत लगायो। त्यति मात्रै कहाँ हो र, संविधानमा मधेसका मुद्दा समेट्न पटक-पटक दबाब दिएर ठूल्दाईको व्यवहार गरेको जग जाहेर छ।

नाकाबन्दीको चोट निकै गहिरो भएछ क्यार अहिलेसम्म मेटिन सकेको छैन। त्यस्तो बेलामा छिमेकमा परेको दु:ख थाह नपाएझैं गर्न उत्तरतर्फको छिमेकीलाई मन लागेन। दु:खमा साथ दिन र मलहमपट्टी लगाउन तयार भयो, आंशिक रूपमा भए पनि औषधीमूलो पठायो। यता घाइतेका टोली नेताले पनि उत्तरतर्फ नै साइनो सम्बन्ध विस्तार गर्न चाहे। उतै गएर केही सम्बन्ध गाँसेर फर्किए।

त्यस्तो गतिविधि नजिकबाट नियालेको दक्षिणी छिमेकी केही समय मौन रह्यो। तर धेरैपछि उसले अहिले मौनता तोड्न थालेको छ। विगतका कुरा बिर्सिएर नयाँ सम्बन्ध गास्न ओली थरका अगुवालाई मोदी थरका छिमेकीले निरन्तर आग्रह गरिरहेका छन्। अब हुनेवाला मुलुकका ओली थरका नायकले उत्तरतर्फ धेरै माया प्रेम नगाँसून् भन्ने दक्षिणको चाहना देखिन्छ।

त्यस्तै मूल आशयका साथ दक्षिणले अहिले आफ्ना विशेषदूत नै काठमाडौं पठाएको छ। धरहरा चाहन्छ, सम्बन्ध सुध्रिन्छ भने त राम्रै कुरा हो। तर मुलुकका हुनेवाला नायकलाई अनेकौ प्रशंसाका शब्द खर्चिएर आगामी दिनमा चटक्कै धोकाचाहिँ दिन हुन्न है!

# सदीना र सरोजको ग्रेजुएसन



काठमाडौं, (नेस)

नेपाली महिला राष्ट्रिय बास्केटबल टोलीकी कप्तान कप्तान सदिना श्रेष्ठ र विराटनगर बास्केटबल एकेडेमीका सरोज लम्सालले जर्मनीको लेप्जिग विश्वविद्यालयबाट आईटीके कोर्समा ग्रेजुएसन गरेका छन्।

सदिनाले बास्केटबलको अन्तर्राष्ट्रिय कोर्स गरेकी हुन् भने सरोजले स्पोर्ट्स म्यानेजमेन्ट कोर्समा ग्रेजुएसन गरेको राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष तथा नेपाल बास्केटबल संघका अध्यक्ष लामा टेन्डी शेर्पाले जनाएका छन्।

# ग्रिनल्यान्ड र स्वप्न वाटिका सेमिफाइनलमा

काठमाडौं, (नेस)

ग्रिनल्यान्ड र स्वप्न वाटिका दोस्रो भानुभक्त विन्टर कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको गर्ल्समा बिहीबार सेमिफाइनलमा प्रवेश गरेका छन्। ग्रिनल्यान्डले स्किब्सलाई ३५-२२ ले पराजित गऱ्यो भने स्वप्न वाटिकाले सिद्धार्थ वनस्थलीलाई १७-१५ ले हरायो। त्यस्तै टीआईएले पाठशालालाई १२-५ तथा कान्तिपुर इंग्लिस एकेडेमीले महामञ्जुश्रीलाई २२-१७ पाखा लगाउँदै सेमिफाइनलमा स्थान सुरक्षित गऱ्यो।

भानुभक्त मेमोरियल स्कुलद्वारा आयोजित प्रतियोगिताको ब्वाइजमा महामञ्जुश्री, ज्ञान निकेतन, भ्याली पब्लिक र विल्सन एकेडेमी अन्तिम चारमा पुगे। महामञ्जुश्रीले टीआईएलाई ४८-४६, ज्ञान निकेतनले पाठशालालाई ४२-२४, भ्याली पब्लिकले सेबलाई ५९-३८ तथा विल्सनले एलआरआईलाई ६९-२२ ले पन्छाए।




भानुभक्त विन्टर कप बास्केटबलको गर्ल्समा ग्रिनल्यान्ड (कालो) र स्वप्न वाटिकाका खेलाडी भिड्दै।

# उपाधि होडमा एपीएफ र न्यु डायमन्ड

काठमाडौं, (नेस)

नेपाल एपीएफ क्लब र शिवम् न्यु डायमन्ड एकेडेमी जारी १३औं रेडबुल ढोरपाटन यूएम महिला डबल लिग भलिबल प्रतियोगितामा उपाधि होडमा उभिएका छन्। बिहीबार विभागीय टोली एपीएफले दुवै खेलमा आर्मीलाई ३-० को सोझो सेटमा हरायो। त्यस्तै न्यु डायमन्डले चितवनको मेघौली र पश्चिमाञ्चलको टप्स उच्च माविलाई पराजित गर्दै दोहोरो जित निकालेको थियो।

प्रतियोगिताको शीर्ष स्थानमा न्यु डायमन्ड नै रहेको छ। १६ खेल खेलेको न्यु डायमन्ड १५ खेलमा जित र एक खेलमा हार बेहोर्दै ४६ अंकको साथ लिगको शीर्ष स्थानमा रहेको हो। दोस्रो स्थानमा रहेको एपीएफले १४ खेल खेल्दै शतप्रतिशत जितको साथ ४१ अंक बनाउँदै लिगको दोस्रो स्थानमा रहेको छ। एपीएफले दुई खेल कम खेलेको छ।

प्रतियोगिताको चार विधामा उत्कुष्ट खेलाडीले यूएम पावर म्याक्स स्कुटर पाउने छन्। बेस्ट प्लेयर, राइजिङ प्लेयर, प्लेयर अफ दि इयर र प्लेयर अफ दि सिरिज बन्ने खेलाडीले स्कुटर पाउनेछन्। प्रतियोगिताका बेस्ट स्पाइकर, डिफेन्स, सेटर, सर्भिर, ब्लकर, उत्कुष्ट क्वीकर र उत्कुष्ट कोचले जनही ५ हजार पुरस्कार प्राप्त गर्नेछन्।

# नेफ–साइपाल फुटबल सोमबारदेखि

काठमाडौं, (नेस)

उत्तरभेगीय शैक्षिक मञ्च र साइपाल एकेडेमीको संयुक्त आयोजनामा दोस्रो नेफ-साइपाल यू-१६ फाइभ ए साइड उपत्यकाव्यापी छात्र फुटबल प्रतियोगिता सोमबारदेखि हुने भएको छ।

प्रतियोगितामा ७० विद्यालयको सहभागिता रहने नेफका अध्यक्ष नारायण रोकाले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। प्रतियोगिताबाट १६ उत्कृष्ट खेलाडी छनोट गरी मैत्रीपूर्ण खेल खेलाउन फिलिपिन्स लगिने अध्यक्ष रोकाले जानकारी दिए।

त्यस्तै १० उत्कृष्ट खेलाडीलाई साइपालमा प्लस टु अध्ययनका लागि ६० हजार बराबरीको छात्रवृत्ति प्रदान गरिनेछ। प्रतियोगिता नकआउट आधारमा हुनेछ। पहिलो संस्करणको उपाधि अनमोल ज्योतिले जितेको थियो।

# पश्चिमाञ्चल र मध्यमाञ्चल बाहिरिए

काठमाडौं, (नेस)

सुदूरपश्चिमाञ्चल, शान्तिदीप युवा क्लब र नमुनादीप युवा क्लब तेस्रो रामेछाप सिभिल भलीबल च्याम्पियनसीपमा समूह विजेता बन्दै क्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

यस्तै पूर्वाञ्चल, मध्यपश्चिमाञ्चल र हिमगंगा पनि समूहमा दोस्रो हुँदै अन्तिम आठमा पुगे। तर अन्तिम आठमा पुगिसकेका लोकतान्त्रिक खेलकुद संघ रामेछाप र मन्थली युनाइटेडबीच शीर्ष टोली बन्न शुक्रबार प्रतिस्पर्धा हुनेछ। रामेछाप जिल्ला खेलकुद विकास समितिको आयोजनामा जारी प्रतियोगिताको बिहीबार भएको खेलमा सुदूरपश्चिमाञ्चलसँग हारेर मध्यमाञ्चल र पूर्वाञ्चल प्रतियोगिताबाट बाहिरिए।

# सुजनलाई रजत

काठमाडौं, (नेस)

भारतको कोलकातामा सम्पन्न अन्तर्राष्ट्रिय ओयामा कप फुल कन्ट्याक्ट कराते प्रतियोगितामा नेपालका सुजन देउलाले पुरुष ६५ केजीमा रजत जितेका छन्। पुरुष १५ केजीमा सञ्जय राई, महिला खुला तौलसमूहमा मीना लामा र महिला ५५ केजीमा संगीता लामाले नेपाललाई कांस्य दिलाएको नेपाल सो-क्योकुसिन कराते संघका अध्यक्ष राजकुमार श्रेष्ठले जनाएका छन्। प्रतियोगिता माघ १३ र १४ गते भएको थियो।




*फिफा विश्वकपसँग कोकाकोलाकोसाथ पाएपछि विश्वकप ट्रफी टुर सन् २००६ देखि शुरु भयो। यस वर्ष विश्वकप ट्रफी टुर श्रीलंकाबाट प्रारम्भ हुँदै छ। सन् २०१४ मा नेपालमा ल्याइएको थियो।*

# जुनियर टेनिसमा ११ राष्ट्र सहभागी

काठमाडौं, (नेस)

अखिल नेपाल लनटेनिस संघको आयोजनामा नेपाल आईटीएफ जुनियर यू-१८ टेनिस प्रतियोगिता सोमबारदेखि हुने भएको छ।

प्रतियोगिताअन्तर्गत सर्किट-१ फेब्रुअरी ५ देखि १० तथा सर्किट-२ फ्रेब्रुअरी १२ देखि १७ तारिखसम्म सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा हुने लनटेनिस संघकी अध्यक्ष ज्योति राणाले जनाएकी छन्।

सर्किट-१ र २ मा समान ३२-३२ ब्वाइज/गर्ल्सको सहभागिता रहनेछ।

प्रतियोगितामा नेपालसहित जापान, भारत, थाइल्यान्ड, चीन, पोल्यान्ड, चाइनिज ताईपेई, क्यानाडा, लाओस, हङकङ र अमेरिका गरी ११ राष्ट्रको सहभागिता रहने बताइएको छ। ब्वाइज/गर्ल्स सिंगलस र डबलसमा प्रतिस्पर्धा हुनेछ।


सूचना

CG Entertainment Presents
LUX Kamana Awards

उत्कृष्टता, पारदर्शिता, निष्पक्षता

मंगलबार राजधानीमा सम्पन्न **सिजी इन्टरटेनमेन्टको प्रस्तुति लक्स कामना फिल्म अवार्ड्स् २०७४** समारोहअन्तर्गतका मनोरञ्जनात्मक सामग्रीको पूर्ण भिडियो फुटेज विभिन्न युट्युब च्यानल, अनलाइन तथा सामाजिक सञ्जालमा अपलोड र प्रसारण भएकाले ती सामग्री तत्काल हटाउन तथा अपलोड र प्रसारण नगर्न अनुरोध गरिन्छ। त्यस्ता भिडियो सामग्री विनाअनुमती २ मिनेटभन्दा बढी अपलोड र प्रसारण भएको पाइए कानुनबमोजिम कारवाही हुनेतर्फ पनि सचेत गराइन्छ।

कामना न्यूज पब्लिकेसन्स् प्रा. लि.

कामना प्लाजा, भिमसेनस्थान, कामठाडौं, फोन : ४२६११७९, फ्याक्स : ४२१८९९०


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ